# हुम्लामा प्रचलित गाउँ खाने कथाको
## अध्ययन

### शोधपत्र

### शोधकर्ता

केशव दत्त पाण्डेय
त्रिभुवन विश्वविधालय
नेपाली केन्द्रीय विभाग
रोल. नं. : ३२५
रजिष्टेसन नं.: ६-२-३२९-४००-२००१

२०७१

# शोध निर्देशकको मन्तव्य

**'हुम्लामा प्रचलित गाउँ खाने कथाको अध्ययन'** नामक शोधपत्र त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि यस केन्द्रीय क्याम्पसका छात्र श्री केशव दत्त पाण्डेयले मेरो निर्देशनमा तयार पार्नु भएको हो । सामग्री सङ्कलनका क्रममा सम्बन्धित क्षेत्रमा गई स्थलगत अध्ययन गरी अत्यन्त परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रबाट म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

शोध निर्देशक

.........................

प्रा.डा. जीवेन्द्र देव गिरी

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौं

मितिः– २०७१/ /

# त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय
# नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत विश्वविद्यालय क्याम्पसका छात्र केशव दत्त पाण्डेय ले त्रि.वि. नेपाली केन्द्रीय विभाग स्नातकोत्तर (एम.ए.) तहमा नेपाली विषयको दसौं पत्रको प्रयोजनका निम्ति तयार पार्नु भएको **हुम्ला जिल्लामा प्रचलित गाँउ खाने कथाको अध्ययन** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

१. **प्रा.डा. देवी प्रसाद गौतम**
**विभागीय प्रमुख** ..........................

२. **प्रा.डा. जीवेन्द्रदेव गिरी**
**शोध निर्देशक** ...............................

३. **प्रा.केशव सुवेदी**
**वाहृय परीक्षक** .............................

**मितिः २०७१**

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निम्ति आदरणीय गुरुवर प्राध्यापक श्री जीवेन्द्रदेव गिरीज्यूको निर्देशनमा तयार पारेको छु ।

लोकसाहित्यिक अध्ययन अन्तर्गत **हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथाको अध्ययन** शीर्षकमा शोधपत्र तयार पार्न अनुमति प्रदान गर्दै आवश्यक सहयोग गर्नुहुने नेपाली केन्दीय विभागका विभागीय प्रमुख प्रा. डा देवी प्रसाद गौतम प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यसकार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपले सहयोग पुऱ्याइदिने त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका समस्त गुरुजन तथा कर्मचारीहरू प्रति आभार प्रकट गर्न चाहन्छु । सामग्री सङ्कलन गर्ने कममा सहयोग गर्ने हुम्ला जिल्लाका बुद्धिजीवी, शिक्षाप्रेमी महानुभावप्रति पनि हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसै गरी शोधकार्यका निम्ति आवश्यक परिवेश र प्रेरणा प्रदान गरी मेरो शैक्षिक अवस्थालाई यहाँसम्म पुऱ्याउन प्रेरित गर्ने पूजनीय माता रत्नदेवी पाण्डेय, दाजु तारा दत्त पाण्डेय र मदन राज पाण्डेय लगायत सम्पूर्ण परिवारप्रति पनि कृतज्ञता व्यक्त गर्दछु । साथै टाइपमा सहयोग गर्नु हुने रमेश प्रसाद पाण्डेय, नगेन्द्र भट्ट तथा सुझाव दिई सहयौग गर्ने टंक प्रसाद भट्ट र लोक राज भट्ट लगायत अन्य सहयोगी सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**शैक्षिक वर्ष**
२०६७/२०६८

**शोधार्थी**
केशव दत्त पाण्डेय
नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं

# विषय सूची

| | पेज नं. |
|---|---|
| **पहिलो खण्ड** | |
| **शोध परिचय** | **१–९** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | ३ |
| १.३ अनुसन्धानको उद्देश्यहरु | ३ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ अध्ययनको औचित्य र महत्व | ८ |
| १.६ अनुसन्धानको सीमा | ८ |
| १.७ अध्ययनको विधि | ८ |
| १.८ शोधपत्रको रुपरेखा | ९ |
| **दोस्रो खण्ड** | |
| **हुम्ला जिल्लाको परिचय** | **१०–४९** |
| २.१ विषय प्रवेश | १० |
| २.२ नामकरण | १० |
| २.३ भौगोलिक अवस्था | ११ |
| २.३.१ सिमाना | १२ |
| २.३.२ हावापानी | १२ |
| २.३.३ नदीनाला | १३ |
| २.३.४ छहरा | १३ |
| २.३.५ ताल र कुण्डहरु | १३ |

२.३.६ तपनहरू १३
२.३.७ हिमशृङ्खला तथा भञ्ज्याङ १४
२.३.८ वन जङ्गल र जडीबुटीहरू १४
२.३.९ राजनीतिक विभाजन १४
२.४ आर्थिक अवस्था १५
२.४.१ व्यापार १५
२.४.२ यातायात,सञ्चार र विद्युत् १५
२.४.३ वित्तीय संस्थाहरू १६
२.४.४ कृषि १७
२.५ सामाजिक अवस्था १७
२.५.१ जनसङ्ख्या १८
२.५.२ जातजाति १८
२.५.३ धर्म १९
२.५.४ रहनसहन र बेशभूषा २०
२.५.५ धार्मिक ऐतिहासिक एवम् पर्यटकीय स्थलहरू २२
२.५.६ देवस्थल २२
२.५.७ सुरक्षा सेवा २३
२.६ संस्कार २३
२.६.१ जातकर्म २४
२.६.२ न्वारान २४
२.६.३ छैटी २४
२.६.४ अन्नप्रासन २५
२.६.५ चूडाकर्म २५
२.६.६ कर्णवेद २५
२.६.७ उपनयन २६

२.६.८ बिबाह २६

२.६.९ मृत्यु संस्कार २७

२.६.१० श्राद्ध तर्पण २७

२.७ चाडपर्वहरू २८

२.७.१ दसैं २८

२.७.२ तिहार २८

२.७.३ बैशाख सङ्क्रान्ति/तागा २९

२.७.४ माघे सङ्क्रान्ति २९

२.७.५ साउने सङ्क्रान्ति २९

२.७.६ बुद्ध पूर्णिमा/ल्होसार माने पर्व ३०

२.८ शैक्षिक अवस्था ३०

२.९ स्वास्थ्य सेवा ३२

२.१० भाषा ३३

२.११ हुम्ला जिल्लामा लोक साहित्यको स्थिति ३८

२.११.१ लोकगीत ३९

२.११.२ डेउडा ३९

२.११.३ पर्वगीत ४०

२.११.३.१ भैलो ४०

२.११.३.२ भुओ ४१

२.११.३.३ खोदाइ/चुटकिला ४२

२.११.३.४ चाच्ची ४२

२.११.३.५ मागल ४३

२.११.४ लोकगाथा ४४

२.११.५ लोककथा ४५

२.११.६ लोकोक्ति ४६

२.११.६.१ गाउँ खाने कथा ४६
२.११.६.२ उखान ४७
२.११.६.३ टुक्का ४७
२.१२ निष्कर्ष ४७

**तेस्रो खण्ड**

**हुम्लामा प्रचलित गाउँ खाने कथाको सङ्कलन ५०–७७**

**चौथो खण्ड**

**हुम्लामा प्रचलित गाउँ खाने कथाको वर्गीकरण ७८-९०**

४.१ विषयवस्तुको आधारमा वर्गीकरण ७८
४.१.१. घरेलु जीवन सम्बन्धी ७८
४.१.२ जीव सम्बन्धी ८०
४.१.३ शरीरका अङ्ग सम्बन्धी ८१
४.१.४ प्रकृति सम्बन्धी ८२
४.१.५ कृषि व्यवसाय सम्बन्धी ८३
४.१.६ उब्जनी सम्बन्धी ८४
४.१.७ कार्य व्यापार सम्बन्धी ८५
४.२ संरचनाका आधारमा वर्गीकरण ८६
४.२.१ एक वाक्यात्मक गाउँ खाने कथाहरु ८६
४.२.२ अनेक वाक्यात्मक गाउँ खाने कथाहरु ८७
४.२.३ गेयात्मक गाउँ खाने कथाहरु ८८
४.३ विशेषताका आधारमा वर्गीकरण ८८
४.३.१ सामान्य गाउँ खाने कथा ८९
४.३.२ अनुप्रासयुक्त गाउँ खाने कथा ८९
४.३.३ उपमामूलक गाउँ खाने कथा ८९

४.३.३ प्रश्नात्मक रूपमा गाउँ खाने कथा ९०

## पाँचौ खण्ड

**५. हुम्लामा प्रचलित गाउँ खाने कथाको विश्लेषण ९१-१०६**

५.१ कृषि कर्मका दृष्टिले विश्लेषण ९१

५.२ प्रकृति चित्रणका दृष्टिबाट विश्लेषण ९४

५.३ घरायसी वस्तुहरुका दृष्टिले विश्लेषण ९४

५.४ सांस्कृतिक-सामाजिक दृष्टिले विश्लेषण ९५

५.५ भाषिक दृष्टिले विश्लेषण ९९

५.६ मौलिकता दृष्टिले विश्लेषण १००

५.७ आर्थिक दृष्टिले विश्लेषण १०३

५.८ संरचनाका दृष्टिले विश्लेषण १०५

## छैटौं खण्ड

निष्कर्ष १०७ - १०८

परिशिष्ट १०९ - ११२

सन्दर्भसामग्री सूची ११३

# पहिलो खण्ड

## शोधपत्रको परिचय

### १.१ विषय परिचय

हुम्ला एक विकट हिमाली जिल्ला हो । यो मध्य पश्चिमाञ्चल विकास क्षेत्रको सुदूर उत्तरमा अवस्थित रहेको छ । यो पहिले कर्णालीको सिंजा राज्य अर्न्तगत शासित रहेको र पछि नेपालमा चौध अञ्चल पचहत्तर जिल्लाहरू निर्धारण हुँदा यसले पनि हुम्लाका नामले चिनिने मौका पाएको हो । यस जिल्लामा विभिन्न धार्मिक तथा पर्यटकीय ठाउँहरू रहेता पनि ती स्थानहरूको प्रचार प्रसार हुन सकिरहेको छैन । यातायातको अभाव तथा विकट जिल्ला भएकाले यहाँको जीवन सहज भने छैन । यहाँ विभिन्न भाषा-भाषी तथा बुद्ध धर्म र हिन्दु धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको छ । यहाँको समाजमा विभिन्न समुदाय बिच मेलमिलाप र सद्भाव रहेको छ । बिकट हिमाली जिल्ला भएको कारणले कयौं लोक साहित्यका पाटा अझै प्रकाशमा आउन सकेका छैनन् । मिहिन पाराले यस भेगको लोक साहित्यको अध्ययन गर्ने हो भने यहाँका कयौं लोक साहित्यका विधाहरूको श्रीवृद्धिमा सहयोग पुऱ्याउने नै छ ।

लोक साहित्यमा गाउँ खाने कथाको आफ्नै छुट्टै महत्त्व छ । यो एक मनोरञ्जनात्मक विधा हो यसको महत्त्व प्राचीन कालदेखि हालसम्म पनि कायम रहेको छ । हुम्ला जिल्लामा गाउँ खाने कथालाई ‘सिल्लक’ र ‘गौड्यासा’ गरी दुई प्रकारमा विभाजन गरिएको पाइन्छ । यस  जिल्लामा आकारमा छोटा गाउँ खाने कथालाई ‘सिल्लक’ र लयबद्ध रूपमा गाउन मिल्ने गाउँ खाने कथालाई ‘गौड्यासा’ भनेको पाइन्छ । यहाँ गाउँ खाने कथा दिउँसो भनेमा अन्धो भइन्छ भन्ने मान्यता रहेको छ । त्यसकारण राति मात्रै ‘सिल्लक’ भन्ने गरिन्छ । रातिमात्रै भन्नुपर्ने अर्को कारण दिउँसो काममा व्यस्त हुने र फुर्सद नहुने भएकाले पनि रातिको समयमा सबै मान्छे एकै ठाउँ बसेर समय पनि कटाउने तथा रमाइलो पनि हुने भएकाले राति भन्ने गरिएको पाइन्छ । ‘सिल्लक’ मा प्रश्न सोध्ने र उत्तर दिने भएकाले उत्तर कर्ताले उत्तर दिन नसकेमा कुनै गाउँ दिनुपर्ने

हुन्छ र प्रश्नकर्तावाट उत्तर लिनुपर्ने हुन्छ । यसले समय बिताउन, मनोरञ्जन गर्न र बुद्धि परिक्षण गर्नमा मद्दत पुर्‍याएको हुन्छ ।

हुम्ली समाजसँग जीवन्त जोडिएको मनोरञ्जनात्मक विधाका रूपमा गाउँ खाने कथालाई लिएको पाइन्छ । गाउँ खाने कथालाई मनोरञ्जनात्मक खेलको रूपमा लिइन्छ । प्रश्न उत्तरात्मक रूपमा प्रस्तुत गरिने गाउँ खाने कथा लामा, छोटा र मझौला किसिमका रहेका पाइन्छन् । कथात्मकताको छनक पाइने गाउँ खाने कथामा विषयबस्तु र प्रस्तुतिका हिसाबले भिन्न-भिन्न अवस्थाको चित्रण पाइन्छ ।
गाउँघरमा साना बाल बालिकादेखि बृद्धबृद्धासम्म सबैले आ-आफ्नै ढङ्गले खेलिने गाउँ खाने कथा मुलतः केटाकेटीहरूका लागि बढी मनोरञ्जक हुने गर्दछ । केटाकेटीहरूमा मनोरञ्जन गर्ने हेतुले यसको प्रयोग हुने गरेको भए पनि अनेक चाडपर्व, मेलापर्व, जन्ती आदि कार्यमा समय कटाउने तथा रमाइलो गर्ने हेतुले यसको प्रयोग भएको पाइन्छ । गाउँ समाजमा यसलाई अनुभव र प्रतिष्ठा तथा परिपक्कताको घोतकको रूपमा पनि लिएको पाइन्छ ।

भौगोलिक विकटता तथा यातायातको अभावका कारणले गर्दा लोक साहित्यका अध्येताहरू हुम्लेली समाजमा कमै पुगेका छन् । लोक साहित्यका क्षेत्रमा यस क्षेत्रमा गाउँ खाने कथाको अध्ययन प्रयाप्त मात्रामा हुन सकेको छैन् । गाउँ खाने कथा समाजको लोक परम्पराको दर्पण भए पनि यसको अध्ययन सम्पूर्ण रूपमा हुन सकेको छैन । गाउँ खाने कथाको अध्ययन, विश्लेषण, वर्गीकरण, र तत्वहरूको परिचय यस शोधपत्रमा गरिएको छ । यस शोधपत्रमा अध्ययनको क्षेत्र यहाँको भौगोलिक अवस्थिति, ऐतिहासिक परम्परा, सामाजिक अवस्थाको गहिराइमा पुगी गरिएको छ । सोधखोजमा स्थानीय स्तरमा गई स्थानीय भाषामा प्रचलित गाउँ खाने कथा सम्बन्धी सामग्री सङ्कलन गरिएको छ । नेपाली भाषाका हुम्ली उपभाषिकामा रहेका गाउँ खाने कथाहरूको यथासक्य सङ्कलन  गरिएको छ ।

## १.२ समस्या कथन

हुम्ला जिल्ला लोक साहित्यको दृष्टिले सम्पन्न छ । यहाँको जातिगत विविधता, धार्मिक विविधता र भौगोलिक विविधता जस्ता विशेषताहरूले युक्त यो ठाउँ प्रकृतिकै अनुपम सौन्दर्य र सम्भावना बोकेको ठाउँ हो । तर यस ठाउँमा रहेका लोक साहित्यको अध्ययन अझै हुन नसकेकाले यस अनुसन्धान कार्यमा अनुसन्धानका समस्याका रूपमा निम्न लिखित समस्याहरू प्रस्तुत गरिएको छ :

*क) हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथाहरू के कस्ता छन् ?*

*ख) यहाँ रहेका गाउँ खाने कथा कति प्रकारका छन् ?*

*ग) यहाँ रहेका गाउँ खाने कथाका विशेषताहरू के कस्ता छन् ?*

## १.३ अनुसन्धानको उद्देश्य

हुम्ला जिल्लामा रहेका गाउँ खाने कथाको पहिचान र अस्तित्व आफ्नै किसिमको रहेको छ । बिकट तथा आम सञ्चारको पहुँचभन्दा टाढा रहेको भूभाग भएको कारण यस क्षेत्रको लोक साहित्यको खासै अध्ययन भएको छैन । यहाँ लोक साहित्यको एउटा विधा गाउँ खाने कथाको अध्ययन गर्ने उद्देश्य राखिएको छ । यसका मुख्य उद्देश्य निम्नानुसार रहेको छ ।

*क) हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथाको सङ्कलन गर्ने।*

*ख) हुम्ला जिल्लामा रहेका गाउँ खाने कथाको वर्गीकरण गर्ने ।*

*ग) हुम्लामा प्रचलित गाउँ खाने कथाको विश्लेषण गर्ने ।*

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली लोक साहित्यका अध्येताहरूबाट राष्ट्रिय स्तरमा लेखिएका केही पुस्तकहरूमा तथा लेखहरूमा हुम्ला जिल्लामा प्रचलित केही गाउँ खाने कथाहरू सङ्कलित भए तापनि हुम्लामा मात्रै केन्द्रित भएर यहाँको गाउँ खाने कथामा अध्ययन भएको छैन । नेपाली गाउँ खाने कथाका निम्न लिखित अध्ययन प्रस्तुत अध्ययनसँग सम्बन्धित छन्:

- प्रदीप रिमालको काठमाडौबाट प्रकाशित कर्णाली लोक संस्कृति खण्ड ५, (२०२८) कर्णाली क्षेत्रमा प्रचलित १०३ वटा गाउँ खाने कथाहरू सङ्कलन गरी तिनको परिचय

समेत दिइएको छ । यसमा कर्णाली अञ्चलतिर गाउँ खाने कथालाई 'साइतर' अथवा 'सातर' भनिन्छ भनेर उल्लेख गरिएको छ ।

- कृष्णप्रसाद पराजुलीको **नेपाली उखान र गाउँ खाने कथा** (२०३९) नामक कृति नेपाली गाउँ खाने कथाको अध्ययन अनुसन्धानका क्षेत्रमा महत्त्वपूर्ण कृति मानिन्छ । त्यसमा नेपालभरिकै गाउँ खाने कथाको समग्र रूपमा परिचय, विशेषता, विश्लेषणात्मक वर्गीकरण एवम् वर्णानुक्रमिक सङ्कलन गरी प्रकाशित भएको पाइन्छ । यस अध्ययनमा केही गाउँ खाने कथाको चर्चा भए पनि हुम्ला जिल्लामा रहेका गाउँ खाने कथाहरूको चर्चा भएको पाइँदैन ।
- लोक साहित्यका अध्येता धर्मराज थापा र हंसपुरे सुवेदीको **नेपाली लोक साहित्यको विवेचना** (२०४१) नामक ग्रन्थ प्रकाशित भएको पाइन्छ । यस पुस्तकमा मेचीदेखि महाकालीसम्मका लोक साहित्यका विभिन्न विधाको वर्गीकरण र विवेचना गरिएको पाइन्छ, तापनि हुम्लेली गाउँ खाने कथाको छुट्टै अनुसन्धान भएको पाइँदैन ।
- शिवप्रसाद पौड्यालको **नेपाली गाउँ खाने कथा कोश** (२०६१) नामक पुस्तकमा नेपाली गाउँ खाने कथाको सविस्तार अध्ययन भएको छ तापनि जिल्लागत गाउँ खाने कथाहरूको अध्ययनको भने त्यसमा पनि अभाव नै छ । त्यसैले हुम्ला जिल्लामा प्रचलनमा रहेका गाउँ खाने कथाको प्रसङ्ग त्यसमा नउठ्नु स्वाभाविकै छ ।
- जीवेन्द्रदेव गिरीको **लोक साहित्यको अवलोकन** (२०५७) मा लोक साहित्यको सङ्क्षिप्त परिचय दिँदै खास गरी नेपालको कर्णाली र भेरी प्रदेशमा प्रचलित लोक नाटक, लोकगीत, लोक बालगीत, लोकगाथा र उखानका बारेमा अध्ययन गरीएको छ । 'लोक साहित्यको चिनारी' शीर्षकमा लोक साहित्यको परिभाषा, लोकवार्ता र लोक साहित्य तथा लोक साहित्यका विधाहरूका बारेमा प्रकाश पारिएको छ भने लोक साहित्यको विभिन्न विधाको चर्चा गर्ने सिलसिलामा लोककथा, लोकगीत, लोकपद्य, लोकगाथा, लोकनाट्य र लोकोक्तिलाई राखिएको छ । यहाँ गाउँ खाने कथालाई लोकोक्तिको तेस्रो प्रकारमा राख्दै गाउँ खाने कथाको परिचय दिइएको छ ।

छोटकरीमा गाउँ खाने कथाको सम्बन्ध वैदिक साहित्यसित भएको देखाउँदै र नेपाली गाउँ खाने कथाको कथन-पद्धतिको चिनारी दिइएको छ । गिरीका अनुसार कुनै कुरालाई रहस्य वा गर्भमा लुकाएर बौद्धिकताको चमत्कार देखाइने यो लोक साहित्यिक विधा अलङ्कार र प्रतीक प्रयोगका दृष्टिले विशेष महत्त्वपूर्ण छ.( गिरी,२०५७:३१)। यसमा सङ्कलित 'भेरी लोक साहित्यमा घाउटा' शीर्षकको एक अर्को लेखमा भेरी क्षेत्रमा प्रचलित घाउटाको परिचय दिइएको छ । घाउटालाई लेखक गिरीले लोकगीतको एउटा महत्त्वपूर्ण भेद मानेका छन् (गिरी,२०५७:७५) । गाउँ खाने कथाले झैँ अड्काउने र उत्तरको अपेक्षा गर्ने घाउटालाई एउटा प्रकारमा र अनौठो वर्णन र असम्भव कुराको सम्भव प्रस्तुतिद्वारा आश्चर्यको सृष्टि गर्नेलाई दोस्रो प्रकारको घाउटा मान्दै यहाँ १५/२० वटा घाउटाहरू उदाहरणमा दिइएका छन् (गिरी, २०५७:७५)। लेखको अन्तमा यहाँ आश्चर्य र हास्य उत्पन्न गर्ने यस्ता घाउटाहरूको अध्ययन र सङ्कलनको आवश्यकतालाई औँल्याइएको छ । घाउटा र गाउँ खाने कथा एउटै नभए पनि घाउटालाई गाउँ खाने कथाकै कवितात्मक रूप ( गीत्यात्मक रूप) का रूपमा राखेर अध्ययन गर्न सकिन्छ । यसरी प्रस्तुत ग्रन्थ गाउँ खाने कथा केन्द्री नभए पनि यसमा गाउँ खाने कथा र घाउटाका बारेमा समेत सङ्क्षेपमा चर्चा गरिएको छ । विभिन्न समय र सन्दर्भमा लेखिएका लेख र कार्यपत्रको सँगालोका रूपमा पुस्तकलाई भूमिकाबाट चिनाइए पनि यो पुस्तक नेपाली लोक साहित्यको उल्लेख्य ग्रन्थका रूपमा रहेको छ ।

- रत्नाकर देवकोटाको केन्द्रीय नेपाली भाषिकाका उखान र गाउँ खाने कथा २०५८ सालमा प्रकाशित छ । यस पुस्तकमा ८८ वटा केन्द्रीय नेपाली भाषिकाका गाउँ खाने कथा 'स्हाः (सा) इतर' प्रस्तुत गरिएको छ । कर्णाली भेगमा प्रचलित उखान र गाउँ खाने कथाको अध्ययन गर्ने क्रममा साइतरको परिचय दिइएको छ । उनले सङ्कलित गाउँ खाने कथाहरूलाई दश किसिमले वर्गीकरण गर्न सकिने उल्लेख गरे तापनि सङ्कलित गाउँ खाने कथालाई वर्गीकरण गरिएको छैन । देवकोटाले यसमा कर्णाली क्षेत्रका गाउँ खाने कथाको खोज-अनुसन्धानको सम्भावना देखाएका छन् ।

- चूडामणि बन्धुको **नेपाली लोक साहित्य** (२०५८) मा १७ वटा खण्ड रहेका छन्, जसमा नेपाली लोक साहित्यका विभिन्न विधाहरूको विस्तृत अध्ययन गरिएको छ । यसै क्रममा पन्ध्रौँ खण्डमा 'पहेली' शीर्षकमा नेपाली गाउँ खाने कथाको अध्ययन प्रस्तुत गरिएको छ । वस्तुतः बन्धुकै 'पहेली' (२०५४) लाई यहाँ स्थान दिएको देखिन्छ । प्रस्तुत ग्रन्थ नेपाली लोक साहित्यको अध्ययनका दृष्टिले जति महत्त्वपूर्ण छ, नेपाली गाउँ खाने कथाको अध्ययनका दृष्टिले पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको छ ।
- हुमकान्त पाण्डेको **हुम्लाको लोक साहित्य** (२०५८) मा हुम्ला जिल्लाको लोक साहित्यको चर्चा गर्ने क्रममा गाउँ खाने कथाको पनि चर्चा भएको पाइन्छ । शीर्षकलाई क्रमसङ्ख्या नदिइएको भए पनि यसमा मुख्य चारवटा शीर्षक रहेका छन्: हुम्ला जिल्लाको सङ्क्षिप्त परिचय, हुम्लामा पाइने केही विशिष्ट प्रचलनहरू, हुम्ली भाषिका र हुम्ली लोक साहित्य । यीमध्ये चौथो शीर्षक 'हुम्ली लोक साहित्यमा हुम्लाको लोक साहित्यको सामान्य परिचय दिइएको छ । हुम्ली लोक साहित्य मुख्य शीर्षक अन्तर्गत छैंठ, न्वार्नी, बिहेगीत, विहे प्रश्नोत्तरी, चाङ्ची, लोकगाथा, नेपाल-भोटको सवाई, हुम्लाका गाउँ खाने कथा, उखान, बालगीत, दमाईगीत, द्वारिपाल गीत, चैतेलो गाथा, बाह्रमासा गीत, हुम्ली पर्व र लोककथा शीर्षक-उपशीर्षक रहेका छन् । हुम्ली लोक साहित्य अन्तर्गत 'हुम्लाका गाउँ खाने कथा' एउटा उपशीर्षक रहेको छ । पाण्डेका अनुसार हुम्ली समाजमा गाउँ खाने कथालाई उधिन्ने सिल्लक भन्दछन् र फुर्सदका समयमा अन्यत्र जस्तै यस्ता कथा ( उधिन्ने सिल्लक) भन्ने र गाउँ लिनेदिने परम्परा प्रशस्त मात्रामा पाइन्छ (पाण्डे, २०५८:४४)। यसरी यहाँ गाउँ खाने कथाको सामान्य परिचय दिदै ३७ वटा गाउँ खाने कथा सङ्कलन गरीएको छ, तर तिनको सङ्कलन कुन पद्धतिबाट गरिएको हो भन्ने बारेमा प्रस्ट हुन सकिँदैन । गाउँ खाने कथाको सैद्धान्तिक विवेचना र विश्लेषणको यसमा अभाव छ । गाउँ खाने कथाकेन्द्री नभए पनि यसमा गाउँ खाने कथाका बारेमा चर्चा भएको  छ ।

- मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको लोकवार्ता विज्ञान र लोक साहित्य नामक कृति २०६३ सालमा प्रकाशित गरिएको छ । लोकवार्ता र लोक साहित्यको बारेमा सैद्धान्तिक विवेचना गरिएको यस पुस्तकमा लोकवार्ता-विज्ञान अन्तर्गत लोकवार्ता विज्ञान र लोक साहित्य शास्त्रको परिचय, परिभाषा, स्वरूप, विशेषता, प्रयोजन, महत्त्व, लोक साहित्यको अध्ययन-अनुसन्धानको प्रक्रिया पद्धति, विधागत वर्गीकरण, लोक साहित्यका अभिप्राय, अध्ययन-अनुसन्धान परम्परा, लोकगीत र यसको वर्गीकरणका आधार प्रकार र विश्लेषण, लोककथा र यसको वर्गीकरणका आधार र प्रकार, नेपालीका केही लोककथा र लोकनाटक (सोरठी, घाटु, रामायणको बालुनको परिचय, पाठ, कथासार र विशेषता) गाउँ खाने कथा, उखान र टुक्काको परिचय, परिभाषा, विशेषता र तिनका बारेमा विश्लेषण गरिएको छ । प्रस्तुत कृतिमा लोकवार्ता र लोक साहित्यका बारेमा सैद्धान्तिक अध्ययन-स्वरूप दिइएको छ ।
- कपिलदेव लामिछानेले, **नेपाली गाउँ खाने कथाको सङ्कलन र विश्लेषण** (२०६६), नेपाली विषयको विधावारिधि अध्ययन गर्ने क्रममा नेपालभरिकै गाउँ खाने कथा सङ्कलन र विश्लेषण गरेका छन् । लामिछानेले उक्त शोध प्रबन्धमा गाउँ खाने कथाको व्यापक अध्ययन गरेका छन् । हालसम्म नेपाली गाउँ खाने कथाको अध्ययनमा लामिछानेको महत्त्वपूर्ण योगदान रहेको छ । लामिछानेले उक्त शोध प्रबन्धमा परिभाषा, तत्व, अर्थ प्रयोजन, महत्त्व विश्वदृष्टि, हालसम्म नेपाली गाउँ खाने कथाको इतिहासमा भए गरेका अध्ययनको चरण विभाजन गर्दै एक नयाँ आयाम थपेका छन् । उनको अध्ययन नेपालको पश्चिमाञ्चलमा केन्द्रित छ । नेपालको अन्य भागमा पुगेर यसमा अध्ययन गरिएको छैन । उपर्युक्त पूर्व कार्यहरू प्रस्तुत अध्ययनका सन्दर्भमा महत्त्वपूर्ण हुँदाहुँदै पनि तिनले हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथालाई समेट्न नसक्ने स्थिति छ । त्यसैले हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथाको अध्ययन सङ्कलन र वर्गीकरण खड्कँदो अभावको परिपूर्तितर्फ प्रस्तुत अध्ययन उद्यत छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

गाउँ खाने कथा नेपाली लोक साहित्यको सशक्त विधा हो । यस विधाले मनोरञ्जन, व्यङ्ग्य, प्रतीकात्मकता आदि कुरालाई प्रकाशमा ल्याउँछ । यो विधा प्राचीन कालदेखि हालसम्म पनि निरन्तर रूपमा प्रभावशाली रहँदै आएको छ । सहरी क्षेत्रमा मनोरञ्जनका अरु साधन भए पनि दुरदराजका विकट ठाउँमा मनोरञ्जनको महत्त्वपूर्ण साधनका रूपमा प्रयोग भएको देखिन्छ । यस्ता गाउँ खाने कथा नेपाली समाजमा यत्रतत्र छरिएर रहेका छन् । प्रस्तुत अध्ययनले यसको सङ्कलन, अध्ययन र विश्लेषण त्यसैको आंशिक आवश्यकता पूर्ति गर्ने हुँदा औचित्यपूर्ण र महत्त्वपूर्ण छ ।

यस अध्ययनमा हुम्ला जिल्लामा रहेका विभिन्न भागका छरपष्ट छरिएका गाउँ खाने कथाको सङ्कलन र अध्ययन गरिएको छ । लोपोन्मुख भइ रहेका गाउँ खाने कथाको जर्गेना गर्नुपर्ने आवश्यकता महसुस गरी यसको अध्ययन, सम्पादन र सङ्कलन गरिएको छ , साथै लोक साहित्यको समृद्धि र यसमा गाउँ खाने कथाको क्षेत्रमा केही इँटा थप्ने काम भएको छ । यस अध्ययनले लोक साहित्यका अध्येतालाई सहयोग पुग्ने छ । यसमा हुम्ला जिल्लाको परिचय पनि दिइएको छ । त्यसकारण गाउँ खाने कथाको क्षेत्रमा केही नयाँ आयाम थप्ने भएकाले यसको औचित्य र  महत्त्व रहेको छ ।

## १.६ अनुसन्धानको सीमा

प्रस्तुत शोधपत्र नेपालको राजनैतिक विभाजन अनुसार मध्य पश्चिमाञ्चल विकास क्षेत्रको कर्णाली अञ्चलमा पर्ने हुम्ला जिल्लाको सीमाभित्र रही तयार पारिएको छ । यहाँ विभिन्न किसिमका लोक साहित्यको विधा भएपनि गाउँ खाने कथाको मात्र यसमा अध्ययन गरिएको छ । प्रस्तुत अध्ययन हुम्ली गाउँ खाने कथाको. सङ्कलित सामग्रीका आधारमा .वर्गीकरण तथा विश्लेषणमा सिमित छ ।

## १.७ अध्ययनको विधि

यस अध्ययनमा सामग्री सङ्कलन  विधि र विश्लेषण विधि निम्नानुसार रहेका छन् ।

### १.७.१ सामग्री सङ्कलन  विधि

प्रस्तुत अध्ययन क्षेत्रीय अध्ययन हो । यहाँ हुम्लामा रहेका गाउँ खाने कथाको अध्ययन गर्दा क्षेत्रीय अध्ययन विधि प्रयोग गरिएको छ । हुम्ला जिल्लामा रहेका गाउँमा गएर अवलोकन, छलफल, अन्तरवार्ता, प्रश्नावली आदि विधिबाट सामग्री सङ्कलन गरिएको

छ । गाउँ खाने कथाका बारेमा जान्ने व्यक्तिहरूसँग विचार विमर्श गरी सङ्कलित सामग्रीको सत्यापन गरिएको छ । जिल्लाको चिनारी दिने क्रममा कति तथ्यहरू र तथ्याङ्कहरू जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय र विभिन्न सङ्घ-संस्था आदिबाट बटुलिएका छन् भने केही सूचना पुस्तकालय स्रोतबाट जुटाइएका छन् ।

### १.७.२ सामग्री विश्लेषण

यस अनुसन्धान कार्यमा आगमनात्मक विधिको प्रयोग गरिएको छ । सङ्कलित सामग्रीको तथ्यमा आधारित भई वर्गीकरण र विश्लेषण गरिएको छ । यहाँ सङ्कलित सामग्रीको विश्लेषणमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

### १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाइ निम्न लिखित खण्डमा विभाजन गरिएको छ । शोधपत्रलाई व्यवस्थित बनाउन यसको रूपरेखा निम्न प्रकार तयार गरिएको छ ।

पहिलो खण्ड - शोधपत्रको परिचय

दोस्रो खण्ड - हुम्ला जिल्लाको परिचय

तेस्रो खण्ड - हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथाको सङ्कलन

चौथो खण्ड - हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथाको वर्गीकरण

पाँचौं खण्ड - हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथाको विश्लेषण

छैटौं खण्ड - निष्कर्ष

# दोस्रो खण्ड

## हुम्ला जिल्लाको परिचय

### २.१ विषय प्रवेश

यस खण्डमा हुम्ला जिल्लाको नामकरण, सिमाना, भौगोलिक अवस्थिति, भू-वनोट, राजनैतिक विभाजन, यातायात, संचार, विद्युत, जनसङ्ख्या, शैक्षिक अवस्था, कृषि, स्वास्थ्य सेवा, भाषा, देवस्थल, जात-जाति, धर्म, संस्कार, चाडपर्व, लोक साहित्यका विविध विधा, रहन-सहन, बेशभुषा र हुम्ली उप-भाषिकाका केही शब्दहरूको उल्लेख गरिको छ ।

### २.२ नामकरण

हुम्ला जिल्लाको नामकरणका सम्बन्धमा  केही मत मतान्तर र किंवदन्तीहरू यस प्रकार छन् :

क) होमलाले होम कुण्डबाट बोनधर्मका प्रवर्तक सेरान्व मिबो चेलाई १३ वर्षको उमेरमा अपहरण गरी २६ वर्षको उमेरमा आफू सँगै राखेर भूतप्रेत विधामा पारङ्गत बनाई पठाएको कुरा किंवदन्तीमा भेटिन्छ । २६ वर्षसम्म समाधि गरेको होल्मो लुरिङ वा साँघुरो गहिरो खोच परेको खोलामा गडगडाएर बग्ने नदी सम्भवतः हुम्ला कर्णाली नै हुन सक्दछ । यसैबाट हुम्लाको नामकरण भएको मान्न सकिन्छ (रोकाया,२०५८:१) ।

ख) हुणलाले सिकारी युगको  (घुमन्ते) समयलाई सङ्केत गर्छ । हुणहरूले यही बाटो हुँदै तिब्बत प्रवेश गरेका हुनाले सोही हुण (जाति) र ल्हा (भञ्ज्याङ्ग) बाट हुम्ला शब्द बनेको हो (झा, २०५८:५) ।

ग) जिल्लाका प्रसिद्ध तीर्थस्थल खार्पुनाथ परिसरमा ऐतिहासिक कालमा बुद्ध कोटीहोम लगाइएको थियो । सोही होम शब्दको क्षेत्रबोधक ध्वनि परिवर्तन भएर हुम्ला शब्द बनेको हो (झा, २०५८:५) ।

घ) हिमाल वारपार गर्ने सुगम मार्ग यही भएको कारणले इतिहासका विभिन्न कालखण्डमा उत्तर र दक्षिणका राजनीतिक शक्तिहरूले आफ्नो राजनैतिक

स्वार्थपूर्तिका निम्ति बारम्बार हमला गरी रहेको क्षेत्र भएकाले सोही हमला शब्दबाट हुम्ला शब्द बनेको हो (पाण्डे,२०५८:१)।

ङ) जिल्लावासीहरूको धार्मिक आस्थाको रूपमा पुजीने “हुम्ले ढुङ्गो” नामबाट पुकारिने वरगाउँ गाउँ विकास समितिमा रहेको ठुलो आकारको ढुङ्गाको नाम बोधक शब्दबाट हुम्ला शब्द बनेको हो (पाण्डे,२०५८:१)।

च) तिब्बती मूलको शब्द होल्म (साँघुरो) लङ्रिग (नदी) बाट क्रमशः ध्वनि परिवर्तन हुँदै हुम्ला शब्द बनेको हो. (पाण्डे,२०५८:१)।

यसरी विभिन्न मत अभिमतको अध्ययन गर्दा हुण+ल्हा, होम् +ला, होल्मो+लरिङ्ग यी तिन शब्दहरूबाट हुम्लाको नामकरण भएको मान्न सकिन्छ।

हुम्ला पूर्व मध्यकालीन विशाल खस साम्राज्यको आधार खण्ड र वर्तमान नेपालको मध्य पश्चिमाञ्चल विकास क्षेत्रको कर्णाली अञ्चल भित्रको सुदूर उत्तरमा रहेको जिल्ला हो। यो गर्खा, पाखा, दरा, बिस, कोट, रजवार, गद्दी, पातिहाल्ना, सेरा, गाउँ, मौजा, पट्टी, दग्डा, बाडा, कुडिया, ध्वाङ्, वडा, गा.वि.स. जि.वि.सहरू जस्ता परम्परागत एवम आधुनिक मौलिक तथा राजनैतिक एकाइमा विभक्त भएको छ।

## २.३ भौगोलिक अवस्था

हुम्ला जिल्लाको भौगोलिक अवस्था निम्न अनुसार छ :

हुम्ला उच्च हिम शृङ्खलाको काखमा रहेको छ। नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. मध्ये हुम्ला ५,६५५ वर्ग कि.मि. क्षेत्रफलमा विस्तारित भएको छ। यो जिल्ला समुद्री सतहबाट करिब ४ हजार फिटदेखि २४ हजार ६४ फिटसम्मको उचाइमा रहेको छ । यस जिल्लाको सदर मुकाम सिमीकोटको उचाई ९,५०० फिट छ। यो जिल्ला पृथ्वीको २९°३५’ देखि ३०°५७’ उत्तरी अक्षांश र ८१°१८’ देखि ८२°१०’ पूर्वी देशान्तरमा फैलिएको छ। यस जिल्लाको भू-बनोट तथा हावापानी तिन प्रकारको छ। हिमाली तथा उच्च पहाडी क्षेत्र ११,०००-२४,०६४ फिट,होचो पहाडी क्षेत्र ५,०००-११००० फिट र नदीको बेसी क्षेत्र ४,०००-५,००० फिटसम्मको उचाइमा रहेको पाइन्छ। यस्तै प्रकारले शीतोष्ण, समशीतोष्ण र उष्ण हावापानी रहेको छ। यस जिल्लाले राष्ट्रिय भूगोलको

३.८५ प्रतिशत भू-भाग ओगटेको छ । त्यसैले क्षेत्रफलका आधारमा नेपालको दोस्रो ठुलो जिल्लाको रूपमा रहेको छ । वर्तमान राजनैतिक तथा भौगोलिक विभाजन अर्न्तगत यस जिल्लालाई २७ वटा गा.वि.स., ९ ईलाका र १ निर्वाचन क्षेत्रमा विभाजन गरीएको छ । यस जिल्लामा ७५ प्रतिशत उच्च पहाडी भाग,२२ प्रतिशत उच्च हिमाली क्षेत्र र बाँकी पहाडी भू-भाग रहेको छ । यस जिल्लाको अधिकतम तापमान १० डिग्री सेल्सियसदेखि १२ डिग्री सेल्सियससम्म छ भने न्यूनतम तापमान १० डिग्री सेल्सियस देखि १२ डिग्री सेल्सियससम्म रहन्छ । यस जिल्लाको हावापानी विषम खालको रहेको छ (कचहरी साप्ताहिक सावन २०७० अङ्क ४) । हुम्ला जिल्लाको कुल क्षेत्रफल ५,६५,५०० हेक्टरमध्ये ७४,७८३.४ हेक्टर वन जंगल, १,४१,४४९.४ हेक्टर चरन क्षेत्र, ५,०२० हेक्टर खेतीयोग्य जमिन, ५०,५७० हेक्टर जमिन हिँउले ढाकेको, ३९४ हेक्टर चट्टानले ढाकेको, १४० हेक्टर तालले ढाकेको, ३३,५०० हेक्टर नदीले ओगटेको, ३५२ हेक्टर क्षेत्रफल आवासले ढाकेको छ । यस जिल्लाको अधिकांश भू-भाग डाँडाकाँडा चट्टान र हरियाली वनले ढाकेको छ, (हुम्ला शैक्षिक दर्पण २०६९) ।

### २.३.१ सिमाना

नेपाल विश्व मानचित्रमा दुई ठुला देशहरू चीन र भारतको बिचमा अवस्थित छ । भौगोलिक तथा सांस्कृतिक दृष्टिकोणले विविधतायुक्त रहेको हाम्रो देश नेपाललाई ५ विकास क्षेत्रमा विभाजन गरीएको छ,जसमध्ये मध्य पशिचमाञ्चलको सुदूर उत्तरमा पर्ने चीनको सिमाना जोडिएको जिल्ला हुम्ला हो । यस जिल्लाको पूर्वमा मुगु पश्चिममा बझाङ र चीनको तिब्बत, उत्तरमा चीनको तिब्बत र दक्षिणमा बाजुरा तथा मुगु जिल्लाहरू रहेका छन् ।

### २.३.२ हावापानी

नेपाल सानो देश भएर पनि विषम हावापानीले भरिपूर्ण छ । त्यस्तै हुम्ला जिल्लामा पनि विषम हावापानी पाइन्छ । यसमा रहेका ताल, कुण्ड, छहरा, तपन, नदी, खोला,उच्च हिमाली क्षेत्र र साना बेसीले गर्दा हावापानीमा भिन्नता पाइन्छ । यहाँको हावापानीलाई मुख्यतया दुई भागमा विभाजन गर्न सकिन्छ । समुद्री सतहको ४,०००

फिटदेखि ६,६०० फिटसम्मको  उचाइलाई सम शीतोष्ण प्रदेशीय हावापानी भनिन्छ। यस जिल्लाको कवाडी, पैमा, तुम्च, गल्फागाड, सर्केगाड आदि ठाँउमा यस प्रकारको हावापानी पाइन्छ। समुद्री सतहदेखि ६,६०० मिटरभन्दा माथिको भागमा चिसो हावापानी भेटिने  हुनाले त्यस्तो हावापानीलाई शीत प्रदेशीय हावापानी भनिन्छ। हुम्ला जिल्लाको उच्च भागमा यस प्रकारको हावापानी भेटिन्छ।

### २.३.३ नदीनाला

हुम्ला जिल्लाका नदीहरूमा मुख्य नदी हुम्ला कर्णाली हो जुन तिब्बतको मानसरोवरको समीपमा रहेको च्छो लङ्कारी (राक्षस ताल) तालबाट उद्भव भएर माप्चा (मयुरमुखे) नामले प्रख्याति पाएको  छ। हुम्ला कर्णाली नदी जिल्लाको मध्य वक्षस्थलबाट नागवेली भएर बगेको छ। यसमा मिसिने गाडहरूमाः लिमीखोला, ह्याङसी, मोटो, गुम्वा, चाला खोला, सल्ली, गुरगुरे, भेलगाड, म्हेलगाड, ह्याप्का खोला, हिल्दुम खोला, च्वा खोला, कुम्लिक,रिपगाड, सर्केगाड, लोती, सुनखाडा, गाडपारी, याङचुखोला, नल्ना, लिप्ने, न्याँसी, नेप्काखोला, खगाड, कालागाड, छयाँगी खोला आदि रहेका छन्।

### २.३.४ छहरा

यस जिल्लामा केही छहराहरू रहेका छन्,जुन निम्न प्रकार छन् :

यहाँ हिल्दुम छडा, छडीखोला, फुने सिमछडा, भुलभुल, ल्होचाखोला, सुनेखाडा, सिस्ने तलछडी, काफुङ आदि छहरा छन्,च्याछडा जिल्लाकै ठुलो छहरा हो।

### २.३.५ ताल र कुण्डहरू

दुधे दह, तलुङ दह, सेलुमन, छोल्थङग्यो जाङ्ल्या, लाप्चा, लङ्या, लङ्कारी, गासोल्ले लिमीको जदी दह, न्यालु ताल, लहरी दह आदि यहाँका प्रसिद्ध दह हुन्। त्यस्तै पर्यटकीय स्थलहरूमा तिब्बत क्षेत्रको कैलाश पर्वत पनि यहाँबाट नजिकै छ। नौमुली, अदानचुली र रेलिङ गुम्बा क्षेत्र रहेका छन्।

### २.३.६ तपनहरू

हुम्ला जिल्लामा केही तपनहरू रहेका छन्। तपन भनेका तातो पानीका मुहान वा दह हुन्। तातो पानीका मुहान तथा दहहरू रहेका यस जिल्लामा बाथ रोगीहरूले यी

तपनहरूमा नुहाउँदा बाथ रोग (रागन) ठिक हुन्छ भन्ने भनाइ रहेकाले तपनहरूमा स्नान गर्ने मान्छेहरूको भिड लाग्ने देखिन्छ । तपनहरू यसप्रकार रहेका छन् :
टाइलकुराप, याङ्गार, यालबाङ, खोल्सी, खार्पु, उनापानी, दर्मी भिड र केर्मी रहेका छन् । यीमध्ये केर्मी धेरै प्रचलित र प्रसिद्ध तातो पानीको कुण्ड हो ।

### २.३.७ हिमशृङ्खला तथा भञ्ज्याङ

यस जिल्लामा रहेका केही हिम शृङ्खला तथा भञ्ज्याङ यस प्रकार रहेका छन् : नाम्पा, चाङ्ला, सैपाल, नारा, न्यालु, लाप्चा सस्ने, सिस्ने, मारघोर, भुर्वे, पञ्चमुखी, ब्यास, रानी सैना हिमाल र चङ्खेली आदि ।

### २.३.८ वनजङ्गल र जडीबुटीहरू

यस जिल्लाको सर्म्पूण भू-भागमध्ये ७४,७८३.४ हेक्टर भू-भाग वन जङ्गलले ढाकेको छ, जसमध्ये चरन १,४१,४४९.४ हेक्टर क्षेत्र रहेको छ । यहाँको वनजङ्गलको स्वरूप सबै ठाँउमा एकनासको रहेको पाईदैन । करिब ८,१०० फिटभन्दा माथि टुन्ड्रा वनस्पति भेटिन्छ जहाँ काई र चुन बुकी मात्र पाइन्छ । यस भागभन्दा तल घनाजङ्गल पाइन्छ । यस जङ्गलमा धुपी, सल्लो, चिमालो, देवदार भोजपत्र, ठिगो-झुली र लौठो आदि जस्ता कोण धारी रुखहरू पाइन्छन् । समशीतोष्ण हावापानी पाइने ठाँउमा बाँज, सल्लो, पिपल, खडिक, उत्तिस आदि पाइन्छन् । यहाँका उच्च भागहरूका लेखहरूमा अनेकौं प्रजातिका जडीबुटीहरू पाइन्छन् । जस्तै गदान्नु, कटुकी, भुल्ते, पाचँऔले, बायाँजडी, पदम चाल, यार्सागुम्बा, गुच्छे च्याउ, गाने, अत्तिस, टिमुर, बोजो, घोडामच्चा, चिराइतो, मुजिनु, पाउजडे, सर्पमकै, असुरो, सजइनु, तिलखुडो, हडेरो, शिलाजित, लौठो, सुगन्धवाल, सतुवा, जटामासी आदि जडीबुटी पाइन्छन् । यस जिल्लामा पाइने जडीबुटीको सदुपयोग धेरैथोरै रूपमा स्थानीय स्तरमा भएको छ भने यहाँ जडीबुटीको सङ्कलन गरी नेपालगन्ज र तिब्बतको ताक्लाकोटतिर निर्यात गर्ने गरीन्छ ।

### २.३.९ राजनैतिक विभाजन

यो जिल्ला राजनैतिक विभाजनको आधारमा नेपालको मध्य पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत कर्णाली अञ्चलको सबैभन्दा उत्तरी बिन्दुमा रहेको छ । यस जिल्लाको

सदरमुकाम सिमीकोट २,९४६ मिटर उचाइमा रहेको छ । यस जिल्लामा २७ गा.वि.स.,९ इलाका र १ निर्वाचन क्षेत्र रहेका छन् ।

## २.४ आर्थिक अवस्था

यस जिल्लाको आर्थिक अवस्था कमजोर देखिन्छ । यहाँको पेसा कृषि भेडाच्याङ्ग्रा पालनमा निर्भर रहेको देखिन्छ । यस क्षेत्रमा जडीबुटी सङ्कलन तथा निर्यातबाट जीवनलाई केही सहज  बनाएको छ । यस क्षेत्रमा रोजगार तथा जडीबुटी सङ्कलन तथा प्रशोधन गर्ने उद्योग धन्दा सञ्चालन गर्न सके यहाँको जनताको आर्थिक स्तरमा सुधार आउने देखिन्छ । यहाँका अधिकांश  मानिसहरू विदेश  (भारत ) तिर २/४ महिना काम गर्न गएर आधारभूत लुगाफाटो र भाँडाकुँडा लिएर घर आउने गर्दछन् ।

### २.४.१ व्यापार

दक्ष जनशक्ति, कच्चा पदार्थ, यातायातको अभाव र पुँजीको कमीले गर्दा यस जिल्लामा उद्योग धन्दा सञ्चालन गर्न नसकिने व्यापारिक क्षेत्रमा खासै प्रगति हुन पाएको छैन । गाउँघरमा उत्पादन गरीने राडी, पाखी, लिउ, फेरुवा जस्ता वस्तुहरू बिक्री गर्न टाढा टाढा धाउनु पर्दछ । त्यस्तै स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तु मह, घ्यू, सिमी, आलु, स्याउ र ओखर जस्ता वस्तुहरूको बिक्री वितरण गरीएको देखिन्छ ।

### २.४.२ यातायात, सञ्चार र विद्युत्

हुम्लामा यातायात सञ्चार र विद्युत्को अवस्था निम्न  अनुसार छ :

हुम्ला जिल्ला यातायातका साधनहरूमा पछाडि परेको छ । यहाँ मोटर बाटो छैन । हवाइ यातायात तथा घोडा, खच्चड, भेडा, बाख्रा, च्याङ्ग्रा, चौरी, तोलविना आदिबाट सामान ढुवानी गर्ने गरीन्छ । हिल्सादेखि सिमीकोटसम्म कच्ची ट्र्याक ३७ किलो मिटर र लिमीदेखि लाप्चासम्म कच्ची बाटो निमार्णाधीन रहेको छ । सिमीकोट ओखेन खण्ड कच्ची मोटर बाटो ५ कि.मि.र सिमिकोट थलहाल्ना  खण्डमा कच्ची सडक १ किमि रहेको छ । यस जिल्लाको अरू जिल्लासगँ मोटर बाटो जोडिएको छैन । सञ्चारको दृष्टिकोणले केही हदसम्म विकास भए पनि सम्पूर्ण भागमा सञ्चार सेवा पुग्न सकेको छैन र भरपर्दो सेवा पनि दिन सकेको छैन । यहाँ रहेका सञ्चार सेवाहरू यस प्रकार छन्:

**तालिका सङ्ख्या १**

| सि.नं. | सञ्चारको किसिम | | सङ्ख्या (सेटमा) | |
|---|---|---|---|---|
| १ | टेलिफोन लाइन | | १८० | |
| २ | मोबाइल लाइन | | १000(३५० स्काइ र ६५० नमस्ते) | |
| ३ | एनसेलको टावर | | १ | |
| ४ | हेलो | | ३ | |
| ५ | जिल्ला हुलाक सेवा कार्यालय | | १ | |
| ६ | इलाका हुलाक कार्यालय | | ५ | |
| ७ | अतिरिक्त हुलाक कार्यालय | | २२ | |
| ८ | एफ.एम. | | २ (कैलाश एफ.एम. र कर्णाली आवाज) | |

हुम्ला जिल्ला जल विद्युत्का दृष्टिकोणले उच्च क्षमता भएका जिल्लाहरूमध्ये एक हो । तर अहिलेसम्म यस जिल्लामा हिल्दुम साना जल विद्युत् आयोजना (५०० कि.वा.),तल्छडी साना जल विद्युत् आयोजना ५० कि.वा., लाली खोला साना जल विद्युत् आयोजना (२१.५ कि.वा.) र खार्पुनाथ साना जल विद्युत् आयोजना (११ कि.वा.) मात्र रहेका छन् ।

### २.४.३ वित्तीय संस्थाहरू

हुम्ला जिल्लामा रहेका वित्तिय संस्थाहरू यस प्रकार छन् :

**तालिका सङ्ख्या २**

| सि.नं. | वित्तीय संस्थाको किसिम | | सङ्ख्या |
|---|---|---|---|
| १ | राष्ट्रिय बाणिज्य बैंक शाखा | | १ |
| २ | जिल्ला कृषि विकास बैंक उपशाखा | | १ |
| ३ | नेपाल सिटिजन्स बैंक इन्टरनेशनल | | १ |

### २.४.४ कृषि

नेपाल कृषि प्रधान देश हो । यहाँका अधिकांश मानिसहरूको मूल आधार कृषि नै हो । हुम्ला जिल्लाका मानिसहरूको मूल आधार पनि कृषि नै हो । कुल जनसङ्ख्यामध्ये ९२.७५% जनसङ्ख्याकृषिमा आधारित छ भने ७.२५% जनसङ्ख्या मात्र अन्य पेसामा संलग्न रहेका छन् । अधिकांश जनसङ्ख्या कृषिमा निर्भर रहेर पनि वर्षभरि खाना पुग्नेको सङ्ख्या थोरै रहेका छ ।

एकातिर परम्परागत कृषि प्रणालीका कारण र अर्कोतिर उर्बरा जमिन नभएका कारणले कृषि पेसाबाट जीवन जिउने मानिसको अवस्था कमजोर देखिन्छ । यस जिल्लाको कृषिजन्य वस्तुमा खाद्यान्न बालीमा फापर, गहुँ, जौ, उवा, चिनो, कागुनो, काउनी, आलु, कोदो, मकै, धान तथा त्यस्तै दलहन बालीहरूमा भटमास, मास, सिमी, गहत आदि रहेका छन् । यहाँको कुल भू-भागमध्ये ५,०२० हेक्टर जमिन मात्र खेतीयोग्य छ । भिरालो जमिन, साना गरा, पाँखो जग्गा उर्वरा शक्ति कम र सिँचाइ व्यवस्था नहुनाले कृषि क्षेत्रको अवस्था कमजोर हुन गएको देखिन्छ ।

## २.५ सामाजिक अवस्था

हुम्ला जिल्ला विभिन्न जात-जाति, धर्म, संस्कृति र भाषा भएका मानिसको बसोबास भएको क्षेत्र हो । यहाँको समाजमा एक आपसमा मिलेर रहन सक्ने अनुपम उदाहरणहरू पाइन्छन् । एक अर्को जातिलाई सम्मान गर्ने यहाँको चलन छ । हुम्लाको समाज विभिन्न विशेषताले युक्त छ ।

यसमध्ये नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्नेहरूको सङ्ख्या अत्यधिक छ । केहीले भोटे, शेर्पा, तामाङ र गुरुङ आदि भाषाको पनि प्रयोग गर्ने गर्छन् ।

यहाँको अवस्थालाई धर्मगत रूपमा हेर्दा हिन्दु अत्याधिक रूपमा रहेका छन् तर यहाँ चाडपर्व तथा संस्कारहरूमा हिन्दु र बौद्ध धर्मको सम्मिश्रण पाइन्छ । केही संस्कार बौद्धसँग मिल्छन् भने केही हिन्दु धर्मसँग मिल्ने संस्कारले हिन्दु र बौद्ध धर्मबिच ठुलो भिन्नता रहेको पाइँदैन् ।

## २.५.१ जनसङ्ख्या

हुम्ला जिल्लाको जनसङ्ख्या २०६८ को जन गणना अनुसार ५१,००८ रहेको छ । भूगोलको अनुपातमा  जनसङ्ख्या कम छ । अधिकांश भू-भाग वन जङ्गल तथा नाङ्गा चट्टानहरू भएकाले खेतीयोग्य जमिन कम छ । २०६८ को जन गणनानुसार यस जिल्लाको जनसङ्ख्याको विवरण यस प्रकार छ :

**तालिका सङ्ख्या ३**

| सि.नं. | सङ्ख्याको विवरण | सङ्ख्या |
|---|---|---|
| १ | कुल जनसङ्ख्या | ५१,००८ |
| २ | महिला | २५,०६८ |
| ३ | पुरुष | २५,९४० |
| ४ | कुल परिवार | २४,८७४ |
| ५ | कुल घर  सङ्ख्या | १९,४१५ |
| ६ | औसत परिवार सङ्ख्या | ५.४५ |
| ७ | जनसङ्ख्या वृद्धिदर | २.२२ |
| ८ | जनघनत्व प्रतिवर्ग कि.मि. | ६.३ |

## २.५.१ जातजाति

नेपाल विविधताले भरिएको राष्ट्र हो । त्यस कारण अनेक जात-जाति को बसोबास रहेको छ । यहाँ जातजाति बिच मिलेर रहन सक्ने गुण नै यस देशको सुन्दर पक्ष मान्न सकिन्छ । त्यस्तै हुम्ला जिल्लामा पनि धेरै जातजाति को बसोबास रहेको छ । भू-बनोटको आधारमा विभिन्न जातिको लवाइ खवाइदेखि लिएर परम्परा, मान्यता, संस्कार, संस्कृति, चाडपर्व, भेषभुषा आदि भिन्न भिन्न रहेका हुन्छन् । हुम्ला जिल्लामा पनि निम्नानुसार जातिगत भिन्नता भेटिन्छ :

| जाति | सङ्ख्याप्रतिशत |
|---|---|
| बाहुन | ६.२ % |
| क्षेत्री | ३८.७ % |
| ठकुरी | २८.२ % |
| भोटे लामा | २४.०४ % |
| दलित जातिहरू (दमाईं, कामी, सार्की आदि) | ८.४ % |
| तामाङ लामा | १.३ % |
| अन्य | २.३४ % |

स्रोत (एकीकृत जिल्ला विकास योजना २०६८)

यी जातिहरूको बसोबास जिल्लाभरि नै छरिएको छ भने खास गरी तामाङ र भोटे लामाहरू हिमाली भागतिर बस्छन् र अरू जातजातिहरू यस जिल्लाको होचो भू-भागतिर बसेका पाइन्छन् । राष्ट्रिय जन गणना २०६८ को अनुसार यस जिल्लामा सबै भन्दा बढी सङ्ख्या क्षेत्रीहरूको रहेको छ जुन कुल जनसङ्ख्याको ३८.७ % रहेको छ । त्यसपछि क्रमशः दोस्रो ठकुरी २८.२ % र भोटे लामा २४.०४ % रहेका छन् ।

### २.५.२ धर्म

समाज कुनै न कुनै धार्मिक मान्यतावाट सञ्चालित हुन्छ । त्यसको प्रभाव समाजमा घोषित अघोषित रूपमा परि रहेको हुन्छ । नेपाल जस्तो पवित्र भूमिमा धर्मको प्रभाव पर्नु स्वभाविक देखिन्छ । प्राचीन कालमा वेदव्यास, वाल्मीकी, वशिष्ट, विश्वमित्र जस्ता ऋृषिमुनिको तपोभूमि र ज्ञानभूमि भएको कारणले नेपालका हरेक क्षेत्रलाई धार्मिक प्रभावले नछोएको पाइँदैन । बौद्ध धर्मका प्रवर्तक गौतम बुद्ध, प्राचीन कालका विद्वान र नीतिज्ञ राजा जनक, सीता, भृकुटी आदिको जन्मथलोका कारण पनि यस भूमिमा धर्ममा आस्था राख्ने मानिसको बाहुल्य भेटिन्छ ।

हुम्ला जिल्लामा पनि प्राचीन समयमा बनेका गुम्बा जस्तै हाल्जी बौद्ध गुम्बा, रेलिङ्ग गुम्बा जस्ता प्राचीन ऐतिहासिक महत्त्वपूर्ण गुम्बा, खार्पुनाथ जस्तो तपोभूमि भएकाले यहाँका मानिसहरू धर्ममा अति नै विश्वास गर्छन् । यहाँका उच्च भू-भागमा मन्दिरहरू रहेका

छन् । यहाँका बासिन्दाका भनाइ अनुसार पाण्डव कालीन गुम्बा तुम्चमा रहेको छ । पाण्डव कालीन विभिन्न वास तथा कुवा रहेका छन् । पाण्डवहरूको वनबासको समयमा यो भूमिमा आएका कुराहरू यहाँका फाग, मागल र चाच्चीहरूमा उल्लेख छ । यसको प्रमाणका रूपमा यस जिल्लामा बहुपति प्रथा रहेको छ । जसलाई पाण्डव विवाह भनिएको पाइन्छ ।

यसवाट के बुझ्न सकिन्छ भने यो क्षेत्र प्राचीन कालदेखि हालसम्म धार्मिक प्रभाव क्षेत्रका रूपमा रहेको पाइन्छ । यहाँ पाण्डवका कथाहरू, देवी देवता तथा दैत्यहरूका कथाहरू प्रशस्त मात्रामा पाउन सकिन्छ ।

एकीकृत जिल्ला विकास योजना २०६८ को तथ्याङ्कले निम्न धर्म मान्नेहरूको तथ्याङ्क यस प्रकार छ ।

**तालिका सङ्ख्या –४**

| क्र.स. | **धर्म** | **मान्ने प्रतिशत** |
|---|---|---|
| १ | हिन्दु | ७८.२ % |
| २ | बौद्ध | २०.२ % |
| ३ | अन्य | १.६ % |

यसरी धार्मिक दृष्टिले हिन्दु धर्मालम्वीहरू सबैभन्दा बढी देखिन्छन् भने बौद्ध दोस्रो स्थानमा रहेका भेटिन्छन् ।

### २.५.३ रहनसहन र वेशभूषा

हुम्ला जिल्ला हिमाली जिल्ला हो । यो उच्च हिमाल, डाँडाकाँडा, पहाडैपहाड, तथा नाङ्गा चट्टानहरू भएको विकट जिल्ला हो । यो नेपालको उत्तर पश्चिममा रहेको छ । यहाँ बसोबास योग्य जमिन कम भएकाले यहाँको जनसङ्ख्या क्षेत्रफलको आधारमा न्यून नै छ । यस जिल्लाको आवास क्षेत्र ३५२ हेक्टर रहेको छ । साना घर र पातलो बस्ती एक आपसमा जोडिएका घना घरहरू रहेका छन् ।

माटो ढुङ्गा तथा काठबाट बनेका माटाकै छाना भएका र साना झ्याल ढोका भएका घरहरू अधिकांश बस्तीमा पाइन्छ । यस क्षेत्रमा खानाका रूपमा चिया, सातु,

लगड (फापरको रोटी) काउनी र चिनोको भात गौं, जौं, कोदाका रोटीहरू मुख्य खानाका रूपमा प्रयोग गरीन्छ । हिमाली धानको खेती कतै हुने गरेको छ । चाडपर्वमा चिउला, टाटे (पुरी) लाई विशेष प्रकारका रूपमा पकाउने गरिन्छ । यस जिल्लामा प्रायजसो गाउँले परिवेश भेटिन्छ । यहाँ गाउँहरू ५०/१०० घरधुरीका भेटिन्छ । यहाँ घरहरू एक आपसमा जोडिएका तथा छतहरू प्राय माटो राखेर बनाइने भएको कारण जोडिएका हुन्छन् ।

यहाँ घरहरू नजिक तथा जोडिएका हुनुको कारण पहिला रोगव्याधी आउँदा छिमेकीहरूले सहयोग गर्ने भएका कारण तथा यहाँको समाज अन्धविश्वास तथा रुढिवादी ग्रस्त भएको कारण दैत्यहरूको (भूतप्रेतको) डरले एकै ठाउँमा बस्ने गरेको पाइन्छ । अहिले शिक्षित हुँदै गएको कारण घरहरू पनि अलग अलग बनाउँदै गएका देखिन्छन् ।
यहाँको एउटा रमाइलो पक्ष के छ भने यहाँका बासिन्दाहरू लेकमा रहेका पाटनहरूमा ३/४ महिनाका लागि (खर्क) अस्थायी बसोबासका गर्दछन् । गाईवस्तुहरू लिएर वनमै बस्ने, गाईवस्तुहरू खुल्ला स्वतन्त्रपूर्वक छाडा छोड्ने तथा साना साना काठवाट बनाइएका घरहरूमा बस्दा आदिकालको ऋषिमुनिहरूको बसाइको झल्को दिने खालको हुने गरेको पाइन्छ । यहाँ कपडा प्रायः घरबुना उनीको प्रयोग गरेको पाइन्छ भने आधुनिकताको केही प्रभावले केही पात्ला लुगाहरू पनि केटाकेटीहरूले लगाउने गरेको पाइन्छ ।

यहाँ पुरुषमा दौरा, सुरुवाल, कोट तथा महिलामा गाबन, चोलो र कम्मरमा पटुका बढी मात्रामा भेटिन्छ । अचेल युवा युवतीमा भने परम्परागत पहिरन हट्दै गएको पाइन्छ । हुम्लाको जनजीवन विदेशी तथा शहरिया चालचलनको प्रभाव कम देखिन्छ । सदरमुकाम सिमीकोटमा भने अलिअलि शहरिया प्रभावले छोएको देखिन्छ । यहाँका मानिसहरूले परम्परागत सामाजिक जीवन साथै संस्कारहरूलाई निरन्तरता दिएको पाइन्छ । केही संस्कारहरूको बारेमा केही छोटो चर्चा यहाँ गरिएको छ ।

### २.५.४ धार्मिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरू

यो जिल्ला पर्यटकीय दृष्टिकोणले ज्यादै सम्भावना बोकेको जिल्ला हो । यहाँ ऐतिहासिक धार्मिक स्थलहरू प्रशस्त मात्रामा छन् । त्यस्तै यस जिल्लामा पर्यटकीय स्थलहरू रहे तापनि यातायातको अभावले ती ठाँउहरूमा पुग्न सकिएको छैन । यस जिल्लाको आर्थिक मेरुदण्ड मानिने सडक र पर्यटन क्षेत्रको विकास हुन सकेको छैन । यस जिल्लामा रहेका धार्मिक तथा ऐतिहासिक र पर्यटकीय क्षेत्रहरू यस प्रकार छन् : खार्पुनाथ मन्दिर,रलिङ गुम्बा,याल्वाङ गुम्बा,हल्जी गुम्बा,जाँड गुम्बा,मानसरोवर र कैलाश पुग्ने प्रमुख मार्ग,कर्णाली जल विहार,कर्णाली नदीको त्रिवेणी,पञ्चमुखी हिमाल,छेत्यावास,दुध कुण्ड,लवासुर मन्दिर,पातीहाल्ना,गौकुण्ड,रामपाल मन्दिर,अपी नम्पा,कालासिल्ता मन्दिर,शिव मन्दिर,तातो पानीका मुहान ,आदान चुली,नौमुली ज्वाला माई र दुन्नास आदि रहेका छन् ।

### २.५.५ हुम्ला जिल्लामा हाल कार्यरत सरकारी कार्यालय तथा गैरसरकारी सङ्घसंस्थाहरू निम्नानुसार छन् ।

**तालिका सङ्ख्या -५**

| सि.नं. | कार्यालय तथा संस्थाको किसिम | | सङ्ख्या |
|---|---|---|---|
| १ | सरकारी कार्यालयहरू | | २३ |
| २ | नवीकरण भएका कुल गैरसरकारी संस्थाहरू | | ११० |
| ३ | सक्रिय कार्यरत स्थानीय गैरसरकारी सङ्घसंस्थाहरू | | २९ |

### २.५.६ देवस्थल

हुम्ला जिल्लाका देवस्थलमा मन्दिरहरू तथा गुम्बाहरू रहेका छन् । यस जिल्लामा मुख्य गुम्बा तथा मन्दिर (माडौं) का रूपमा रलिङ्ग गुम्बा, खार्पुनाथ, हाल्जी गुम्बा, तुमकोट गुम्बा, कालाशिल्ता माडौं, लुवासुर माडौं, सर्की माडौं कैलाश माडौं, मदना माडौं र कालिका माडौं रहेका छन् ।

त्यस्तै यहाँ माइका थानहरू रहेका पाइन्छन् । यहाँ अधन्चुली माई, कालिका माई, नौमुले माई आदिका थानहरू रहेका पाइन्छ । यहाँ भाषामा 'माई' भन्नाले 'भगवती' तथा थान भन्नाले स्थानलाई बुझाएको पाइन्छ । सुन्दर पक्ष के हो भने हिन्दु र बौद्ध धर्मविच अन्योन्याश्रित सम्बन्ध पाइन्छ । यहाँ मान्छेहरूले गुम्बा तथा मन्दिरमा बराबर विश्वास गर्छन । बौद्ध र हिन्दुमा खासै भिन्नता पाइँदैन । त्यसकारण यहाँका विभिन्न जात-जाति बिच मेलमिलाप तथा साइनो जोडिएको पाइन्छ ।

### २.५.७ सुरक्षा सेवा

हुम्ला जिल्ला एक बिकट तथा ठुलो भूगोल र पातलो बस्ती भएको जिल्ला हुनाले यहाँ सबै ठाउँमा सुरक्षा सेवा उपलब्ध हुन सकेको देखिदैन । यहाँ सामान्य झै-झगडा र मुद्दा मामिला पर्दा गाउँघरमै मिलाउने चलन रहेको छ । गल्ती गर्ने पक्षले सबै गाउँलेलाई बादे (खसी) काटी खुवाउने चलन छ । त्यस्तै दुवै पक्ष बिच दही चामल ( टीका) गरेर मेलमिलाप गराउने चलन रहेको पाइन्छ । एकीकृत जिल्ला विकास योजना २०६८ को योजना अनुसार सुरक्षा अङ्गको निम्न तथ्याङ्क रहेको छ :

**तालिका सङ्ख्या–६**

| क.स. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | सैनिक गुल्म | १ |
| २ | जिल्ला प्रहरी कार्यालय | १ |
| ३ | सीमा प्रहरी कार्यालय | ३ |
| ४ | प्रहरी चौकी | ६ |

## २.६ संस्कार

मानव जन्मेदेखि मरुन्जेल सम्म विभिन्न संस्कारहरू पुरा गर्नु पर्ने देखिन्छ । भिन्न भिन्न ठाँउ भिन्न  संस्कार हुने गर्दछन् । ठाँउ, क्षेत्र, जाति धर्म अनुसार संस्कारहरूमा पनि केही भिन्नता पाइएको देखिन्छ । त्यसकारण मानव जीवनमा गरिने विधि,

विधानलाई  संस्कार भनिन्छ । हुम्ली परिवेशमा प्रचलित संस्कारलाई यस प्रकार चिनाउन सकिन्छ ।

### २.६.१ जातकर्म

वालक जन्मिने बित्तिकै गरीने संस्कारलाई जातकर्म भनिन्छ । बालक जन्मनासाथ नाल काटी त्यसलाइ ननाघिने ठाँउमा गाडिन्छ । मान्छेले नाघ्ने ठाँउमा सालनाल गाड्नाले बालकको भाग्य बिग्रिने भन्ने धारणा  रहेको पाइन्छ । बच्चाको नाल काट्ने काम सुडेनी  वा आमा आफैले गर्छिन् । यो चलन प्रायः सवै जातजातिमा रहेको पाइन्छ ।

### २.६.२ न्वारान/ न्वार्नी

यस जिल्लामा रहेका सम्पूर्ण जातजातिमा न्वार्नी गर्ने संस्कार प्रचलित छ । बाहुन, क्षत्री तथा ठकुरीहरूमा नामकरण ज्योतिषद्वारा गराइन्छ भने अरू जातिहरूमा पनि आजभोलि ज्योतिषद्वारा नामकरण गर्ने प्रचलन सुरु भएको छ । पहिले पहिले जन्मिएको महिना र वार अनुसार नामकरण गर्ने चलन रही आएको थियो । यहाँ भोटे लामाहरूले नामकरणको काम लामाबाट गराउछन् । यसलाई न्वार्नी पनि भनिन्छ ।  सात वा नौ दिन पारेर गर्ने प्रचलित विधि विधान अनुसार यो कार्य सम्पन्न गराइन्छ ।

### २.६.३ छैट

बालक जन्मेको छैंटौ दिनमा गरिने संस्कारलाइ छैट भनिन्छ । हिन्दु संस्कारको सोह्र संस्कार कर्ममध्येको यो एक हो । यही छैटौँ दिन भावी आएर बालकका निधारमा भाग्य लेखि दिने विश्वासमा बालकका नजिकै दियो बालेर कापी र कलम  समेत राखि दिने प्रचलन रहेको छ । यही छैटौँ दिनको संस्कारसँगै बालकको सु-स्वास्थ्य र दिर्घायुको कामना गर्दै गाइने गीतलाई छैटी गीत भनिन्छ । बालक जन्मेको छैटौ दिनमा साँझसम्म इष्टमित्र गाउँले र छरछिमेक उक्त घरमा जम्मा भएर छैटी गाउने परम्परा यस जिल्लामा रहेको छ । छैटीमा गाइने गीतको एक उदाहरण तल प्रस्तुत छ :

राता काला मालको डोरी पाटका फुर्का ।
नाना भाउका छैट न्वार्नी आइ पुगिन् दुर्गा ॥

नगर सहर भित्त क्यौ बाजा बाज्या ।
बाँजा भाइ हो सगुनी बाजा बाज्या ॥
कि त कसु पैकेलाको कोल चेलो जन्म्यो ।
कि त कसु पैकेलाले दरो जिति ल्यायो ॥
रुगी साग कति पाल्या भयो ।
लेखु क्यार कुलै बौना कति मासा भयो ॥
लेख क्यार कुलै बैावा कति मास्या भयो ।
घरै क्यार कुल्यौ बैावा एकमास भयो ॥
लेख क्यार रुगी साग एक पात्या भयो ॥

### २.६.४ अन्नप्रासन

यस जिल्लामा अन्नप्रासनलाई भात चरवाइ वा भात चपाइ भन्ने गरिन्छ । विशेष परिस्थिति बाहेक प्रायः बालक ६ महिनाको पुगेपछि अन्न खुवाउने गरिन्छ । यो दिन शुभ दिन पारेर जुराइन्छ । सम्पन्न वर्गले विशेष किसिमले यस संस्कारलाई सम्पन्न गरे पनि विपन्न वर्गका लागि यी सबै प्रक्रिया गर्न धौ धौ हुने गर्छ ।

### २.६.५ चूडाकर्म

चूडाकर्म भन्नाले बालकहरूको पहिलो पटक कपाल काट्ने भन्ने बुझिन्छ । चूडाकर्म खास गरी केटाको उमेर ३ वा ५ वर्ष पुग्दा राम्रो दिन जुराएर मान्यजनबाट कपाल काट्न लगाइन्छ । कपाल काट्दा दियो कलश थापी बालकको कपाल काटी सबैलाई सगुनपात खुवाउने प्रचलन रहि आएको छ । पहिलो चोटि काटेको  कपाल कपडामा बेरी घरको  भराइना वा विशेष ठाउँमा राख्ने प्रचलन रहेको छ । भोटे लामा तथा तामाङ जातिमा भने आफ्ना मामाबाट पहिलो पटक रौँ काट्ने चलन रहेको छ ।

### २.६.६ कर्णवेध

कान छेडेनुलाई कर्णवेध भनिएको हो । खास गरी हिन्दु संस्कार अनुसार बसन्त पञ्चमी (श्री पञ्चमी ) का दिन  वालबालिकाहरूको कान छेड्ने कार्य गरिन्छ । कानमा गहना लगाउन छेड्ने भए पनि हिन्दु दन्त्यकथा अनुसार कान नछेडेपछि मृत्युपछि

यमराजले भैंसीको सिङले कान छेड्छ भन्ने अन्धविश्वाश रहेको छ । यो हिन्दुहरूको सोह्र संस्कारमध्येकै एक संस्कार हो ।

### २.६.७ उपनयन (व्रतवन्ध)

हिन्दु संस्कार अनुसार तागाधारी - बाहुन, क्षत्री र ठकुरीहरूले पहिलो पटक जनै लगाउने संस्कारलाई उपनयन भनिन्छ । उपनयन वा व्रतबन्धलाई हुम्ला जिल्लामा बतिबन्ध भन्ने गरिन्छ । व्रतबन्ध गरेपछि पितृ संस्कार गर्न योग्य मानिन्छ । व्रतबन्ध नै यस्तो संस्कार हो जो तागाधारीहरूको महत्त्वपूर्ण तथा नगरी नहुने संस्कार मानिन्छ । पहिले व्रतबन्ध सानै उमेरमा गर्ने गरेको पाइए पनि अहिले सानै उमेरमा गर्ने परम्परा बिस्तारै हट्दै गएको देखिन्छ । हुम्ला जिल्लामा व्रतबन्ध छिटै वा कम उमेरमा गर्ने गरेको पाइन्छ । व्रतबन्ध घर तथा मन्दिरमा गर्ने गरीन्छ । व्रतबन्ध गर्दा सर्वप्रथम शुभ दिन जुराइन्छ । पण्डित तथा गुरुद्वारा मन्त्रदान गरी जनै लगाउने काम भएपछि व्रतबन्धको कार्य सम्पन्न भएको पाइन्छ ।

### २.६.८ बिवाह

बिवाह सोह्र संस्कार मध्येकै एक महत्त्वपूर्ण संस्कार हो । बिवाह बन्धनका विभिन्न प्रकार प्रचलनमा आएका छन् । बिवाह सामाजिक आवश्यकता तथा पारिवारिक बन्धन हो । आज भोलि बिवाहका विभिन्न प्रकार देख्न सकिन्छ । महत्त्व प्रेम बिवाह, मागी बिवाह,गन्धर्व बिवाह,अदालती बिवाह, जनवादी बिवाह र अन्तरजातीय बिवाह आदि यी बिवाह भए तापनि यस जिल्लामा मागी बिवाह र गर्न्धव बिवाह प्रचलनमा रहेका छन् ।

हुम्ला जिल्लामा सानै छँदा केटी माग्ने चलन रहेको छ । यसरी सानै हुँदा मागेका केटाकेटीको बिवाह पछि ठुलो भएपछि गर्ने चलन रहेको छ । यसरी सानै छँदा मागेका केटाकेटी बिच बिवाह गर्दा कतिपय कुराहरूमा कठिनाइ उत्पन्न हुने हुनाले अर्को व्यक्तिसँग प्रेम बिवाह वा भागी बिवाह हुने गरेको छ । पहिले पहिले सानै उमेरमा बिवाह गरे पनि आजभोलि यो चलन कम हुँदै गएको छ तथापी यहाँ अरू ठाँउको भन्दा चाडै १६ - १७ वर्षको उमेरमा प्रायजसो बिवाह हुने गरेको पाइन्छ ।

हुम्ला जिल्लामा अधिकांश प्रेम बिवाह अथवा भागी बिवाह गरेको पाइन्छ । केटाकेटीबिच कुरा मिलेपछि भगाएर लैजाने चलन रहेको छ । भागेर गइ सकेपछि अभिभावकले बिवाह गरी दिने र कहीँ कतै छोराछोरी भइ सकेपछि पनि बिवाह गरेको पाइन्छ । त्यस्तै यस जिल्लामा केही जातिको बिवाह पण्डितद्वारा सम्पन्न गराइन्छ भने केही जातिको धामीझाँकी हेराएर बिहे गर्ने र धामीझाँकीबाटै बिहे सम्पन्न गराइन्छ । दलित जातिमा ज्वाइ र भान्जाद्वारा बिवाह सम्पन्न गराइन्छ । भोटे लामा तथा तामाङ जातिमा लामाद्वारा बिवाह सम्पन्न गराउने चलन छ ।

### २.६.९ मृत्यु संस्कार

यो मानिसको जीवनको अन्तिम संस्कार हो । यस जिल्लामा मान्छे मर्दा बाजा बजाएर मलामी जाँदा काठ लैजाने चलन रहेको छ । यहाँ मान्छे मरेपछि जलाउने तथा गाड्ने दुबै चलन रहेको छ । उमेर पुगेका वा विवाह व्रतबन्ध भएकाहरूको मृत्यु हुँदा जलाउने र साना उमेर तथा व्रतबन्ध नभएका मान्छेलाई गाड्ने गरीन्छ । मृत्युपूर्व गौदान गर्ने चलन तागाधारीहरूमा छ । बाजाएर शव यात्रा चलाउने चलन भने प्राय सवै जातिहरूमा रहेको पाइन्छ । भोटे जातिमा भने मृत्यु संस्कार अलिकति भिन्न रहेको छ । लामालाई हेराएर लामाले कुन विधिबाट भन्छ त्यही विधिबाट मृत्यु संस्कार गरिन्छ । उनीहरूमा गाड्ने, जलाउने, ओडारमा राख्ने र डाँडामा लगेर छोड्ने चलन रहेको छ ।
मान्छे मरेको दिन कपाल खौरी काजक्रिया सुरु गरिन्छ । तेह्रौं दिनमा गाई दान गरी जुठो छोड्ने र सोही दिन मलामीलाई भात खुवाइ यो कार्य सम्पन्न गरिन्छ । कुनै कुनै जातिमा तेह्रौं दिनमा खसीबाखा काटी जुठो छोड्ने चलन छ । कुनै जातिमा आर्थिक विपन्नताका कारणले मरेको दिन किरिया नगरी वर्षमा कुनै एक दिन किरिया सम्पन्न गरी काज -किरिया सम्पन्न गरिन्छ ।

### २.६.१० श्राद्ध तर्पण

मानिसको मृत्युपछिको संस्कार श्राद्ध तर्पण हो । मानिसको मृत्यु भएको एक वर्षसम्म मृत्यु भएको तिथि पारेर मासिक श्राद्ध गरिन्छ भने एक वर्ष वितेपछि प्रत्येक

वर्ष मृत्यु भएको तिथि पारेर श्राद्ध गर्ने गरिन्छ । हुम्ला जिल्लामा पनि बाहुन क्षत्रीमा यो चलन रहेको छ भने व्यासी समुदायमा श्राद्ध गर्ने चलन छैन ।

## २.७ चाडपर्वहरू

हुम्ला जिल्लामा यहाँका मानिसले मान्ने चाडपर्वहरूमा केही अन्य जिल्लासँग मेल खान्छन् भने केही चाडपर्वहरू हुम्लाको परिवेशमा स्थानीय स्तरमै सीमित रहेका छन् । यिनीहरूको छोटो परिचय तल दिइएको छ । यहाँ राष्ट्रिय चाडबाडहरू क्रमशः भित्रिदै गएको देखिन्छ । दसैं, तिहार जस्ता चाडहरू यस क्षेत्रमा फैलिदै गएको देखिन्छ । केही वर्ष अघिसम्म तिहारमा भाइटिका मनाउने चलन बाहुन, ठकुरी र क्षत्रीमा रहेको भए पनि अहिले सबै जाति र क्षेत्रमा यस चाडलाई मनाउने गरिएको पाइन्छ ।

### २.७.१ दसैं

घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म दसैं पर्व मनाउने भए तापनि यस जिल्लामा अष्टमी र महानवमीलाई नै महत्त्वका साथ मनाउने गरिन्छ । यी दुबै दिन बोका राँगाको बली दिइ देवीको पूजा गरिन्छ । दशमीको दिनमा टीकाटालो गर्ने तथा डेउडा खेल्ने गरिन्छ । यो पूर्णिमाका दिनसम्म निरन्तर रहि रहन्छ । आफ्ना मान्यजन कहाँ गएर टीका लगाउने कार्य पूर्णिमासम्म कायम रहन्छ । यहाँ सानाले ठुलालाई टीका लगाउने तथा दोहोरो टीका र जमरा लगाइ दिने चलन रहेको छ ।

### २.७.२ तिहार

यम पञ्चकको समयावधिलाई तिहार मानिए तापनि यहाँ खास गरी भाइटिकालाई नै तिहार मानिन्छ । भाइटिका मनाउने चलन पनि हालै भित्रिएको पाइन्छ । दिदी बहिनीले टीका लगाई भाइहरूलाई टाटे, चिउला, रक्सी, मासु , खुवाउने चलन रहेको छ भने भाइले दक्षिणा दिने चलन रहेको छ । यस दिन दाइभाइ नाता पर्नेहरूलाई दिदी बहिनीले निम्ता दिई घरमा बोलाउने चलन रहेको छ । धेरै बहिनी भएका भाइले विहानदेखि वेलुकासम्म सबै दिदी बहिनीका घरमा पुगेर टीका लगाइ माग्ने गरिन्छ । यस जिल्लामा तिहारलाई जुवा तिहार पनि भन्ने गरिन्छ । यस पर्वमा जुवा खेल्ने हुनाले यसलाई जुवा तिहार मानिएको हो ।

### २.७.३ वैशाख सङ्क्रान्ति/तागा

यस चाडलाई आम नेपाली नयाँ वर्षको सुरुवात भएको दिनमा नयाँ अपेक्षा, उद्देश्य तथा वर्षभरिनै  रमाइलोसँग वित्ने कामना गरी मनाउ छन् । यस पर्वलाई सुदूर पश्चिमतिर विसु पर्वका रूपमा मानिन्छ भने हुम्लामा तागा पर्वका रूपमा मानेको देखिन्छ । हुम्लामा वैशाख सङ्क्रान्तिलाई विशेष गरी बाहुन जातिले तागा पर्वका रूपमा मनाउछन । तागा भन्नाले जनै भन्ने बुझिन्छ । जनै लगाउने जातिमा यस चाडलाई महत्त्वका साथ मनाउने गरीन्छ । यस जिल्लामा यस चाडलाई विशेष गरी महिला विशेष चाड मानिन्छ तापनि पुरुषले यस दिनमा जनै लगाएर कात्तिक ६ गते मनाउने तागा पर्वमा जनै फाल्ने चलन रहि आएको छ । यस दिन महिलाहरू व्रत बसी दिउँसो नृत्य, पूजापाठ गरी पतिको दीर्घायुको कामना गर्दछन् । यो दिन महिलाले मिठा मिठा परिकार बनाएर सवै  परिवार तथा घर घरमा बाड्ने चलन रहेको छ । तागा गीतमा पनि पतिको सुख तथा समृद्धिको कामना गरिएको पाइन्छ । यो दिन पतिको पूजा गरेर मात्र खाने चलन रहेको छ । पति मरेका तथा पति घरमा नभएको अवस्थामा भए महिलाले सारै नरमाइलो महसुस गरेको पाइन्छ ।

### २.७.४ माघे सङ्क्रान्ति (माघी)

यस जिल्लामा माघे सङ्क्रान्तिलाई नारी तिहारका रूपमा मानिन्छ । यस दिन मिठा परिकार बनाएर खाने गरिन्छ । यस दिन बिहान नुहाउने चलन छ । ननुहाए लुतो रोग लाग्छ भन्ने मान्यता रहेको छ । आउँदा माघी र जाँदा माघी गरी माघी दुइ पटक मनाइन्छ । माघे सङ्क्रान्ति मनाउन वनमा गएर तरुल ल्याइ खाने चलन रहेको छ । नारीहरू रातीमा डेउडा खेल्ने तथा नृत्यहरू गरी रमाउने चलन रहेको छ । दिदी बहिनीलाई दक्षिणा दिने चलन पनि रहेको छ । यस दिनमा कागलाई भात दिने र वरिपरि रहेका दिदी बहिनीलाई भात खुवाउने चलन रहको छ ।

### २.७.५ साउने सङ्क्रान्ति

यस जिल्लामा साउने सङ्क्रान्तिलाई कसैले साउन १ गते र कसैले भदौ १ गते मनाउने चलन रहि आएको छ । यो  चाडलाई असारको थकाई मेटाउने चाडका रूपमा

मनाउने गरिएको छ । यस दिन धुपीका दाउरा बाली देवी देवतालाई घरभित्र भित्रयाउने भन्ने मान्यता रहि आएको छ । यो दिन खास गरी मिठा परिकार पकाएर खाने गरिन्छ । यस जिल्लामा साउने सङ्क्रान्तिलाई राँके सङ्क्रान्ति पनि भनिन्छ । घरका छतहरूमा सल्लाको झरो बालेर झिलिमिली बनाउने चलन पनि रहेको छ । भदौ १ गते मनाउने सङ्क्रान्ति बारी, खेत र गराहरूमा मेलको हांगा, झिझिर काँडी रोपेर खेतबारीमा रोग लाग्दैन भन्ने मान्यता रहि आएको छ । घरका झ्यालढोकामा झिझिर काँडी राख्नाले घरभित्र भूत प्रेत जान पाउँदैन भन्ने मान्यता रहि आएको छ ।

### २.७.६ बुद्ध पूर्णिमा /ल्होसार माने पर्व

बुद्ध पूर्णिमा/ल्होसार माने पर्व हुम्ली बुद्धमार्गीको महत्त्वपूर्ण मार्गहरू (चाडहरू) हुन् तापनी माने पर्वमा हुम्ली बौद्ध समुदायको छुटै सांस्कृतिक विशिष्टता रहेको भेटिन्छ । यो पर्व माघ शुक्ल त्रयोदशीदेखि सुरु गरी लामा जातिले मनाउछन् । घर लिपपोत गर्ने,घर सरसफाई गर्ने,सफासुग्घर बन्ने,मिठा परिकार बनाइ आफन्तलाइ खुवाउने,दान दिनुका साथै गाउँका अधिकांश मानिस गुम्बा या साझा स्थलमा जम्मा भइ विभिन्न थरी मुखुण्डो र रङ्गीविरङ्गी पोसाकहरू पहिरिएर गीत एवम् बाजाका तालमा नृत्य प्रर्दशन गर्दा साच्चै अनौठो लाग्छ, (पाण्डे २०५८:१४) ।

## २.८ शैक्षिक अवस्था

यस जिल्लामा शिक्षा क्षेत्रमा सबै वर्गको पहुंच समान किसिमले पुग्न सकेको छैन । यहाँका मानिसहरूमा शिक्षाप्रति चाँसो भए तापनि खेतीपाती नगरे खान नपुग्ने तथा पशुपालन नगर्दा सामान ढुवानी गर्न नसकिने हुंदा अधिकांश परिवार पशुपालन र खेतीपातीमा लागि परेका देखिन्छन् । शिक्षा प्राप्तिको अर्को समस्या आर्थिक विपन्नता पनि बन्न गएको छ । घरका अभिभावक कामको खोजीमा टाढाटाढा जानुपर्ने तथा भौगोलिक विकटताका कारण नजिक विधालय नहुनु जस्ता कारणले गर्दा शिक्षा क्षेत्रमा चिताएको जस्तो प्रगति हुन सकेको छैन ।

छात्रको तुलनामा छात्राको विधालय भर्ना दर अति नै कम छ । विधालय भर्ना भएकामा पनि सानै उमेरमा बिहे गर्ने र परिपक्व नहुंदै बच्चा जन्मिनु पनि विधालय

छोड्नु पर्ने प्रमुख कारण देखिन्छ । यस क्षेत्रका मानिसको व्यापक गरीबी र चेतनाको अभावले पनि शिक्षामा लगानी भएको जति सहभागीता भएको देखिदैन । विधालयमा खाजा (लिटो) कार्यक्रम, निःशुल्क शिक्षा कार्यक्रम र छात्रवृति जस्ता सरकारी कार्यक्रमले विधार्थी भर्नादर बढाएको देखिन्छ ।

यस जिल्लामा साक्षरता प्रतिशत ३६% रहेको छ । यस जिल्लामा मुख्य शैक्षिक सङ्ख्या निम्नानुसार रहेका छन् :

**तालिका सङ्ख्या - ७**

| **क.सं.** | **विवरण** | **सङ्ख्या** |
|---|---|---|
| १ | क्याम्पस | १ |
| २ | उच्च मा.वि. | ५ |
| ३ | मा.वि. | १७ |
| ४ | नि.मा.वि. | २५ |
| ५ | प्रा.वि. | ९१ |
| ६ | बाल विकास केन्द्र | ११६ |
| ७ | प्राविधिक शिक्षालय | १ |

स्रोतः **एकीकृत जिल्ला विकास योजना २०६८, हुम्ला ।**

यस जिल्लाको शिक्षातर्फको विकासलाई हेर्दा विकासात्मक रूपले बढि रहेको देखिन्छ । यस जिल्लाको पछिल्लो चरणमा शैक्षिक चेतना अभिवृद्धि भएको देखिन्छ :

**हुम्ला जिल्लाको शैक्षिक सूचकाङ्कहरू**

**तालिका सङ्ख्या -८**

| सिन | विवरण | सङ्ख्या/प्रतिशतमा |
|---|---|---|
| १ | प्रति गा.वि. स. प्रा.वि. | ५ |
| २ | सहजै देखिने विधार्थी भर्नादर | ०० |
| ३ | खुद विधार्थी भर्नादर | ७४% |
| ४ | कक्षा दोहोराउने प्रतिशत | ११.८ % |
| ५ | प्रति विधालय विधार्थी सङ्ख्या | १३० |
| ६ | कक्षा छोड्ने प्रतिशत | १२.७९ % |
| ७ | विधालय शिक्षक अनुपात | २:६३ |
| ८ | छात्रा भर्नादर | ८२.३% |
| ९ | छात्र भर्नादर | ८७.५% |
| १० | प्रा.वि. शिक्षक विधार्थी अनुपात | १:२३ |
| ११ | नि.मा.वि. शिक्षक विधार्थी अनुपात | १:३१ |
| १२ | मा.वि. शिक्षक विधार्थी अनुपात | १:३६ |
| १३ | बालविकास शिक्षक विधार्थी अनुपात | १:२४ |
| १४ | जिल्लाको सर्म्पूण साक्षरता प्रतिशत | ३६% |

**स्रोतः हुम्ला शैक्षिक दपर्ण २०७०**

## २.९ स्वास्थ्य सेवा

हुम्ला जिल्लामा १ जिल्ला अस्पताल, १९ उपस्वास्थ्य चौकी, १० स्वास्थ्य चौकी र १ आयुर्वेद अस्पताल रहेका छन् । यस जिल्लामा बसोबास गर्ने मानिसको औसत आयु ५३ वर्ष रहेको छ । यस जिल्लाको मानव सूचकाङ्क ०.२२४ रहेको छ ।

हुम्ला जिल्लामा स्वास्थ्य सेवाको भरपर्दो सुविधा उपलब्ध हुन सकेको छैन । अशिक्षा र अन्धविश्वासका कारणले कतिपय मानिस बिरामी हुँदा पनि धामीझाक्रीमा विश्वास गर्दछन् । अन्धविश्वासमा लागेर स्वास्थ्य सेवा लिन नसकि रहेको अवस्था छ भने यहाँका

स्वास्थ्य कार्यालयमा दरबन्दीमा भएका डाक्टर र कर्मचारीहरू पनि प्रायजसो उपलब्ध नहुने अवस्था रहेको छ । यहाँ स्वास्थ्य कार्यालयमा औषधि उपलब्ध नहुनु अर्को कारण हो । यहाँका अधिकांश मानिसहरू उपचारका लागि नेपालगञ्ज, सुर्खेत तथा भारतीय अस्पतालमा उपचारका लागि धाउने गर्दछन् । आर्थिक अवस्था कमजोर भएका मानिसले अकालमै ज्यान गुमाउनु परि रहेको देखिन्छ । यहाँ स्वास्थ्य संस्थामा पनि बिरामी प्रति त्यति चासो लिएको देखिंदैन ।

यहाँका मानिसहरूले सरकारले उपलब्ध गराएका सेवाहरू प्राप्त गर्न नसकेको देखिन्छ । सुत्केरीले घरमा नै बच्चा जन्माउँछन् । सुत्केरी गराउँदा नजिकका स्वास्थ्य, उपस्वास्थ्य चौकीमा दरबन्दी भए पनि स्वास्थ्य कार्यकर्ता उपस्थित नहुने भएकाले घरमै अव्यवस्थित रूपमा सुत्केरी गराउँन बाध्य छन् । लामो समय बिरामी हुँदा पनि स्थानीय जडीबुटीमै भर पर्नुपर्ने यहाँको बाध्यता छ ।

## २.१० भाषा

क्षेत्रफलका आधारमा हुम्ला जिल्ला नेपालको ठूलो दोस्रो जिल्ला हो । यस जिल्लाको कुल जनसङ्ख्या५१००८ मध्ये नेपाली भाषालाई आफ्नो मातृभाषाको रूपमा प्रयोग गर्ने जनसङ्ख्या ७८.२ % रहेको छ । भोटे, लामा भाषा बोल्नेको सङ्ख्या २०.२ % रहेको छ भने अन्य भाषा बोल्नेको सङ्ख्या१.६ % रहेको छ (राष्ट्रिय जन गणना २०६८)। हुम्ला जिल्लामा नेपाली भाषाको माझाली भाषिकाको हुम्ली उपभाषिकाको प्रयोग गर्नेको वाहुल्य रहेको देखिन्छ जुन उपभाषिका कथ्य रूपमा प्रचलित छ । भाषाशास्त्री वालकृष्ण पोखरेलले हुम्ला जिल्लामा बोलिने उपभाषिकालाई नेपाली भाषाको माझाली भाषिकाका रूपमा उल्लेख गरेका छन् ।उपभाषिकाको चिनारी दिदै लेख्छन भाषिकाका उपभेदलाई उपभाषिका भनिन्छ (गिरी २०५३ : १) । यस भनाईवाट हुम्ला जिल्लामा बोलिने भाषिका माझाली भाषिकाको उपभाषिका हो भन्न सकिन्छ ।

हुम्लेली उपभाषिकाका केही शब्दहरू र तिनको स्तरीय नेपाली रूप यस प्रकार छ ।

| हुम्ली उपभाषिकाका शब्द | स्तरीय नेपाली शब्द |
|---|---|
| डेर | डेड |
| खर्च | खाना |
| अन्नी | नास्ता |
| तुमी | तिमी |
| पुल्ती | पुतली |
| आइ | आज |
| अफाठो | असजिलो |
| लोड्नु | खोज्नु |
| छियो | थियो |
| ल्याइदियानहन् | ल्याइदिएन |
| केन | किन |
| हपि | माथि |
| आएनहन् | आएनछन् |
| त | अँ |
| बाइजौं | गइहालौं |
| खुरीमुरी | कलड्नुखस्नु |
| गलाइ | थकाइ |
| सिग्रो | शीतल |
| अक्को | अर्को |
| ओखल | धान कुट्ने साधन |
| ओडो | नजिक |
| उइका | उसका |
| उम्खरा | कसौंडी, लोटा |
| आङ | आङ |

| | |
|---|---|
| केइ | केही |
| कैसँङ | कोसँग |
| कैको | कसको |
| कुइडो | कुइरो |
| कैन | कसलाई |
| कइका | कसका |
| केला | केरा |
| क्याले | केले |
| खोटी | काम नलाग्ने |
| ख्वायो | खुवायो |
| गरु | भारी |
| गौं | गहुँ |
| गुराउँसी | गुराँस |
| गुनी | ढेडु |
| गया | गए |
| घाणो | घण्टी |
| चडी | चरी |
| चुक | अमिलो |
| चौड | चौर |
| चिफिल्लो | चिप्लो |
| झुरी | दुब्ली |
| झड्डो | झर्नु |
| टाला | लुगा कपडा |
| ठेग | फेद,मुनि |
| ठौर | ठाउँ |

| | |
|---|---|
| तकुँ | हेरु |
| थान | स्थान |
| था | थाहा |
| दुखारी | दुखी |
| देउ | देवता |
| धत्ती/धत्ती | धर्ती |
| धेक्किनु | देखा पर्नु, देखिनु |
| धितमद्दा | धीत मर्नु |
| धेक्तो छु | देख्छु |
| धुनु | सफा गर्नु |
| निका | राम्रा |
| वास | आवास |
| छेत्या | क्षेत्री |
| न्वालो | कुवा |
| नानो | सानो |
| निच्चो | होचो |
| नौलो | नयाँ |
| निउतो | निम्तो |
| परानी | प्राण |
| पड्नु | पर्नु |
| पैल्ली | पहिले |
| पछ्यार | पछाडि |
| पाइल्या | पाइहाले |
| पुत्याली | सन्तान भएकी आइमाई |
| पड्दा | र्छन् |

| | |
|---|---|
| फारु | फारो |
| बास्नु | बोल्नु |
| बयली | हुरी |
| बल्द | गोरु |
| बजाया | बजाए |
| बिगाड्या | बिगारे |
| बेच्या | बेचे |
| भुन्दा | भन्दा |
| रइगइ | रहि हाल्यो |
| रइग्या | रहिहाले |
| रनबन | बनैभरि |
| लैग्यो | लगि हाल्यो |
| लोटेका | लडेका |
| लत्ता | लुगा |
| सल्ला/चाँचो | सल्लाह |
| गड्डी छु | गर्दै छु |
| हुँला | हौला |
| तुइन | तँलाई |
| मुइ | म |
| जुँरा | जुम्रा |
| टिन | तिन |
| उखाल्नु | बान्ता गर्नु |
| तम्मो | तिम्रो |
| कप्पाल | टाउको |
| रुवाँ | रौं |

| | |
|---|---|
| बेली | हिजो |
| तो | तँ |
| बड्डाबड्डी | बुढाबुढी |
| छोट्टी | केटो |
| छोट्या | केटा |
| नापा | थोरै |
| धेलो | ढोका |
| तुल | खेतीबाली |
| थर्रो | चिम्टा |
| थोलो | मुख |
| डाल्दा | गरीब |
| मुन | मन |
| तुमाउ | तमाखु |

हुम्ली उपभाषिकाका केही शब्द नेपाली मानक भाषासँग मेल खाने किसिमका छन् भने यहाँको भाषामा ओरपच्छिमा, मझपछिचमा र परपच्छिमा भाषिकासँग पनि मेल खाने किसिमका छन् । यस उपभाषिकाका कतिपय शब्दहरूको गोर्खाली भाषिर्कासँग मेल खाएको पाइन्छ । नेपाली भाषाको पूर्व रूप यहाँको बोलीमा भेट्न सकिन्छ ।

यहाँ कतिपय स्थानमा ‘म’ लाई ‘मु’, ‘तँ’ लाई ‘तु’, ‘भ’ लाई ‘भु’ र ‘द’ लाई ‘ध’ उच्चारण गरेको पाइन्छ ।

## २.११ हुम्ला जिल्लामा लोक साहित्यको स्थिति

हुम्ला जिल्ला लोक साहित्यको भण्डारका रूपमा रहेको पाइन्छ । यहाँ लोक साहित्य अहिले पनि अलिखित अवस्थामा रहेको छ । विभिन्न प्रकारका लोकगीत, लोकगाथा, लोककथा, लोकोक्ति, दन्त्यकथा, पर्वगीत र गाउँ खाने कथा आदि लोक साहित्यका सामग्रीका रूपमा रहेका छन् ।

### २.११.१ लोकगीत

लोक साहित्यका विभिन्न विधाहरूमध्येको एक प्रचलित विधाका रूपमा लोकगीतलाई लिइन्छ । हुम्ला जिल्लामा प्रचलित केही लोकगीतहरू निम्नानुसार छन् : हुम्ला जिल्लामा डेउडा गीत, पर्व  गीत, मागल, ऋतुकालीन गीत छैठ, न्वार्नी, बिहे गीत र चाँची आदि लोकगीतका रूपमा रहेका छन् । तिनको संक्षिप्त परिचय यहाँ प्रस्तुत छ :

### २.११.२ डेउडा

डेउडा पश्चिम नेपालको ढुकढुकी हो । सिङ्गो लोक संस्कृतिलाई जोगाएर राख्न सफल लोक साहित्यको अमूल्य सम्पदा हो । डेउडालाई पश्चिम नेपालको लोक संस्कृति, रहनसहन, बेशभुषा तथा परम्परालाई जोगाएर राख्ने अमूल्य निधिका रूपमा लिन सकिन्छ । डेउडालाई नेपाली बृहत शब्दकोषमा यसरी अर्थ्याइएको छ ।

१ .पश्चिम नेपालको लोक गीतमा चल्ने एक ताल डेउडा ।

२. सङ्गीतको प्रकारको ताल, सङ्गीतको तालभेद (त्रिपाठी २०४० : ६६४)

यस जिल्लाको स्थानीय भाषिकामा डेउडाको अर्थ घुमाउरो हुन्छ । डेउडा खेल्दा घुम्दै र खुट्टा बर्टार्दै कदम मिलाइने हुनाले डेउडा नाम रहन गएको देखिन्छ । यहाँ खेल्नलाई खेल लगाउनु भनिन्छ । वास्तवमा डेउडा एक प्रकारको साङ्गीतिक खेल हो । यसमा केटाकेटी बिच दोहोरी चल्ने र हारजित हुने गर्दछ । केटा र केटी मिली परस्परमा हात समाउदै एकातिर गीत गाइने र अर्कोतिर पाइला चालिने लोकगीतलाइ डेउडा भनिन्छ । (नरहरी नाथ (२०२१ :१८) । डेउडा खेल्दा दुई पाइला अगाडि र एक पाइला पछाडि सार्दै शरीरलाइ लचिलो बनाइन्छ । डेउडा विभिन्न चाडपर्वका साथै  जुनेली रातमा समेत खेलिन्छ । डेउडा गीतमा खास गरी नौली,बाँजकली, सुवा, सोल्टी, साल्ली,  नेउल्या दैयौ जस्ता प्रतीकात्मक शब्दहरूको प्रयोग भएको हुन्छ । गीतको सुरुमा  नै कठैदैन जस्तो भाकाको प्रयोग गरिन्छ भने अर्कोतिर छमक्क छमक्क, नौली हदेली,मेरा लाया पिरती अ जस्ता भाकाहरू पनि प्रयोगमा आएका हुन्छन् । डेउडा गीत मार्फत युवा-युवती, बुढा-बुढी डेउडीयाले आफ्ना भाव अभिव्यक्ति पोख्ने गर्छन् भने सामन्ती संस्कारका उत्पीडन, गलत राजनितिक प्रवृत्ति, गरीबीका पीडा, बिदेसिनुको पीडा, माया पिरतीका कुरा आदि

पनि तिनका माध्यमबाट अभिव्यक्त भएका हुन्छन् । केही डेउडा गीतका नमुनाहरू यस प्रकार छन् ।

- अद्दकी कम्पनी माला, अद्दकी पोत्या नाइ ।
  अद्दकी बासमति चावल, अद्दकी कोदे नाइ ॥
- लेक उठ्यो काठा कुइडो, लेकै बानिदो हो ।
  घाम लाग्याको दिन मधुरो, किन मानिदो हो ?
- कर्णाली घुमाउटो पड्यो, लौडी बगाउँदैन ।
  वैरागीका वैरी मन, घुमी अगाउँदैन ॥

यसरी डेउडामा डेउडा पारखीका कण्ठ कोकिलदेखि निस्केका काव्य धाराहरूले जन मानसका भावनाहरूलाई प्रतिबिम्बित गरेका हुन्छन् । तसर्थ विनोदमय शैलीमा तत्काल प्रश्नोत्तर प्रवाह चलि रहने डेउडाको लोक साहित्यका फाँटमा विशेष महत्त्व रहेको छ ।

### २.११.३ पर्वगीत

विभिन्न चाडपर्वमा गाइने गीतहरूलाई पर्वगीत भनिन्छ । यस्ता गीतहरूमा नाचगानले स्थान पाएको हुन्छ । यस जिल्लाका विभिन्न ठाँउहरूमा विभिन्न किसिमका पर्वगीत प्रचलित छन् । विशेषत भुओ, भैलो र तागा आदिमा गाइने गीत नै पर्वगीत हुन् । यी गीतमा गाइने केही अंश यस प्रकार छन् ।

#### २.११.३.१ भैलो

भैलो हुम्लामा मङ्सिर पूर्णिमाका दिन मनाउने चाड हो । तिहारमा खेलिने भैलोमा भैल्यारा प्रत्येक घरमा गएर भैली खेलेर चामल र दाल जम्मा गर्ने गर्छन् । चामल र दाल जम्मा गरेको निहुँमा एक दिन भैलोबाट जम्मा भएको चामलबाट भैल्या भात खाने गरिन्छ । भैली खेल्ने (भैल्याराहरू) समेत अरू सबै गाउँका सदस्यहरूले भैल्या भात खाई डेउडा खेल्ने चलन रहेको छ । घर घरमा भैली खेल्नेलाई मिठा परिकार दिने चलन छ । भैल्याराहरूले घरका सबैलाई धन सम्पत्ति होस्, शान्ति र मेलमिलाप होस् भनेर आशिष दिने चलन रहि आएको छ ।

### २.११.३.२ भुवो

भुवो पुस औंसीका दिन हुम्ला जिल्लामा मनाइने एक विशेष चाड हो । यो विशेष गरी पुरुषले मनाउने गरिन्छ । यसमा दिनरात जाग्राम बसेर रमाइलो गर्ने गरिन्छ । गाउँका सबै पुरुष मान्छे जम्मा भएर आगाका वरिपरि बसी भुवो गीत गाउने र एक आपसमा ख्याल ठट्टा गर्ने गरिन्छ । खास गरी यस दिनमा बलिराजाको पूजा गरिन्छ । भुवोको दिनमा बलिराजा सम्बन्धी कथाहरू भनेर रमाइलो गरेको देखिन्छ । मिठा परिकार खाने र बलिराजाका त्याग, दान र कर्मको बारेमा चर्चा गरेको पाइन्छ ।

यो चाड पुष १५ गने औंसीका दिन मनाइन्छ । १५ औंसीको राति जमिनमा आगो बालि रातभरि भुओगीत गाउदै अग्नि पूजा गर्दै रमाइलोसँग मनाइन्छ । भुओको अर्थ अग्नी भन्ने बुझिन्छ । भुओमा गाइने भुओ गीत यस प्रकार रहेका छन् :

**राति**

पैला भुओ कहाँ उब्ज्यो ?

पैला  भुओमान सरोवरमा उब्ज्यो ।

मानसरोवरका भुओले क्यु बर पायो ?

मानसरोवरका भुओ असनान् पायो ।

यारीका भुओले क्या बरु पायो ?

यारीका भुओले बोरी नुन  पायो ।

**विहान**

नारु गाईका डाडु दुध औटी राड्या खिर

आजको लाजपति महादेव शिर ।

यसरी राति भुओ गीत गाउने चलन छ भने भुओसँगै अस्लिन कुरा पनि भन्ने, ठट्टा गर्ने भएकाले बिहान सवै नराम्रो कुरा बोलेकामा सवै देवतासँग क्षमा माग्दै भुओ चाड सम्पन्न गरिन्छ ।

### २.११.३.३ खोदाइ/ चुट्किला

यो चुट्किला जुनसुकै राम्रो काम अथवा उत्सवमा भन्ने गरिन्छ । घर सराई, विवाह, ब्रतबन्ध, छैट र न्वारानमा भन्ने गरिन्छ ।

झटपट लटपट चलिआइछन् गोपाउ बन्दन् गौरीको धान

एकुरी जौभाई कविलास नाउँमै दोसरीकुन खोदाइ

दोसरी जौभाइ सरोवर नामै तेसरी कुना खोदाइ ।

### २.११.३.४ चाच्ची (चाड्ची, चाँचडी)

हुम्लामा चाच्ची (चाड्ची) भनेर गाइने गीति सामग्रीलाई सुदूर पश्चिमाञ्चलतिर यसलाई चाँचडी (चाँचरी) भन्ने गरेको पाइन्छ । यस्ता चाँचरीहरू देवी देवताको स्तुति, पौराणिक घटनाहरूलाई स्थानीय रूपमा ढालेर गरिएका वर्णनलाई चाँचरी भन्ने गरेको पाइन्छ । मूलतः चाड्चीहरू आर्शिवादात्मक, उपदेशात्मक र मनोरन्जनात्मक हुन्छन् । विभिन्न सांस्कृतिक पर्वहरू एवम् टोल छिमेकका सुखद क्षणहरूमा चाड्ची गाइन्छ । यी कुनै लामा हुन्छन् भने कुनै छोटा हुन्छन् । केही चाड्ची गीतहरू निम्नानुसार छन् :

घटै बह्मा घटै विष्णु घटै महेश्वर ।

पञ्चै हिमाल पञ्चै देव पञ्चै महेश्वर ॥

केशुका मैजु केशुका दाँदा ।

चुवाका मैजु चन्दनका दाँदा ॥

सालका मैजु साँजका दाँदा ।

सगुन -प्रसादी) ल्याओ हमी वाँडी खाँदा ॥

दुबो दैचामल ल्याओ हामी थाडा जाँदा ।

अगेठो हाल हामी थाडा जाँदा ॥

छ त - थाडामा गइसके पछि गाउने गीत) ।

गुरु ब्रह्मा गुरु विस्नु गुरु महेश्वर ॥

सर सर मदनीयौ तिम्रा महेश्वर ।

महादेव, महारुद्र तिमी महेश्वर ॥

आकाश इन्द्र पाताल बासु तिमी महेश्वर ।
भरे मन्दिर काष्ट पाखन तिमी महेश्वर ॥
धर्ती धर्म पौन पानी तिमी महेश्वर ।
कालिका मालिका देव तिमी महेश्वर ॥
बाह्रै देव तेत्तिसकोटी तिमी महेश्वर ।
बाह्रै तिर्थ पञ्चै हिमाल तिमी महेश्वर ॥

यसरी चाँचरी देवी देवताको स्तुति पौराणिक घटनाहरूमा आधारित रहेको पाइन्छ । समाजमा मनोरञ्जन प्रदान गर्नुका साथै हाम्रो धर्म परम्परा जोगाउने काम गरेको पाइन्छ ।

खेत जो रोपन्ना जारो मारसो
इलची फालन्ना साँउ
ऐइ घरका अवसर गन्नौ
लाख वर्ष बाच्या रहा
एइ आगौ एइ ऋतु ऐइ
थाडो खेलन आऊ ।

### २.११.३.५ मागल

मागल वा फाग संस्कार गीत हुन् । तिनलाई संस्कार अनुरूप गाउने हुनाले गीत भनिएको हो । हुम्ला जिल्लामा मागललाई मंगल, माङल भनेको पाइन्छ भने सुदूर पश्चिमका पहाडी जिल्लाहरूमा यसलाई 'फाग' भन्ने गरिएको पाइन्छ । यो विशेष गरी बिहे, दान, छैठ र व्रतबन्ध आदिमा महिलाहरूले बसेर लयवद्ध रूपमा सामुहिक गाउने गरेको पाइन्छ । यो गीत गाउँदा सामुहिक गाउने र माहुरी भुनभुनाए झैं गुनगुनाउने हुनाले यसलाई फाग भनिएको हो । फाग शब्दको अर्थ 'फागो' शब्दवाट बनेको देखिन्छ । यहाँ माहुरी बस्ने घारलाई फागो भन्ने गरिन्छ । यसको नाम जे सुकै भनेपनि विशेष खुसियालीमा विशेष संस्कारको मंगलमय कामना गरिने हुनाले यसलाई मागल वा

मङ्गल भनिएको पाइन्छ । मागल सम्वन्धी केही नमुना गीतहरू यहाँ प्रस्तुत गरिएका छन् ।

तमु कन्चनको कहाँ जरमनु भयो ?
तामा खानी कन्चनको जरमनु भयो ।
जाउन जाउन काल्मा आमा आरन जत्ति लाउन
पाँचै पल कन्चनको दिमारी सजायो ।
दशै पल कन्चनको लास सजायो ।
विसै पल कन्चनको कुड्का बनायो ।
नार भारा तोरी तेल दियारी भरायो ।
बार भारा सपुर (कपडा) को बानी बटायो ।
जाउन जाउन चेल्नी केटी बैसन्द (आगो) ल्याओ ।
बिन बैसन्द वत्ति बल्दैन
बैसन्द ल्याओ केटी वत्ति जगाओ ।
यीन बाल्या ज्वति  मुनि कोरको देउ बसन्ना
यीन बाल्या ज्वति मुनि महादेउ बसन्ना
यीन बाल्या ज्वति मुनि विष्णु देउ बसन्ना
यीन बाल्या ज्वति मुनि बह्मा बसन्ना
यीन बाल्या ज्वति मुनि वार देउ वसन्ना

यसरी विभिन्न कार्य एवम् उत्सवमा गाइने  मागलहरूमा कार्यको सफलता,दीर्घायुको कामना, देवी देवताको स्तुतिगान आदि गरिएको पाइन्छ ।

**२.११.४ लोकगाथा**

परम्परादेखि लोकमा मौखिक रूपले चल्दै आएको गेय विधाको एक रूप लोकगाथा हो ।  यसमा नृत्य र कथा हुन्छ । विभिन्न भावभङ्गीका साथ प्रस्तुत गरिने लोकगाथाबाट मनोरञ्जन,उपदेश र ज्ञान प्राप्त गरिन्छ । यसलाई शम्भु प्रसाद कोइरालाले आख्यानमा वाधिएको रचनाकार अज्ञात रही मौखिक परम्परामा चलेको, लोक संस्कृतिको

संवाहक बनेको प्राचीन वा समसामयिक घटनाको प्रस्तुतिकरण भएको सानो वा ठुलो आकारको लयवद्ध गीति रचना नै लोकगाथा हो भनेका हुन् ( कोइराला, २०५० : ७६) । लोकगाथामा वीरचरित्रको चित्रण पाइन्छ । यसले एकातिर महत्त्वपूर्ण राष्ट्रिय घटनाहरूलाई प्रकट गर्ने काम गर्दछ भने अर्कोतिर राष्ट्रिय गौरवको प्रस्तुति यसमा पाइन्छ । यसमा देवगाथा, वीरगाथा र सामाजिकगाथा आदि विभिन्न किसिमका लोकगाथाका थुँगाहरू पाइन्छन् । हुम्ला जिल्लामा रहेका लोकगाथाहरूमा भोट्या सवाइ, खार्पुनाथको गाथा, सुन्दर साही र चमरी झुमा गाथा, सृष्टिको गाथा र नैनसिंहको गाथा आदि यस जिल्लामा पाइने लोकगाथाका उदाहरण हुन् ।

### २.११.५ लोककथा

लोककथा पनि लोक साहित्यको एक अर्को महत्त्वपूर्ण विधा हो । समाजको चालचलन, रीतिरिवाज, सांस्कृतिक मान्यता, आर्थिक अवस्था आदिको प्रतिकारात्मक रूपको लोककथा हो । तसर्थ लोक जीवनको धर्म, सांस्कृतिक आचारविचार, जादु र टुना आदि कुराहरू हुनु लोककथामा सर्वत्र सुरक्षित मानिन्छ । लोककथाहरूमा मानवता, वहादुरी अनि उपदेश जस्ता कुराहरू प्रतिविम्बित भएका हुन्छन् । फुर्सदको समयमा भनिने लोककथाहरूले लोक जीवनको मन सजिलै जित्न सकेका हुन्छन् । लोककथामा रचनाको बारेमा उल्लेख हुदैन् तथा रचनाकार अज्ञात रहेको हुन्छ । लोककथामा रहस्य, रोमाञ्चक जस्ता अलौकिक तत्व र दुख सुख संयोग वियोग जस्ता भावको प्रधान्यता प्रशस्त मात्रामा रहेको हुन्छ । यी लोककथाहरूवाट एकातिर मनोरञ्जनमा मदत पुगेको हुन्छ भने ज्ञान आर्जनका लागि पनि त्यत्तिकै महत्त्वपूर्ण रहेका हुन्छन् । लोककथाले ऐतिहासिक तथ्य पनि समेटने हुनाले ऐतिहासिक  सत्यलाई निर्भिकता पूर्वक दान दिदै आएका हुन्छन् (यात्री, २०३४ : ८८) । लोककथाका पात्रहरू ऐतिहासिक पृष्ठभूमिमा जन्मे हुर्केका हुन्छन् । तसर्थ त्यस्ता पात्र भएका लोककथाले ऐतिहासिक विषय वस्तुलाई समेटेको हुन्छ । यस जिल्लामा पनि विभिन्न विषयवस्तुलाई समेट्ने किसिमका लोककथाहरू प्रचलित हुन् । सिलङ्गी डालीको कथा, पुन र वनमान्छेको कथा दुई

वहिनीको कथा हुन् । यी लोक कथाहरूमा ऐतिहासिक, पौराणिक र सामाजिक विषयवस्तु पाउन सकिन्छ ।

### २.११.६ लोकोक्ति

लोकोक्ति भन्नाले समाजमा रहेका भनाई भन्ने अर्थ दिन्छ । यसले भाषालाई खिरिलो तथा चमत्कारिक भाव र मिठास पूर्ण भाव व्यञ्जना प्रस्तुत गर्न मद्दत गर्दछ । लोकोक्तिलाई गाउँ खाने कथा, उखान र टुक्काहरूमा विभाजन गरेर हेर्न सकिन्छ ।

#### २.११.६.१ गाउँ खाने कथा

हुम्ला जिल्लामा गाउँ खाने कथालाई 'सिल्लक' र गौड्यासा गरी दुई प्रकारमा विभाजन गरिएको पाइन्छ । यस जिल्लामा आकारमा छोटा गाउँ खाने कथालाई 'सिल्लक' र लयबद्ध रूपमा गाउन मिल्ने गाउँ खाने कथालाई गौड्यासा भनेको पाइन्छ । गाउँ खाने कथा दिउँसो भनेमा अन्धो भइन्छ भन्ने मान्यता रहेको छ । त्यसकारण राति मात्रै 'सिल्लक' भन्ने गरीन्छ । रातिमात्रै भन्नुपर्ने अर्को कारण दिउँसो काममा व्यस्त हुने र फुर्सद नहुने भएकाले पनि रातिको समयमा सबै मान्छे एकै ठाउँ बसेर समय पनि कटाउने तथा रमाइलो पनि हुने भएकाले राति भन्ने गरिएको पाइन्छ । 'सिल्लक' मा प्रश्न सोध्ने र उत्तर दिने भएकाले उत्तर कर्ताले उत्तर दिन नसकेमा कुनै गाउँ दिनुपर्ने हुन्छ र प्रश्नकर्तावाट उत्तर लिनुपर्ने हुन्छ । यसले समय विताउन, मनोरञ्जन गर्ने, बुद्धि परिक्षण गर्नमा मद्दत पुऱ्याएको हुन्छ । यहाँ प्रचलित गाउँ खाने कथाका नमुना यस प्रकार छन् ।

- गुनगुने माउको गेलगेले रोटी, क्या हो ?

  -मह

- काट्दा सुख हुन्या तान्दा दुख्न्या, क्या हो ?

  रौं

- नान् नानी छोट्टीका पेटभरी कौडा, क्या हो ?

  मच्चा (खुर्सानी)

### २.११.६.२ उखान

लोक साहित्यको बिशेष सामग्रीको रूपमा उखानलाई लिएको पाइन्छ । उखानले भाषालाई रोचक, घोचक बनाउनमा विशेष भूमिका खेलेको हुन्छ । उखानहरूले भाषाको प्रस्तुतिमा चोटिलो प्रवाह पेश गरेको पाइन्छ । हुम्ली उपभाषिकाका केही प्रचलित उखान यस प्रकार छन् ।

**हुम्ली भाषिका :** उकालाको घल्या बल्द ओरालाको हात्ती

**नेपाली :** उकालाको घल्या गोरु ओरालाको हात्ती

**हुम्ली भाषिका :** एक भन्दा दुई भला

**नेपाली :** एक भन्दा दुई राम्रो

**हुम्ली भाषिका :** एक हातको आफू  नौ हातको कुडा

**नेपाली :** एक हातको आफू  नौ हातको कुरा

**हुम्ली भाषिका :** एक्लो जोगी स्वादि स्वादि खा

**नेपाली :** एक्लो जोगी ठिठो मिठो खा ।

### २.११.६.३ टुक्का

टुक्का पनि साहित्यको एक विशेष विधा हो । शब्दार्थलाई छोडेर विशेष अर्थ प्रदान गर्ने अर्थवान शब्दलाई टुक्का भनिन्छ । टुक्कालाई कतै तुक्का, कतै वाक्यपद्धति, कतै वाग्धार भनेको पाइन्छ । टुक्काले भाषालाई रसिलो र खिरिलो बनाउनमा मद्दत पुऱ्याएको हुन्छ । हुम्ला जिल्लामा टुक्काको वेग्लै नाम नदिई उखान भित्रै समावेश गरेको पाइन्छ । यद्यपि यी दुई बिच तात्विक भिन्नता भने पाउन सकिन्छ । आकार प्रकार एंव बनोटवाट टुक्काको पहिचान गर्नुपर्ने हुन्छ । यस जिल्लामा आँखा निदाउनु, ऱ्याल चुहाउनु , आँखा लाग्नु, अगाडि सर्नु, गोरु मराई हुनु , पेट बोल्नु र गाडका लोडा जसो आदि टुक्काहरू प्रचलित छन् ।

## २.१२ निष्कर्ष

हुम्ला एक विकट हिमाली जिल्ला हो । यो मध्य पश्चिमाञ्चल विकास क्षेत्रको सुदूर उत्तरमा अवस्थित रहेको छ । यो पहिले कर्णालीको सिंजा राज्य अर्न्तगत शासित

रहेको र पछि नेपालमा चौध अञ्चल पचहत्तर जिल्लाहरू निर्धारण हुँदा यसले पनि हुम्लाका नामले चिनिने मौका पाएको हो । यस जिल्लामा विभिन्न धार्मिक तथा पर्यटकीय ठाउँहरू रहेता पनि यो रमणिय स्थानहरूको प्रचार प्रसार हुन सकिरहेको छैन । यातायातको अभाव तथा विकट जिल्ला भएकाले  यहाँको जीवन सहज भने छैन । यहाँ विभिन्न भाषा-भाषी तथा बुद्ध धर्म र हिन्दु धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको छ । यहाँको समाजमा विभिन्न समुदाय बिच मेलमिलाप र सद्भाव रहेको छ । यो जिल्ला राजनैतिक विभाजनको आधारमा मध्य पश्चिमाञ्चल विकास क्षेत्र र कर्णाली अञ्चलको उत्तरी विन्दुमा रहेको छ । यस जिल्लाको सदरमुकाम सिमिकोट २९४६ मिटर उचाईमा रहेको छ । यस जिल्लालाई २७ गा.वि.स. ९ इलाका एक निर्वाचन क्षेत्रमा बाँडेको पाइन्छ । यस जिल्लाको शैक्षिक अवस्था हेर्दा अरु जिल्लाको तुलनामा साक्षरता प्रतिशत न्युन ३६% रहेको छ । यस जिल्लामा रहेका शैक्षिक संस्थाहरू यस प्रकार रहेका छन् । १ क्याम्पस, ५ उच्च मा.वि., १८ माध्यमिक विधालय, २५ निम्न माध्यमिक विधालय, ६१ प्राथमिक विधालय, १ प्राविधिक विधालय र ११६ बाल विकास केन्द्र रहेका छन् । यस जिल्लाको पछिल्लो चरणलाई हेर्दा शैक्षिक चेतनामा अभिवृद्धि तथा शैक्षिक संस्थाको विकास सन्तोषजनक रहेको पाइन्छ । यस जिल्लामा विभिन्न गैरसरकारी संस्थाहरूले विकासका कार्यमा सहयोग पुऱ्याउदै आएका छन् । तर स्वास्थ्य सेवाको अवस्था भने नाजुक रहेको छ । यस जिल्लामा रहेका धार्मिक स्थलहरूमा रलिङ गुम्बा,पञ्चामुखी,पंञ्चामुली, खार्पुनाथ र अदानचुली जस्ता धार्मिक र पर्यटकीय ठाउँहरू रहेका छन् । यस जिल्लामा रहेका उच्च पहाडी भाग जडिबुटीका लागि प्रसिद्ध छन् । यस जिल्लामा रहेका वनङ्गल घाँसपात,दाउरा र पशुपालन जनताको जिवनयापनका मुख्य स्रोत हुन् । कर्णाली अञ्चल लोक संस्कृतिमा सम्पन्न छ र यस अञ्चल अर्न्तगत रहेको हुम्ला जिल्ला पनि लोक संस्कृतिका विभिन्न विधाले भरिपूर्ण रहेको छ । यहाँको समाजमा आधुनिकताले ठाउँ पाएको छैन तथापी प्रभाव विस्तारै परिरहेको छ । यहाँका जनताहरू आफ्नो भाषा, संस्कृति, धर्म, रहनसहन आदिलाई जोगाएर राख्न सफल भएका छन् । समग्रमा यस जिल्लामा विभिन्न जात-जाति, धर्म, सम्प्रदाय बिचको मेलमिलाप र सहिष्णु

व्यवहार अनुकरण गर्न लायक रहेको छ । "अनेकतामा एकता नेपाली समाजको विशेषता" भन्ने भनाई यहाँ चरित्रार्थ भएको पाइन्छ । परिश्रमी, इमान्दारिता, सरलता, सहयोगी भावना, सादाजिवन र अरुलाई सम्मान गर्ने संस्कार यहाँको समाजका परिचायक हुन भन्दा फरक नपर्ला ।

# तेस्रो खण्ड

## हुम्लामा प्रचलित गाउँ खाने कथाको सङ्कलन

हुम्लामा प्रचलिन गाउँ खाने कथाहरूको सङ्कलन गर्दा गद्य र पद्य दुबै शैलीमा उपलब्ध छन् । यहाँ गद्य गाउँ खाने कथाहरू सिल्लक र पद्य गाउँ खाने कथाहरू गौंड्यासाका रूपमा चिनिन्छन् । यहाँ हुम्लाका विभिन्न ठाउँबाट सङ्कलित गाउँ खाने कथाहरू प्रस्तुत छन् :

### गाउँ खाने कथा (सिलक)

**अ**

१. अठन्नी चौवन्नी नौ तिन रुपिँया पुऱ्याउ लौ, क्या हो ?

-६ चौबन्नी ३ अठन्नी

२. अध सर्ग नौ रङ्गे माडु, क्या हो ?

-भाड (चुलो माथी अन्न सुकाउने ठाँउ)

३. अल्का भिड पानीका नाउँला, क्या हो ?

-आँखा

४. अल्का भिडउदो सुप्पो झुडिएको, क्या हो ?

-कान

५. अल्का भिडउदा भेडा गुर्रकिएका, क्या हो ?

-दै चामल (अक्षता)

६. अल्की धारा सुन पनेरा, छाउते टाला धुन्छ
चार खुट्या जनावर मध्ये, एक पुर्खे को हुन्छ ?
भारी बोग्दै हिड्दा डुल्दा, एक दिन बस्दा घर
चार खुट्या जनावरमध्ये, एक पुर्खे खच्चर ।

**आ**

१. आकाश ओडान्या चिल बादल पानी खेल्ने न्याव,

नै हातको नै मुखको मेली चर्न्या, क्या हो ?

सुर्खे सुक्या भाँगो लौटी आइजा टागो,

नै हातको नै मुखको मेली चर्ने आगो ।

२. आकाश रुख पाताल जरा, क्या हो ?

-भुइँचालो

३. आफू राजा खादो खाजा छेर्दा जुत्तालिरी पिठो, क्या हो ?

-आगो, कोइला, खरानी र दाउरा

४. आमा उठि छोरीकन ढोकनु, क्या हो ?

-गाग्रो र कसणी (लोहोटा)

५. आमा बोक्सी छोरी अमृत, क्या हो ?

-ऐँसेलु

६. आन्दा भाइर नखु दैत्यका, भित्त बखु, क्या हो ?

-अन्न हाल्ने खाडल

७. आउदो जादो हेऱ्याकन नदेखिन्या दौद्दापन नभेटिन्या, क्या हो ?

- हावा (बयालो)

८. आफू अघेर हिड्दो पछेर आँखा तड्दो, क्या हो ?

-डोको

९. आफू अघेर हिड्दो पछि पाइला मेड्दो, क्या हो ?

-सियो (सुइयो)

१०. आफू नानो त्यसमा कानो

त्यसकै भरमा घर छोडी जानो, क्या हो ?

-थारिम (ताल्चा)

११. आफू नागो पाल्दो डाँगो, क्या हो ?

-गुनी, पाँगर

१२. आफू त पानी पिन जाँदो, दह उचाई ल्याउदो ?

-थोल्या

१३. आसन नगऱ्या डहरो, क्या हो ?

-गाबन

१४. आँफू वरी सयौ पोरी, क्या हो ?

-आँखा

१५. आगो नाइ मुगो नाइ, छापरी (टोपरी) भरी रोटा, क्या हो ?

-मौरीको पोला

१६. आन्दा (आन्द्रा) नगऱ्या कुक्कादो, क्या हो ?

-नरसिंह

१७. आफू चरो बढो छाइल नपरो, क्या हो ?

-हावा (बतास)

१८. आमा मामाको भान्जे ज्वाई, क्या हो ?

-बुवा

१९. आमाले छोट्टीकन छकालै (विहानै) ढोग गर्दी, क्या हो ?

-कसणी र गाग्री

२०. आसन नभया भकारी, क्या हो ?

-गुन्यु

२१. आकाशको लिस्नु धर्तीको बार,

आगाको कलेजो पानीको हाड, क्या हो ?

-आगाको कोइला, इन्दाइनी र ठाँणो (बरफ)

२२. आगो न मुगो रोटा भरिभरि, क्या हो ?

-मौरीका पोला

२३. आगाको कलेजो पानीको हाड, क्या हो ?

-कोइला र ठाँडो (तुसारो)

२४. आफू अगेर हड्दो पछेर विउ छर्दो, क्या हो ?

-बाख्राको दिशा गरेको

२५. आफू नानु आँखो कानु, उइखइ भर घर छाडी जानु, क्या हो ?

-थारिम (ताल्चा)

२६. आफू नानो खान्छ मानो, क्या हो ?

-सुल्पा

२७. आफू बडो छाइल नपडो, क्या हो ?

-बतास (हावा)

२८. आफू नानु पेट कानु, क्या हो ?

-थारिम

**इ**

१. इन सिङ मिन सिङ, राजाका गाईका तिन सिङ, क्या हो ?

-तिलखुरीको काँडा

२. इन्छु भिन्छु भाइ भिन्छु त्यहि छिन्चु छोप्या पछि, पाँच रुपियाँ दिन्छु ,क्या हो ?

-छाइलो (छाया)

**उ**

१. उत्तर ढोका दक्षिण झ्याल, माझमा जाँदा गर्नु ख्याल, क्या हो ?

-नदी

२. उकालीका साँदमनि दाउरा चिर्दी फ्याव
ढुङ्गा भित्त पाथी चिनु त्यसको उत्तर, क्याहो ?
मेरा पादा झुली रुख, उदी हाँगी लुल
ढुङ्गा भित्त पाथी चिनु, किमिली (कमिला) का फुल ।

३. उहि डाँडा वारि उहि डाँडा पोरि, सिउदिने कोणी क्या हो ?

-बाँदे (बोको, खसी) र कोणी (भारी)

४. उठ्यो खम्ब खैरी, बस्यो कोइऱ्या लाप्चो, क्या हो ?

-थैलो

५. उठ्यो खैरी खम्म बस्यो गजरम्म, क्या हो ?

-थैलो

६. उठ्यो तिथ्थो झगमग बस्यो तिथ्थो माल

त्यही तिथ्थो खायो भने परे झम्मजाल, क्या हो ?

-बाँको

७. उहि डाँडा वरि उहि डाडाँ पोरि,

भिमल शाहीको लिउँ लाप्चो बडी, क्या हो ?

-लुकाल

**ए**

१. एक खुट्टे जोगी चेला नऔडी, क्या हो ?

-छाता

२. एक सिँगे बल्दको लादी, खान्या कि नखान्या, क्या हो ?

-जोतारो (जाँतो)

३. एक रोटो पन्ध भाइलाई, आधा आधा कान्छा भाइलाई एक रोटी, क्या हो ?

-जुन (चन्द्रमा)

४. एक खुट्टे जोग भन भन रिङ्दो , क्या हो ?

-चर्का र जातो (जोतारा)

५. एउटा चोर थियो कपुर वनमा, कानपुर झै पक्रियो

पाँचै पञ्च बसि निसाफ गर्दा नक्साल गई मासियो, क्या हो ?

-जुम्रा

६. एक घाणो दुई राला, क्या हो ?

-महिलाको गाबन र खुट्टा

७. एक सिगे बकरीको दुई धान्नी बोसो, क्या हो ?

-काउली, बन्दा

८. एकलाई ठिक्क दुईलाई ठिक्क

तिनलाई तानातान् चारलाई फालाफाल् , क्या हो ?

-सुल्पा

९. एक खुट्टे जोगी फनफन घुम्दो, क्या हो ?

-लट्टायो

**ओ**

१. ओरउदो लालरे पाटा उही परिउँदो पहिरो

हुन हुनाउदो भन भनाउदो हात हाल्लाउदो गहिरो, क्या हो ?

-घट्ट

**औ**

१. औल गणिमाले ध्वाँइच्वाँइ गर्दो, पानी नपाए च्वाट्टै मर्दो, क्या हो ?

-घट्ट

**क**

१. कर्णाली पारीको भन्दा अनप गनप

विना पोइ (लोग्ने) सुत्केरी हुन्या, क्या हुन्ना भनप ?

-केरा

२. काठका तानामाना पसरका डोर

अघेर लाग्या रामचन्द्र पछेर लाग्या चोर, क्या हो ?

- हलो, जु (जुवाँ) जतेउरा (डोरी), बल्द र हली

३. काती न कुती कागज बराबर, क्या हो ?

-भुजपात (भोजपत्र)

४. कोठा उदो मुखै उबो मुखै, क्या हो ?

-घाग्रो (महिलाले लगाउने कपडा गुन्यू)

५. कालो लायापन कालै, रातो लायापन कालै, क्या हो ?

-छाइल (छाया)

६. कालो सहरमा एउटा चोर आयो, कानपुरमा पक्डियो,
हस्तनपुरमा छलफल भइ, नङ्पूरमा मारियो त्यो, क्या हो ?

-जुडा (जुम्रा)

७. काट्दा सुख हुदो तान्दा दुख्दो, क्या हो ?

-रौं (कपाल)

८. कालो पाल्त कुकुर भुक्दो, पुच्छर मेरा हात, क्या हो ?

-बन्दुक

९. काठ खादो कोइला छेर्दो, क्या हो ?

-आगो र चुलो

१०. काठको तुनामुना फलामको स्वर, अघि लाग्या रामचन्द्र पछि लाग्दो चोर, क्या हो ?

-गोरु (बल्द) र हली

११. काट्या काटी जाँदो, पकायाँ नपाक्दो, क्या हो ?

-रौं (रुवाँ)

११. काट्या पनि नर्मन्या रोप्या पछि नर्सन्या, क्या हो ?

-रौं (रुवाँ)

**ख**

१. खाया पइ खाल खान्या नपाए पइ केइ नखान्या, क्या हो ?

-घट्ट

२. खाना खान्या पानी नपिन्या, क्या हो ?

-घुन (गहुँको किरा)

३. खाया अमृत थुक्या कवास, क्या हो ?

-ऊखु

४. खाया स्याप्प नखाया हुप्प, क्या हो ?

-कपाल (कोरे नकोरेको)

५. खाना खान्या नहग्ने, क्या हो ?

-किर्नु

६. खाया भन्या पाऱ्या जम्मभ्फाल, क्या हो ?

-बाँको

७. खाया पई हुप्प नखाया स्याप्प, क्या हो ?

-थैली

८. खानामा मिठो लाउनामा टिको, क्या हो ?

-काँक्रो

९. खाडल भित्त जुन लागी सेतै, क्या हो ?

-दैको ठेकी

१०. खुन खुने माउ नौ विस चल्ला, क्या हो ?

-मकै घोगा

११. खेतका ईल्छामै कुकुर छाउरो नाइतो, क्या हो ?

-घट्टको कट्कटे

१२. खोज्या पइ पाइन्या नाइ, पाया पइ चाइन्या नाइ, क्या हो ?

-भुईँचालो

१३. खोपा भरी डङ्सिल ढुङ्गा, क्या हो ?

-दाँत र मुख

१४. खोपा भित्त देवता नाच्दो, क्या हो ?

-जिब्या (जिब्रो)

१५. खाइ न पाइ चाम्रे बल लाउँदो, क्या हो ?

-खामो (खम्वा)

१६. खोच्चरे ताउलाको मोच्चरे भात, सोइरी पुछी एकै गाँस, क्या हो ?

-ओखरको दानु

१७. खोलै खोला मथेरो बेड्याको, क्या हो ?

-लिगुरो (निउँरो)

१८. खोलै खोला सुइपाटी हाल्ने, क्या हो ?

-काल्च्या (चरो)

१९. खर्र कटुकी भुँइमा बटुकी, क्या हो ?

-बन्टा बाँजको विउ (घुरुडो)

२०. खोपा भरी कौंडा, क्या हो ?

-दाँत

.२१. खाँउ कर्कली पेट फर्कली नखाउँ कर्कली सासु तर्कली, क्या हो ?

-जाँडरक्सी

**ग**

१. गहना बनाउन नमिल्न्या सुन, क्या हो ?

-लसुन

२. गाईले हाँड पायो, हाडले बाच्छो पायो, क्या हो ?

- माउ र अण्डा

३. गोठ मै खेल्दो, घर लौनी (नौनी) छान्दो, क्या हो ?

-घट्ट

४. गोठ छाँई पार्दो पाण घिउ लाग्दो, क्या हो ?

-घट्ट

५. गुन गुने माउको गेल गेले रोटी, क्या हो ?

-मह

६. गैला खाडल जुन लाग्या, क्या हो ?

- ठेकी भरी दहि

**घ**

१. घरतिर आउँदो बुनतिर मुख, बुनतिर जाँदो घरतिर मुख, क्या हो ?

-बन्चरो

**च**

१. चरो हाइन उड्दो, भैसो हाइन वाँइ (अड्कदो) गर्दो, क्या हो ?

-पिलेन (हवाईजहाज)

२. चाँदी भाइर सुन भित्त, क्या हो ?

-अण्डा

३. चार भाइ देखा-देख गर्दा भेट कहिल्यै नहुन्या, क्या हो ?

-घरका चार कुना

४. चार भाइ एकै खोला ढुङ्गा हान्दा, क्या हो ?

-(दुध दुहनु)

५. चार चुच्ची मुख बुज्जी , क्या हो ?

-खाट (भोकारी)

६. चिफिल्ले दिदी चाउरे भिना,
मेरो रुख निउतो तुरुन्त आ र लैजा भिना, क्या हो ?

-काउनी र चिनो

५. चिची माथि पापा, क्या हो ?

-हातको नङ

६. चोती चाउरा नौ विस दाउरा, क्या हो ?

-बुडी (माकुरा)

## छ

१. छन् छनाउदो भन् भनाउदो हात हल्लाउदो गैरो

म भोली नैनिताल जान्या रुपियाको थैलो, क्या हो ?

-घट्ट

२. छाती मेरो किरविरे पिठ्यु मेरो कैलो

ऐले म नैनिताल जाँदो रुपियाँको थैलो , क्या हो ?

-बाँज

३. छालाको बन्दुक हावाको गोली

पर हान्यो वर नाक पोली, क्या हो ?

पाद (बायु)

४. छिप छिप्या पानीमा रतुवा नाइतो (नाच्नु), क्या हो ?

-जिब्रो

५. छौ वरी जाउँ पोरी, क्या हो ?

-आखाँ

६. छौ त छौ पानी  भित्त छौ,

घोडा हाईनौ भेडा हाईनौ तिरन टिप्दो छौ, क्या हो ?

-जलेवा (चरो)

## ज

७. जगेलो पोलियाँको सुर्को नपोलियाँको, क्या हो ?

-बाटो

८. जति तान्यो उती छोटो,  क्या हो ?

-चुरोट

९. जन्मनी बेला ठुलो मर्नी बेला सानो हुन्याँ , क्या हो ?

-कुचो

१०. जुगाँ भुईमा छोड्दो आफू रुखमा चड्दो, क्या हो ?

-मगायो (तरकारी खाने )

११. जोइको देवर पोइको सालो, काफल पाकी टुपै कालो, क्या हो ?

-भिना र सालो

**झ**

१. झन खायो झन मिठो, क्या हो ?

-काफल

२. झन ताछ्यो झन मोग्लो, झन काट्यो झन ठुलो, क्या हो ?

-खाडल

**ड**

१ . डाङा-डाङा खोपिल्टा, क्या हो ?

-बाँसुल्ली

२. डाङा-डाँङा नौ खाडल, क्या हो ?

-बाँसुल्ली

३. डाँडै-डाँङा भत्या भत्या गर्ने, क्या हो ?

-बन्चरो

४. डाँङामै रुख त्यही रुख भया सबैलाई सुख, त्यही रुख नभए सबै लाई दुःख, क्या हो ?

-बेल (सूर्य)

५. डाँडै-डाँङा भेडा चर्दा, क्या हो ?

-कौद्याली

**ढ**

१. ढुक-ढुक दाजु म अघेर (अगाडी) जाँदो, क्या हो ?

-लठ्ठी (लौंरी)

**त**

१. तल टेक्दो हप (माथी) छोड्दो, क्या हो ?

-दिशा

२. तली सोलो हपी गोलो, उई हपी भ्याप भ्याप, क्या हो ?

-चोती (मुला)

३. ताँ पोरी खोला रुख पनि होला, रुख भरी चल्ला को छोरो हल्ला, क्या हो ?

-गाँछे (अरिंङ्गाल)

४. तामाको गाग्री लुवाको ढाकन, त्यो सिलक नराया तिम्रा आँखा पाकन, क्या हो ?

-रातिगेडी

५. तौल न अतौल दुईहातले लाउनु ,क्या हो ?

-टोपी

६. तिनै भाइको साँझे मथेरो, क्या हो ?

-अदान

७. तल्ली सेलो तेसमाथि गोलो, तेइ माथि लाया भाप्या, क्या हो ?

-मुला

८. तिन भाइकी बाह्र जोइ, ति तिन भाइकन खाली नभई दौडा दौड, क्या हो ?

-घडीका सुई

**थ**

१. थुपुक्कथाइ थुपुक्कथाइ, हात खुट्टा छन् पुच्छर नाइ, क्या हो ?

-भ्यागुतो

२. थालभरि रुपियाँ न बाबु गनी सक्दो, न छोरो गनी सक्दो, क्या हो ?

-सर्ग तारा

३. थालभरि रोगणा (पैसा), क्या हो ?

-आकाशका तारा

**द**

१. दिनरी सुत्ने रातभरि उठ्ने, क्या हो ?

-गलिँउ (दाम्लो)

२. दुई गोठको पोरसो,  एक हातले सोर्दो, क्या हो ?

-सिँगान

३. दुई बल्द घाँस हाल्दा एक पूर्व एक पश्चिम, क्या हो ?

-उइटो (कपासको वियाँ छुट्याँउने)

४. दिउँसो अगान्जै रातभरी भोक्कै, क्या हो ?

-दाङ (लुगा भ्रुण्डाउने )

५. दश भाइका नाक भरी जुका, क्या हो ?

-जुत्ताको जुँकी (तुना)

६. दुला भरी सुकिला ढुङगा, क्या हो ?

-दाँत

७. देखादेख हुन्या भेटाभेट नहुन्या, क्या हो ?

-जुन र बेल (सूर्य, चन्द्रमा)

८. दिउँस तेरा बाबुको जुँडी (टुप्पी) उबो (माथि),
रात तेरा बाबुको जुँडी उदो (तल), क्या हो ?

-कुड्मिलो (ढोकाको लागि एक प्रकारको  छेस्कीन)

९. देखादेख हुन्या भेटा भेट नहुन्या, क्या हो ?

-घाम र छाया (छाइल)

**ध**

१.  धर्ती मुनी तामाका सुइरा, क्या हो ?

-हदेलो (बेसार )

२. धान छन् धान छन् कोठी (अन्न राख्ने भाँडा ) भरी धान छन्,
न आफू खान्छन् न अक्का दिन्छन् , क्या हो ?

-गलगाँड

३. धौं धौं बड्डा म अगेर जाँदो,  क्या हो ?

-लौरी (लठ्ठी)

४. धान्नी न विसौली २ हात उचाल्नी, क्या हो ?

-टोपी

५. धान्नी न विसौली दुईहातले बिसाउनी, क्या हो ?

-टोपी

६. धुक्कु ध्वाँ घेलो काँ, क्या हो ?

-दमाहा

७. धान छन धान छन् कोठी भरी धान छन्,

न आफू  खान्छन् न अरु दिन्छन्, क्या हो ?

-धतुरो

८. धर्ती मनी गान्ट्या बल्द, क्या हो ?

-आलु

९. धनधने लाथर रातो टोपी ल्याउँदो, क्या हो ?

-आगो र थर्रो

**न**

१. नान्नानु दह, सिन्की परे नसह, क्या हो ?

-आँखा

२. नान्नानो रुख, उल्कन दुख, क्या हो ?

-सिस्नु

३. नान्नानी छोट्टीका हात भरी बाला, क्या हो ?

-कुचो

४. नान्नानी भाउको नाक कोच्या, क्या हो ?

-ताखु

५. न पिदो न खाँदो त्यसै चान्या बल लाउदो, क्या हो

-खाँमो (खम्वा)

६. नाकमा टेक्दो कान समाउँदो, क्या हो ?

-चस्मा

७. नौतले घरको झ्याल न ढोका, क्या हो ?

-बाँस

८. न खादो न हग्दो दरवार उचाउँदो क्या हो ?

-घरको खाँमो

९. नल रातै फल कालै, क्या हो ?

-गुलियो फापर

१०. नान्नानी भाउका बाह्र विस चल्ला क्या हो ?

-मच्चा

११. नाक मेरा नथनिअ पिठ्यु मेरा घाउ, त्यही सिलक नराया पइ कुकुर काटी खाउ, क्या हो ?

-तुलो

१२. नान्नानी भाउका हात भरी चुरा, क्या हो ?

-कुच्चो

१३. नौ बहिनीको एकै डौठो, क्या हो ?

-अमिलो चुक

१४. नाउ तली कर्णाली मथि  पानी छलल,
एक उठ्याको एक बस्याको दुख बराबर, क्या हो ?

-घट्ट

१५. नान्नानी भाउ आफ्नी आमाकन थिच्दी, क्या हो ?

-सिलौटो र लोरो (मसला पिस्ने ढुङ्गो)

१६. नान्नानी भाउका ठुल्ठुला केश, काँ जानी कुशुमा मैतली देश, क्या हो ?

-अथन्जालो (बुडी, माकुरो)

१७. नान्नानी छोट्टी पेट भरी टाटा, क्या हो ?

-मच्चा (खुसार्नी)

१८. नान्नानी छोट्टी (केटी) उल्ली उल्ली कुट्टी, क्या हो ?

-उप्पायाँ (उपियाँ)

१९. नाना छन्जा टाला लाइन्या ठुलो भए नाङ्गै, क्या हो ?

-निगालाको तामा

२०. नबजाएर बाज्न्या  बाजा, क्या हो ?

-मौराको घार

२१. नान्नानी छोट्टीका पेटभरी कौडा, क्या हो ?

-मच्चा

**प**

१. परेवा रुन लाग्यो दुधकै आशु, क्या हो ?

-जाँतो, जोताणो

२. पाँच भाइको एकै प्रदनी, क्या हो ?

-बालो (महिलाले आतमा लगाउने एक गहना)

३. पकाउँदा नपाक्दो पोल्या पोलिदो, क्या हो ?

-उन

४. पाच भाइको एकै घर, क्या हो ?

-सिमीको कोसा

५. पल्ला घर चुक खादाँ वल्ला घर टोकारा मार्दा, क्या हो ?

-ध्वाँल (धुवाँ)

६. पाँच भाइको एकै थाल, क्या हो ?

-हत्केलो

७. पिऱ्या सिन्को पानी बोक्दो, सिउती सेरो रोप्दो, क्या हो ?

-सरो (इट्पेनको रिफिल कागजमा लेखेको )

८. पात, हाँगा, काण्ड र जरा सबै चाइन्या, क्या हो ?

-पिँडालु

**फ**

१. फुल्याइ फुल्याइ गोठमनी फुल्याइ, विभिन्न परिकार सात ओटा पौल्या, क्या हो ?

-चुल्ठो

**ब**

१. बाहिर लिपिलापी भित्त चिनाचानी, क्या हो ?

-फर्सी (कदु)

२. बहरे बल्द दाइ नसक्नु, सिप्के लौरी हानी नसक्नु,

अद्द (आधा) रोटी खाइ नसक्नु, ठूलो गरो बाइ (जोत्नु) नसक्नु, क्या हो ?

-बाघ, सर्प, सरग (आकाश) र जुन (चन्द्रमा)

३. बनै काटी बनै कुटी बनै छाजा बाजा,

पान्सय घुगुरा बाज्याँ उठ्ठै न क्या राजा, क्या हो ?

-मृत लाश

४. बहरे बल्द दाई नसक्नु सिप्के लौरी हानी नसक्नु

खार्‍या रोटी खाइ नसक्नु, क्या हो ?

-बाघ, साँप (सर्प) र विख (विस)

५. बनै काटी बनै कुटी बनै खाजा बाजा

बजाइ गजाइ घर ल्याउदा अष्ठमानका राजा, क्या हो ?

-लुगो

६. बाटुलो चौकी बस्न नहुन्या, बस्यो भन्या ज्यानै नरन्या, क्या हो ?

-ईनार, कुवा

७. बत्तीस हाँगाको एउटै पात, क्या हो ?

-जिब्रो र दाँत

८. भाइर आन्दा भित्त हाड, क्या हो ?

-ताखु

९. बेहेत्या लौरी टेकी नसक्नु, क्या हो ?

-साँप (सर्प)

१०. बहडे बल्द दाई नसक्नु, क्या हो ?

-बाघ

११. बाबुका बनाएका फादा, आमाले बनाएका ताँदा

ढोल लाग्यो लल्याठा चोट लाग्यो चाँदा, क्या हो ?

-चर्का

१२. बाठ्या गाईका  आमा छोरा, क्या हो ?

-लोरो, सिलौटो

१३. भाइर फेरे वही भित्त हेऱ्या, त्यही भित्त रौतेलो त्यही भित्त कौतेलो, क्या हो ?

-ढँटेलो

१४. बाँठ्या गाईका आमा छोरी, क्या हो ?

-ओख्लो

**भ**

१. भुस लैयाउदा गेडा फालियाउदा, क्या हो ?

-टिम्मर

२. भैसो दाउलाँएदो (आगन) बस्याको, गलिँउ चर्न गयाको, क्या हो ?

-कदु (फर्सी)

३. भित्त राना कोठी भाइर भोटाभोटी, क्या हो ?

-मौरा (माहुरी)

४. भित्त बन बाघ गुर्जेको पुच्छर मेरा हात, क्या हो ?

- रइ (मदानी) र मई

५. भित्त सुन भाइर हाड, क्या हो ?

-ओखर

६. भैसो बुन गलिउँ हात, क्या हो ?

-कदु (फर्सी)

७. भैसो बसेकै गलिउँ चर्न बाइगो, क्या हो ?

-कदु (फर्सी)

**म**

१ . मरो (मुर्दा) पोलिदो धरो पोलिदैन, क्या हो ?

-बाटो

२. मरो फाली आउँदा धरो लैयाँउदा, क्या हो ?

-आल्लो (रसि, भाङ्ग्रो भनाउने )

३. माल डाङडुङ् पर्वत कुलुकुलु, क्या हो ?

-बन्दुक

४. माँ (आमा) बुढी भ्याङ्भ्याङ् छोरी फतल्याङ्, क्या हो ?

-सिम्ता (सल्लाको विउ)

५. माँ (आमा) कप्टिनी (बोक्सी) छोरी अमृत, क्या हो ?

- अैँसेलु (ऐँसेलु)

६. मुख नगऱ्या बोल्दो, क्या हो ?

-दमायो

७. म भन्दा बन्द हुन्या तर तँ भन्दा आँ हुने, क्या हो ?

-मुख

८. मेरा हण हात छुवलाई देखलाई बाद, क्या हो ?

-फटाफट

९. माटामुनि बहऱ्या बल्द, क्या हो ?

-आलु

१०. मामाको गाई सिङ समाइ, तब कुकाइ, क्या हो ?

-जोतारो (जातो)

११. मै राम्री मै रूपस्या, मै आया डाहा मान्दी, क्या हो ?

-हिउँ

१२. माटा भित्त ठोसे आँगुला (औला), क्या हो ?

-भट्टिउला (जरा)

१३. म परारको बुबा पोरका बाजे अइल सालका,
धान बोयो धनविरे दाइले कोद्या बोयो दाल्का, क्या हो ?

-पिडाँलु

१४. मद्दी खाल भैसो बसेको, क्या हो ?

-डाडु

१५. माल ड्वाँङड्वाँङ पर्वत पुलुकपुलुक, क्या हो ?

-कुकुर भुकेको

१६. मोल छ तर तौल नाइ, क्या हो ?

-टोपी

१७. म हगुला गलो पहार, क्या हो ?

-मह

१८. मुख भारिदो पेट ढाणिदो, क्या हो ?

-पाइनु

१९. मै काटिदो मै मारिदो तमी केलाइ रुँदा, क्या हो ?

-प्याज

**य**

१. यही डाँडो नभए दुई भाइ सँगै हुनाहुँ, क्या हो ?

-आँखा र नाक

**र**

१. रानी त रानी सुन जति रानी

तामाका सुइराले टन्टनी बानी, क्या हो ?

-दमाह (दमाँयो)

२. रुदै खादै धुदै खादै, क्या हो ?

-उइटो (चर्का)

३. राजाकी छोरी खाली र पेली, छिरली गाउँ, क्या हो

-विरालो

४. रात चर्दो दिँउस मर्दो, क्या हो ?

-गलिँउ (दाम्लो)

५. रातै उठि खोपा हात हाल्नु, क्या हो ?

-बाउलो

६. राजाकी छोरीको विरबली नाउ, खाली छैन हट्याँकी हट्याँई डुल्दी छ गाउँ, क्या हो ?

-विरालो

७. राजा रानी घाट तर्दी, क्या हो ?

-गुयाँला

**ल**

१. लामु बाटो छोटो गाउँ, तेरा थाप्ला (टाउका) आगो लाउ, क्या हो ?

-हुक्का

२. लम्कने बाखाको झम्कने कान, लौ लौ बुढा बल गरी तान्, क्या हो ?

-मूला

३. लुतुङ्के पोइ धम्काउने जोइ, क्या हो ?

-घेलो (ढोका) डुसो

४. लामो लराको फल मिठो, क्या हो ?

-माछा

५. लेख ध्वाँइच्वाँइ औल गड्याङ गुडुङ, क्या हो ?

-हुक्का

६. लाउन्याले  देख्न नपाउन्या, देख्न्याले लाउन नपाउन्या, क्या हो ?

-कात्रो

७. लेख ढल्यो दहीको विन्डो, औल विउ बगायो

रुमालमा खाजा भुट्या, घर पल्टन अगायो, क्या हो ?

-हिउँ र आकाशका तारा

**व**

१. वारि छिया पारि गया, एक छिया दुई भया, क्या हो ?

-छाइलो (छाया)

२. वरपर खोर माँझ सतुवा बोट, क्या हो ?

-आगो

३. वल्ला घरका पाउना, पल्ला घर दोब्दा, क्या हो ?

-तारु (घरको छानो छाउदा प्रयोग हुने काठ)

४. विन आगो विन पानी अर्सा हाल्दो, क्या हो ?

-मौरीको पोला (चाका)

**स**

१. सल्ला जस्तो सल्लै छौ, धल्ला जस्तो धल्लै छौ,

फूल गुराँउसे फूल कबासे, क्या हो ?

-सिम्मल

२. सर्ग (आकाश) तारा भुइँ (जमिन) पथारा, क्या हो ?

-चाल्नो

३. सर्गको लिस्नु धर्तीको बार, आगाको कलेजो पानीको हाड, क्या हो ?

-इन्दाइनी (इन्द्रेणी), खरानी र ठाँडो

४. सय जनाको एकै आँखो, क्या हो ?

-उज्यालो बत्ती

५. सय अन्न एकै बालो, क्या हो ?

-गु (दिसा)

६. सुन भाइर चाँदी भित्त, क्या हो ?

-धान

७. सुरिलो रुखको एल्कै पात, क्या हो ?

-पनियु

८. सेती गाई पानी खान गइ राति गाई फर्केर आइ, क्या हो ?

-चिउला (पुरी रोटी)

९. सय भाइ हटी (हिडी) पाइलो नपडी, क्या हो ?

-मौरी

१०. सबैका बा, के हो ?

-खल्बा

११. सुइ सुइकोटी रिल्म विगोठी, वइमाथी मेलछाम, क्या हो ?

-लुकाल (भारी बोकेको बाख्रो)

१२. सबैकन राजा निउराउदो, राजकन को निउराउदो, क्या हो ?

-घेलो (ढोका)

१३. सिङ न भएको भेडा, क्या हो ?

-गोलभेडा

१४. सरकको सुइरो रूपको विधो, पुच्छर बाटी पानी पिदो, क्या हो ?

-दियो (दियो को उज्यालो )

१५. सरकको सुर्को, सुर्का मै बस्याको देउमले टुर्को, क्या हो ?

-चोती

१६. साठी विधार्थी बाह्र कोठा तिन मास्टर, क्या हो ?

-घडी र घडीको सुई

**ह**

१. हौ भैसी हौ पर गान्रो देखे, वर ढुकी रऔ, क्या हो ?

-भेक्तो (भ्यागुता)

२. हग्दोकी (दिशा) भक्काउ, क्या हो ?

-चाल्ना

३. हागाको लेखैनाइ पातको एकै नाइ, क्या हो ?

-सिउँडी

४. हाने पछि गुर्जन्या, क्या हो ?

-दमाह

५. हात्तीका पेट भरी चल्ला कुक्कादा, क्या हो ?

-घर

६. हास्तो की बुढा जुगा तानु, क्या हो ?

थैली (महिलाले आगोपार्ने सामान राख्ने)

७. हरियो डौठो ओडी नसक्नु, क्या हो ?

-आकाश (सरग)

८. हिलो लाग्या कुइजा, पानी पऱ्या पखालिजा
भैपऱ्या झगडा पऱ्या अघेर तोइजा, क्या हो ?

-कागज र मसी

९. हिलो लाग्या कुइजा, पानी पऱ्या पखालिजा
भैपऱ्या झगडा पऱ्या कचहरी तोइजा, क्या हो ?

-रुपिया, पैसा

१०.हुन त राजाकी छोरी हुण्डो पानी पानी,
हाड मासि हुदैन हो कि रगत खाने बानी, क्या हो ?

-जुका

११. हात मेरो लउणी अ बुढो नभन, पेट मेरा गुडगुडी अ रोगी नभन

चाँदा मेरा भिगोती (खरानी) अ जोगी नभन, क्या हो ?

-हुक्का

१२. हिउन निलो बरखा सेतो, क्या हो ?

-गाडको (नदी) पानी

१३. हपि भकाम भकाम गर्दो तल आगो ताप्दो, क्या हो ?

-मकैको रोटी पकाएको

१४. हौं हौं राजाकी हौं, न मुख दन्त न पिठ्यु रौं, क्या हो ? -भ्यागुतो

**गौड्यासाका केही नमुनाहरू निम्न लिखित छन् :**

१. काग बास्यो सल्लीका टुप्पा, काल्च्या बास्यो खोला
कर्णालीको चिसो पानी, कति गाग्री होला ?
काग बास्यो सल्लीका टुप्पा,काल्च्या बास्यो खोला
जति सर्ग तारा हुन्ना,उति गाग्री होला ।

२. चौध अञ्चल दश मन्त्री, कति हुन्ना जिल्ला
पूर्वदेखि पश्चिमसम्म ,कति हुन्ना किल्ला ?
चौध अञ्चल दश मन्त्री, पचहत्तर जिल्ला
पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै परे किल्ला ।

३. गाई घिअ तोरीका तेल, झम्फुको झानन्
क्याको हो घाँसको पुलो, क्याको हो बाँनन् ?
गाई घिअ तोरीका तेल, झम्फुको झानन
माया हो घाँसको पुलो, सौंराई हो बाँनन् ।

४. पाटनका पुणा छोड (छेउ), न्यावा भन्दा फ्याव
बिन पानी बिन आगो, अर्सा (रोटी) हाल्ने क्या हो ?
काट्यार रैसको डाली, रिङ्दै पऱ्यो खोला
बिन आगा बिन पानी, मौरीको पोला ।

५. घाटका घट्‌मना मनि, न्याव भन्दी फ्याव
पोल्यो माछो रुख ं उल्क्यो, त्यसको अर्थ क्या हो ?
सुन झोला चाँदीको डोला गयो खोला खोला
पोल्यो माछो रुख उल्क्यो, छेपारो त होला ।

६. साँउ लैजा ब्याज पनि लैजा, दुईमाना सिमीको
गोत्र क्या हो हजुरको, जात क्या हो तिमीको ?
यसै माया लाउन्या छउ क्या, हृदय ठोकाया
गोत्र मेरो कौशिल्या हो, जात मेरो रोकाया ।

७. बाह्र जोटा निगालीका, कति पऱ्या बुट्‌टा
बाह्र हल बाघले माऱ्यो, कति छाला खुट्‌टा ?
बाह्र जोटा निगालीका, ३६ पऱ्या बुट्‌टा
छाला कपाल हटाइकन,अठ्‌चालीस छन्‌ खुट्‌टा ।

८. पछाडि दाइ न म जन्मी, अगाडि भाउ भया
वइपुछ मेरा बा जन्मे, संसारै साउ भया ?
अगाडिका कापी कलम, पछाडिका गुरु
संसारै साउ भया भन्या,वँईदै भया सुरु ।

९. हात सुल्पा झ्याल सारेको, नान्नानी नानीको
बाटो कहाँ हो बतासको (हावा), मूल कहाँ हो पानीको ?
कौडेलीका हारा टन्नै नान्नानी नानीको
सर्ग बाटो बतासको,धर्ती मूल पानीको ।

१०. तलउँदो सुरुवाल लाउँदो, माथिउँदो कोट लाउदो
तिन सय भैसल्लुकन, दुईहाते गोठ लाउँदो ?
रानी वन तेरै हो दर्ता, चर्छ हाँसे पौँरा
दुई हाते गोठ भन्नु घाँरो, तिन सय हुन मौरा (मौरी) ।

११. सुन बुट्टा बरेली बुट्टा, बुट्टा माथि बुट्टा
बाह्र विस भैसल्लुका,कति कपाल खुट्टा ?
सुन बुट्टा बरेली बुट्टा, बुट्टा माथि बुट्टा
बाह्र बिस भैसल्लुका, सय कपाल खुट्टा ।

१२. फलाम फुली फल लाग्याको, ढुङ्गो टुसायाको
राजा छन् रानीका पेट, राज्य चलायाको ?
लेखको कस्तुरी हो कि, विना बसायाका
आज सम्म देखेको छैन, ढुङ्गो टुसायाको ।

१३. पाटनका पुणा छेव, न्याव भन्या फ्याव
भैसी खाल (दह) पुच्छर बाहिर,यसको उत्तर क्या हो ?
बाटो बारु द्येलो (ढोका) बारु, बारी पनि बारु
तिउन (दाल) हाल्न्या तरकारी हाल्न्या, त्यसको उत्तर डाँण ।

१४. बारी लाउन्या फापरय अ, एक तितो एक मिठो
दुबै हाते घरकन, कति लाग्ला भित्तो ?
हाम्रा मान्ने देउताकन,रुपियाँको धितो
मौरी बस्न्या घरकन, दुबै हाते भित्तो ।

१५. काट्या रैसको लौरी, रिङ्दै पऱ्यो खोला
गैरा खाल्ड जन लाग्याका ,भन प क्या होला ?
खुट्टा कल्ली चारै तोला, कानउदा तोला
गैरा खाड्ड जुन लाग्याको ठेकीको दै होला ।

१६. भोट अल्कै ताक्लाखार अल्कै, झनै अल्का नयाँ
बाह्र जोला निगालीका , कति हुन्ना चोया ?
लडाइ आयो भोटेले जाग्ना, बाटा तली खोया
बाह्र जोला निगालीका अठ्चालीसै चोया ।

# चौथो खण्ड

## हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथाको वर्गीकरण

हुम्ला जिल्लामा लोक साहित्यका विभिन्न विधामा सम्पन्न भए जस्तै गाउँ खाने कथामा पनि सम्पन्न छ । यस जिल्लाको अधिकांश भूभाग ग्रामीण भएकाले यहाँ प्रचलित गाउँ खाने कथामा ग्रामीण जीवन शैलीको बढी प्रभाव देखिन्छ । कार्यको विविधताको कारणले गाउँ खाने कथामा पनि विविधता रहेको छ । त्यसैले यस जिल्लामा प्रचलनमा रहेका गाउँ खाने कथालाई  निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

१) विषयवस्तुका आधारमा

२) संरचनाका आधारमा

३) विशेषताका आधारमा

### ४.१ विषयवस्तुका आधारमा वर्गीकरण

गाउँ खाने कथाको वर्गीकरणका आधारमध्ये सबैभन्दा प्रमुख आधार विषयवस्तु नै हो । यसका आधारमा वर्गीकरण गर्दा यसका प्रकारहरू अझ छर्लङ्ग बोधगम्य हुने देखिन्छन् । यस जिल्लामा प्रयोग हुँदै आएका कथाहरू विभिन्न विषयवस्तुसँग सम्बन्धित रहेको पाइन्छ । गाउँ समाजमा रहेका वस्तु र प्रकृतिमा रहेका वस्तुलाई विषय बनाएर गाउँ खाने कथा बनाइने हुनाले ती विषयवस्तु लोकसँग पूर्ण परिचित रहन्छन् । गाउँ खाने कथामा पाइने विषय वस्तुका आधारमा वर्गीकरण गर्दा हुम्ली उपभाषिकाका गाउँ खाने कथाका प्रकारहरू निम्नानुसार रहेको पाइन्छ :

#### ४.१.१ घरेलु जीवन सम्बन्धी

हुम्ली जन जीविकामा विहानदेखि उपभोग र उपयोग हुने वस्तु तथा विभिन्न क्रियाकलापहरूलाई यस प्रकारमा राख्न सकिन्छ । खानपिन, कामकाज, खेतीपाती, घाँस दाउरा, मेला र चाडपर्व आदिमा प्रयोग हुने सम्पूर्ण वस्तु र क्रियाकलाप जस्तै; कुचो, खाँमो, घडी, घाँघर, हुक्का, चर्खा, छाता, डोको, बन्दुक, दाम्लो, ताल्चा, धागो, सियो, दमाहा, सुरुवाल र लौरी आदिको बर्णन तिनमा पाइन्छ।

- धौं धौं बड्डा म अगेर जाँदो,  क्या हो ?

  -लौरी

- कालो पाल्त कुकुर भुक्दो, पुच्छर मेरा हात, क्या हो ?

  -बन्दुक

- घरतिर आउँदो बुनतिर मुख, बुनतिर जाँदो घरतिर मुख, क्या हो ?

  -बन्चरो

- डाँडैडाँडा भत्या भत्या गर्ने, क्या हो ?

  -बन्चरो

- डाँडैडाँडा भेडा चर्दा, क्या हो ?

  -कौद्याली

- धान्नी न विसौली दुई हात उचाल्नी, क्या हो ?

  -टोपी

- धुक्कु ध्वाँ धेलो काँ, क्या हो ?

  -दमाहा

- धनधने लाथर रातो टोपी ल्याउदो, क्या हो ?

  -आगो

- नान्नानी छोट्टीका हातभरि बाला, क्या हो ?

  -कुचो

- नान्नानी भाउको नाक कोच्या, क्या हो ?

  -ताखु

- न पिदो न खाँदो त्यसै चान्या बल लाउँदो, क्या हो ?

  -खाँमो (खम्वा)

- नाकमा टेक्दो कान समाउँदो, क्या हो ?

  -चस्मा

- भाइर आन्दा भित्त हाड, क्या हो ?

  -ताखु

- मुख नगऱ्या बोल्दो, क्या हो ?

  – दमायो

- आन्दा (आन्द्रा) नगऱ्या कुक्कादो, क्या हो ?

  नरसिंह

- डाङा-डाङा खोपिल्टा, क्या हो ?

  -बाँसुल्ली

- डाङा-डाङा नौ खाडल, क्या हो ?

  -बाँसुल्ली

### ४.१.२ जीव सम्बन्धी

जीवन जगत्मा देखिने कुनै पनि प्राणीलाई जीव भनिन्छ । हाम्रो वरिपरि रहेका घरपालुवा, वन्यजन्तु, पशुपक्षी र किरा प्रजाति यस अन्तर्गत पर्दछन् । गाउँ खाने कथामा यिनै जीवहरूलाई विषय वस्तु बनाइ गाउँ खाने कथाको निर्माण गरिएको हुन्छ । जस्तै; उपियाँ, जुम्रा, भ्यागुतो, छेपारो, गाई, भैंसी भेडा, बाख्रा, मानिस, सर्प, माकुरो, माछा आदि । यस्ता जीव सम्बन्धी गाउँ खाने कथाका नमुनाहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- हौं हौं राजाकी हौ, न मुख दन्त न पिठ्यु, रौं क्या हो ?

  -भ्यागुतो

- हुन त राजाकी छोरी हुण्डो पानी पानी,
  हाड मासी हुँदैन हो कि रगत खाने बानी, क्या हो ?

  -जुका

- सय भाइ हटि (हिडी) पाइलो नपडी, क्या हो ?

  -मौरी

- लामो लराको फल मिठो, क्या हो ?

  -माछा

- राजाकी छोरी खाली र पेली, छिरली गाउँ, क्या हो

  -बिरालो

- माल ड्वाँङड्वाँङ पर्वत पुलुकपुलुक, क्या हो ?

  -कुकुर भुकेको

- भित्त राना कोठी भाइर भोटाभोटी, क्या हो ?

  -मौरा (माहुरी)

- बहडे बल्द दाइ नसक्नु, क्या हो ?

  -बाघ

- बेहेत्या लौरी टेकी नसक्नु, क्या हो ?

  -साँप (सर्प)

### ४.१.३ शरीरका अङ्ग सम्बन्धी

मानिसका अङ्ग प्रत्यङ्गलाई विषयवस्तु बनाएर निर्मित भएका गाउँ खाने कथालाई शरीरका अङ्ग सम्बन्धी प्रकारमा राखिएको छ । गाउँ खाने कथाले शरीरका विभिन्न अङ्गहरूलाई विषयवस्तु बनाएको देखिन्छ । जस्तै आँखा, निधार, रौं, कान, जिब्रो, टाउको,, दाँत, नाक, नङ, हत्केला, पुच्छर, सिँगान, हात, मुख आदि ।. यसरी शरीरका अङ्ग सम्बन्धी गाउँ खाने कथाका नमुनाहरूलाई प्रस्तुत गर्न सकिन्छ :

- यही डाँडो नभए दुई भाइ सगै हुनाहुँ, क्या हो ?

  आँखा र नाक

- बत्तीस हाँगाको एउटै पात, क्या हो ?

  -जिब्रो र दाँत

- पाँच भाइको एकै थाल, क्या हो ?

  -हत्केलो

- फुल्याई फुल्याई गोठमनि फुल्याई, विभिन्न परिकार सात ओटा पौल्या, क्या हो ?

  -चुल्ठो

- नान्नानु दह सिन्की परे नसह, क्या हो ?

  -आँखा

- धान छन् धान छन् कोठी भरी धान छन्,

  न आफू खान्छन् न अक्का दिन्छन्, क्या हो ?

  -गलगाँड

- दुलाभरि सुकिला ढुङ्गा, क्या हो ?

  -दाँत

- दुई गोठको पोरसो, एक हातले सोर्दो, क्या हो ?

  -सिँगान

### ४.१.४ प्रकृति सम्बन्धी

प्रकृतिमा देखिने नैसर्गिक वस्तुलाई विषयवस्तु बनाएर रचिएका गाउँ खाने कथालाई प्रकृति सम्बन्धीका प्रकारमा राख्न सकिन्छ । जस्तै; आगो, इन्द्रेणी, जुन, डडेलो, तारा, सूर्य, आकाश, पानी, तुसारो, हिँउ, रात, भूकम्प आदि । यसरी प्रकृति सम्बन्धी विषय वस्तु बनाइ रचिएका यस जिल्लामा प्रचलित गाउँ खाने कथाका नमुनाहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- हरियो डौठो ओडी नसक्नु, क्या हो ?

  -आकाश (सरग)

- सर्गको लिस्नु धर्तीको बार, आगाको कलेजो पानीको हाड, क्या हो ?

  -इन्दानी (इन्द्रेणी), खरानी र ठाँडो

- सय जनाको एकै आँखो, क्या हो ?

  -उज्यालो बत्ती

- वरपर खोर माँझ सतुवा बोट, क्या हो ?

  -आगो

- वारि छिया पारि गया, एक छियाँ दुई भया, क्या हो ?

  -छाइलो (छायाँ)

- लेख ढल्यो दहीको विन्डो, औल विउ बगायो
- रुमालमा खाजा भुट्या, घर पल्टन अगायो, क्या हो ?

  -हिउँ र आकाशका तारा

- मै राम्री मै रूपस्या, मै आया डाहा मान्दी, क्या हो ?

  -हिउँ

- बाटुलो चौकी बस्न नहुन्या बस्यो भन्या ज्यानै नरन्या, क्या हो ?

  -इनार, कुवा

- देखादेख हुन्या भेटाभेट नहुन्या, क्या हो ?

  -घाम र छाया

- देखादेख हुन्या भेटाभेट नहुन्या, क्या हो ?

  -जुन र बेल (सूर्य र चन्द्रमा)

**४.१.५ कृषि व्यवसाय सम्बन्धी**

हरेक मानिसले जीविकाका लागि अपनाउने विभिन्न प्रकारका धन्दा तथा कार्यलाई व्यसाय भनिन्छ । हुम्ला विकट तथा ग्रामीण भूभाग भएको हुँदा खेतीपाती तथा पशुपालन नै यहाँका प्रमुख व्यवसाय हुन् । यस जिल्लामा प्रचलित कृषि व्यवसाय सम्बन्धी विषय वस्तु रहेका गाउँ खाने कथाका नमुनाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ । जस्तै खेत, खनजोत, गोरु, जोत्नु, घट्ट, चर्खा, उइटो आदि ।

- मामाको गाई सिङ समाई, तब कुकाइ, क्या हो ?

  -जोतारो (जातो)

- बाँठ्या गाईका आमाछोरी, क्या हो ?

  -ओख्लो

- नाउ तलि कर्णाली मथि पानी छलल,

) एक उठ्याको एक बस्याको दुख बराबर, क्या हो ?

-घट्ट

) एक खुट्टे जोग फनफन घुम्दो, क्या हो ?

-लट्टायो

) एक खुट्टे जोग भनभन रिङ्दो,  क्या हो ?

-चर्का जाँतो (जोतारा)

) उही डाँडा वारि उही डाँडा पोरी, सिउदिने कोणी, क्या हो ?

-बादे (बोको, खसी) कोणी (भारी)

### ४.१.६ उब्जनी सम्बन्धी

कृषि व्यवसाय गरेर किसानले उत्पादन गरेका बालीनाली, अन्नपात तथा सागपात र फलफुलका बारेमा गाउँ खाने कथा रचिएका हुन्छन् । जस्तै; आलु, ओखर, बाँकु, उखु, ऐंसेलु, कोदो, काउनी, चिने, खुर्सानी, धान, निगुरो, पिडालु, मुला आदि । प्राकृतिक रूपमा वनजङ्गलमा उब्जने र मानिसले उब्जाउने दुबै किसिमका बोट बिरुवा, सागपात र फलफुल आदि कुराहरूलाई हुम्लामा प्रचलित गाउँ खाने कथाले समेटेको पाइन्छ । यस्ता प्रचलित गाउँ खाने कथाका नमुनाहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

) सिङ नभएको भेडा, क्या हो ?

-गोलभेडा

) सरकको सुर्को, सुर्कामै बस्याँको देउमले टुर्को, क्या हो ?

-चोती

) सुन भाइर चाँदी भित्त, क्या हो ?

-धान

) लम्कने बाखाको झम्कने कान, लौ लौ बुढा बल गरी तान, क्या हो ?

-मुला

) मैं काटिदो मैं मारिदो तमी केलाइ रुँदा, क्या हो ?

-प्याज

- माटामुनि बहऱ्या बल्द, क्या हो ?

  -आलु

- भित्त सुन भाइर हाड, क्या हो ?

  -ओखर

- भैसो बुन गलिँउ हात, क्या हो ?

  -कदु (फर्सी)

- भुस लैयाँउदा गेडा फालियाँउदा, क्या हो ?

  -टिम्मर

### ४.१.७ कार्य व्यापार

शरीरका अङ्गको सञ्चालनबाट कुनै प्रयोजनका लागि गरिने कामकाजलाई कार्य व्यापार भनिन्छ । मान्छेले गर्ने गराउने कार्यलाई विषय वस्तु बनाएर रचिएका गाउँ खाने कथा यस प्रकारमा पर्दछन । जस्तै; कपाल काट्नु, खरानी लगाउनु, डोको बोक्नु, ताल्चा मार्नु, तमाखु खानु, बन्दुक पटकाउनु, हलो जोत्नु आदि ।

- बिन आगो बिन पानी अर्सा हाल्दो, क्या हो ?

  -मौरीको पोला (चाका)

- माल डाङडुङ पर्वत कुलुकुलु, क्या हो ?

  -बन्दुक

- पिऱ्या सिन्को पानी बोक्दो, सिउती सेरो रोप्दो, क्या हो ?

  -सरो (ड्ट्पेनको रिफिल कागजमा लेखेको )

- दश भाइका नाकभरि जुका, क्या हो ?

  -जुत्ताको जुँकी (तुना)

- दुई बल्द घाँस हाल्दा एक पूर्व एक पश्चिम, क्या हो ?

  -उइटो (कपासको विया छुट्याउने)

## ४.२ संरचनाका आधारमा वर्गीकरण

हुम्ला जिल्लामा छोटा एक वाक्यात्मक गाउँ खाने कथादेखि संयुक्त र मिश्र वाक्यात्मक गाउँ खाने कथालाई 'सिल्लक' तथा गीत र कविता जस्ता गाउँ खाने कथालाई 'गौड्यासा' भनिन्छ । संरचनाका आधारमा गाउँ खाने कथाको वर्गीकरण गर्दा गाउँ खाने कथाको बनोट के कसरी रहेको हुन्छ, यसका रूप, लय, शब्द संयोजन तथा भाषिक आधारलाई मूल पक्ष मान्नु पर्ने देखिन्छ । यसका साथै यस्ता कथामा पाइने शब्द संयोजन गद्यात्मकता, शिल्पगत अनुप्रासमुक्त आदि निर्माण तत्वहरूलाई पनि छुट्ट्याउन सकिन्छ । त्यसैले यहाँ गाउँ खाने कथालाई संरचनाका दृष्टिले वर्गीकरण गर्दा युक्तिसङ्गत देखिन्छ ।

### ४.२.१ एक वाक्यात्मक गाउँ खाने कथा

एक वाक्यात्मक गाउँ खाने कथामा सम्पूर्ण वस्तुलाई एउटै वाक्यभित्र टुङ्ग्याउन सकिने खालका गाउँ खाने कथा पर्दछन् । यस्ता गाउँ खाने कथा क्रिया भएका र नभएका गरी दुई समूहमा विभाजित हुन्छन् ।

**(क) क्रिया नभएका एक वाक्यात्मक गाउँ खाने कथा**

यस्ता गाउँ खाने कथा ज्यादै छोटा, रसिला र सरल हुनुका साथै तिनमा वाक्य टुङ्ग्याउने क्रियाको प्रयोग हुदैन । जस्तै;

- लामा लराको फल मिठो

  – माछा

- लुतुड्के पोइ धम्क्याउने जोइ

  – धेलो (ढोका) डुसो

- बत्तिस हाँगाको एउटै पात

  – जिब्रो, दाँत (जिब्या)

- नल रातै फल कालै

  –फापर

) नौ बहिनीको एकै डौठौ

– अमिलो चुक

**(ख) क्रिया भएका एक वाक्यात्मक गाउँ खाने कथा**

यस्ता खाले गाउँ खाने कथाहरूमा एउटै वाक्यभित्र एक वा एक भन्दा बढी क्रियापद हुन्छन् । यस्ता गाउँ खाने कथाको अर्थ लगाउन निकै असजिलो हुन्छ । जस्तै;

) हरियो डौठो ओडी नसक्नु

– आकाश (सरग)

) बिन पानी अर्सा हाल्दो

– मौरीको पोला (चाका)

) मुख नगऱ्या बोल्दो

– दमायो

) मद्दी खाल भैंसो बस्याको

– डाडु

) मोल छ तौल नाई

– टोपी

**४.२.२ अनेक वाक्यात्मक गाउँ खाने कथा**

यस प्रकारका गाउँ खाने कथाहरूमा दुई वा दुई भन्दा बढी वाक्यहरूको संयोजन भएको हुन्छ, जसमा प्रश्नकर्ताले भनेका कुराहरू बढी घुमाउरो हुने तथा अर्थ खोज्न स्रोताको मस्तिष्क बढी खियाउनुपर्ने हुन्छ । जस्तै ;

) हपि मकाम मकाम गर्दो, तल आगो ताप्दो ?

-मकैको रोटी पकाएको

) हौं हौं राजकी हौं, न मुख दन्त न पिठ्युँ रौं ?

-भ्यागुतो

- सल्ला जस्तो एक्लै छौ, धल्ला जस्तो धल्लै छौ, फुल गुराउँसे फुल कबासे क्या हो ?

  -सिम्मल
- मामा गाई सिङ समाई, तव कुकाइ, क्या हो ?

  -जोतारो (जातो)
- बनै काटी बनै कुटी, बनै खाजाबाजा, बजाई गजाई घर ल्याउदा अष्ठमानका राजा ?

  -लुगो

### ४.२.३ गेयात्मक गाउँ खाने कथा

गेयात्मक गाउँ खाने कथालाई हुम्ला जिल्लामा गौड्यासा भन्ने गरिन्छ । यो लयवद्ध स-स्वर गाएर प्रश्नकर्ताले स-स्वर उत्तरको अपेक्षा गर्दछ जसमा उत्तर दिनेले पनि प्रश्नकर्ताकै शैलीमा उत्तर भन्नु पर्ने हुन्छ । यसलाई डेउडाकै रूपमा गाउने भए पनि डेउडा सरल भाषाले व्यक्त गरिन्छ भने गौड्यासा घुमाउरो भाषामा व्यक्त गरिन्छ । जस्तै;

प्रश्नः सुन बुट्टा बरेली बुट्टा, बुट्टामाथि बुट्टा
बाह्र बिस भैसल्लुका,कति कपाल खुट्टा ?

उत्तरः सुन बुट्टा बरेली बुट्टा, बुट्टामाथि बुट्टा
बाह्र बिस भैसल्लुका, सय कपाल खुट्टा ।

प्रश्नः फलाम फुली फल लाग्याँको,ढुङ्गो टुसायाँको
राजा छन् रानीका पेट, राज्य चलायाको ?

उत्तरः लेखको कस्तुरी हो कि , विना बसाँयाको
आजसम्म देखेको छैन, ढुङ्गो टुसाँयाको ।

## ४.३ विशेषताका आधारमा वर्गीकरण

हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथालाई रूपका दृष्टिले पनि विभिन्न भागमा विभाजन गर्न सकिन्छ । जस्तै;

### ४.३.१ सामान्य गाउँ खाने कथा

अनुप्रास, उपमा, प्रश्न आदि नभएका गाउँ खाने कथाहरु यस वर्गमा पर्दछन । जस्तै ;

- एक घाणो दुई राला – गामन, खुट्टा
- आफू नानो पेट कानु – थारिम
- भाइर चाँदी भित्त सुन – अण्डा

### ४.३.२ अनुप्रासयुक्त गाउँ खाने कथा

यस्ता खालका गाउँ खाने कथाहरू अनुप्रास लागेका र श्रुतिमाधुर्य दिने खालका हुन्छन् । जस्तै ;

- खोच्चेर ताउलाको मोच्चेर भात, सोइरी पुछी एकै गाँस – ओखरको दानु
- हुन त राजाकी छोरी हुण्डो पानी पानी, हाड मासी हुँदैन हो कि रगत खाने बानी –जुका

### ४.३.३ उपमामूलक गाउँ खाने कथा

एउटा वस्तुलाई अर्को वस्तुसँग उपमा दिएर अर्कै वस्तुलाई सङ्केत गराउने खालका गाउँ खाने कथालाई उपमामूलक गाउँ खाने कथा भनिन्छ । हुम्ला जिल्लामा रहेका यस्ता गाउँ खाने कथाहरूका नमुनाहरू निम्नानुसार प्रस्तुत गरिएका छन् :

- पिऱ्या सिन्को पानी बोक्दा, सिउती सेरो रोप्दो
  – सरो (रिफिल)
- नान्नानी भाउका टुल्टुला केश, काँ जानी कुशुमा मैतली देश
  – अथन्जालो (माकुरो)
- चरी हाइन उड्दो, भैंसो हाइन वाइ गर्दो
  – पिलेन (चिलगाडी)
- लम्कने बकरीको झम्कने कान, लौ लौ बुढा बल गरी तान्
  – मुला
- ताँ पोरी खोला रुख पनि होला, रुखभरी चल्ला को छोरो हल्ला

– गाँछे (अरिंगाल)

### ४.३.४ प्रश्नात्मक रूपमा गाउँ खाने कथा

हुन त गाउँ खाने कथा सबैमा उत्तरकै अपेक्षा राखिन्छ । तर प्रश्नात्मक गाउँ खाने कथामा के हो, क्या हो भनेर सोझै प्रश्नको रूपमा सोध्ने गरिन्छ । जस्तै ;

- सय जानको एकै आँखो, क्या हो ?

  – बत्ती

- मुख नगऱ्या बोल्दो, क्या हो ?

  – दमायो

- बहङ् बल्द दाइ नसक्नु, क्या हो ?

  – बाघ

- धर्तीमनि गान्ट्या बल्द, क्या हो ? -आलु

# पाँचौ खण्ड

## हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथाको विश्लेषण

हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथाहरूलाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिन्छ । तिनलाई मुख्यतः विषयवस्तु, संरचना, भाषा र मौलिकताका दृष्टिबाट विश्लेषण गर्न सकिन्छ । यहाँका मानिसहरुले गर्ने कृषि कर्म तिनको प्रकृतिसँगको सम्बन्ध, तिनले प्रचलन गर्ने वस्तु, तिनको सामाजिक, संस्कृति र आर्थिक अवस्था आदि विषय यी गाउँ कथाहरुमा भेटिन्छन । यहाँ बोलिने माझाली नेपाली भाषिकाको भेदका साथै यी गाउँ खाने कथाको संरचना र मौलिकता पनि यिनका विश्लेषणका आधारका रूपमा रहेका छन् ।

### ५.१ कृषि कर्मका दृष्टिले विश्लेषण

हुम्ला जिल्ला गाउँ नै गाउँ भरिएको जिल्ला हो । यहाँ कृषि कर्मका रूपमा परम्परागत रूपमा खेतीपाती र पशु पालनलाई लिइन्छ । यस जिल्लाको उत्तरी भाग पशु पालनका लागि उपयुक्त भएकाले यहाँ चौंरी, तोलबिना र भेडा पालन गरिन्छ । उच्च हिमाली पाटनहरू चरनका लागि उपयुक्त हुन्छन् । यस जिल्लाको दक्षिणी भाग खेतिपातीका लागि उर्वर छ । यहाँ जौ, कोदो, काउली, चिनो, धान, मकै, फापर, सिमी र आलु आदिको खेती गरिन्छ । यस जिल्लामा विकासका पूर्वाधारहरूको निर्माण हुन सकेको छैन । मनोरञ्जनका साधन भनेका चाडपर्व, उत्सव, मेला आदि हुन् । यिनै पर्वहरूमा रमाइलो गर्ने साधन देउडा, सिल्लक र गौड्यासाहरू हुन् । फुर्सदको समयमा मेलापात, घाँस दाउरा र गोठाला जाँदा, खेतीपातीको काम गर्दा रमाइलोका लागि सिल्लक (गाउँ खाने कथा) भन्ने चलन रहेको छ । यहाँका अधिकांश मान्छेले गर्ने काम कृषि भएको कारण अन्नवाली भित्र्याउँदा कृषि सम्बन्धी सिल्लक भन्ने गरिन्छ । जस्तै;

- सुन भाइर चाँदी भित्त - धान
- रातो नल कालो फल - फापर

- तल्ली सोलो तेस हपि गोलो, तेइ हपि भ्र्यापभ्र्याप - मूला
- माटामुनि बर्या बल्द - आलु
- खाया पै हुप्प, नखाया स्याप्प - थैली
- खाना खान्या पानी नपिन्या - घुन (किरा)

हुम्ला जिल्लामा पशु पालन व्यवसाय गरिने भएकाले गोठालाहरू रमाइलो तथा समय कटाउनका लागि गाउँ खाने कथा भन्ने सुन्ने गर्दछन् । यस जिल्लाका लेकाली भागहरूमा प्रशस्त घाँस पाइने भएकाले पशु पालनको राम्रो अवस्था छ । भेडा, गाई, भैंसी र घोडा आदि आनन्दसँग चरि रहेका वेला गोठालाहरू जम्मा भई सिल्लक (गाउँ खाने कथा) भन्ने गर्दछन् । गोठालाहरूले खास गरी वन , वनस्पति, जङ्गली जनावर र जङ्गली फलफूल सम्वन्धी गाउँ खाने कथा भनेको पाइन्छ ।

- ताँ पोरि खोला, रुख पनि होला, रुखभरि चल्ला को छोरा हल्ला - गाँछे (अरिङ्गाल)
- मा कप्टिनी छोरी अमृत - अैंसेलु (ऐंसेलु)
- बेहेत्या लौडी टेकी नसक्नु - सर्प (साँप)
- नौ बहिनीको एकै डौंठो - चुख (पदम चाल)
- बर्या बल्द दाइ नसक्नु - बाघ
- भन् खायो भन् मिठो क्या हो - काफल
- काती न कुती कागज बराबर - भुजपात (भोजपत्र)
- खर्र कटुकी भँईमा बटुकी - बन्टा (वाँजको वीउ धुरुरो)

हुम्ला जिल्लामा परम्परागत रूपमा सागपात तथा  तरकारी उत्पादन हुन्छ । समय अनुसार फरक फरक ठाउँमा भिन्न किसिमका तरकारी सागपात उत्पादन हुन्छन् ।

यस्ता तरकारी तथा सागपातहरूमा आलु, चोती, सिमी, फर्सी, लसुन, पिँडालु, काँक्रो आदि रहेका छन् । आफूले उत्पादन गरेका तरकारीका सम्वन्धमा पनि रमाइला गाउँ खाने कथा बनाइएका हुन्छन्। जस्तै;

- भाइर लिपीलापी भित्र चिनाचानी - फर्सी (कदु)
- खोलै खोला मथेडो बेर्याको - लिगुरो -निउँरो)
- नान नानी छोट्टीका पेटभरि कौडा - मच्चा
- खानमा मिठो लाउनमा टीको - काँक्रो
- नान नानी भाउका बार बिस चल्ला - मच्चा
- भैंसो बसेकै गलिउँ चर्न बाइगो - कदु -फर्सी)

यस जिल्लामा परम्परागत रूपमा अन्न पिस्न घट्टमा जाने गर्दछन् । घट्टहरू टाढा भएका र पालो पर्खिन लामो समय लाग्ने हुनाले रमाइलोका लागि घट्टमा जम्मा भएका घट्याराहरू सिल्लक/गौड्यासा भनेर रमाइलो गर्ने गर्दछन् । घट्टमा भएको समयमा घट्ट सम्वन्धी गाउँ खाने कथा भन्ने गरेको पाइन्छ । जस्तै;

- गोठ छाँई लाग्दो पाण घिउ लाग्दो - घट्ट
- औल गणीमाले ध्वाँइच्वाँइ  गर्दो, पानी नपाया च्वाट्टै मर्दो - घट्ट
- खेतका इल्छामै कुकुर छाउरो नाइतो क्या -घट्टको कटकटे

यसरी हेर्दा हुम्ला जिल्लामा कृषि कर्मका दृष्टिले गाउँ खाने कथाको विश्लेषण गर्दा यहाँको सामाजिक अवस्थाको राम्रो चित्रण भएको देखिन्छ । यस जिल्लामा सिल्लक/गौड्यासा (गाउँ खाने कथा) जनताका क्रियाकलापहरूको प्रतीकका रूपमा प्रस्तुत भएका पाइन्छ ।

## ५.२ प्रकृति चित्रणका दृष्टिले विश्लेषण

हुम्ला जिल्ला प्राचीन धार्मिक, ऐतिहासिक र सांस्कृतिक रूपमा पनि धनी छ । प्रकृति निर्मित वस्तुहरूलाई विभिन्न प्रतीक दिएर गाउँ खाने कथाको रचना गरिएको पाइन्छ । लोक जीवनकै सेरोफेरोमा आउने आकाश, धर्ती, पानी, असिना, हिउँ, इन्द्रेणी, हिमाल, पहाड, घाम, खोलानाला र जुन जस्ता प्राकृतिक वस्तुहरू लोक जीवनका एक अर्काका अभिन्न अङ्गका रूपमा रहेको पाइन्छ । हुम्ली लोक जीवनले भोगेका, देखेका र अनुभव गरेका हावापानी, चन्द्रमा, आकाश, नदी, खोलानाला जस्ता वस्तुलाई निम्न लिखित प्रचलित गाउँ खाने कथाले प्रतिनिधित्व गरेका छन् ।

- सर्गको लिस्नु धर्तीको बार, आगाको कलेजो पानीको हाड –कोइला, ठाँडो र इन्दाइनी
- चाइन्या बेला नपाइन्या पाइया बेला नचाइन्या - भुइचालो
- आफू चरो बडो, छाइल नपरो - बयालो (हावा)
- देखादेख हुन्या भेटाभेट नहुन्या - जून, बेल (चन्द्रमा, सूर्य)
- थालभरि रोगणा - सर्गको तारा
- उत्तर ढोका दक्षिण झ्याल माझमा जाँदा गर्नु ख्याल - नदी
- सर्ग रुख पाताल जरा - भुइचालो
- थालभरि रूपयों न बाबु गनि सक्दो न छोरो गनि सक्दो - सर्गका तारा

हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथाले साना ठूला प्रकृति जगत्का कुराहरूलाई अति रोचक ढङ्गले चित्रण गरेको छ । यहाँ हिउँ, घाम, पानी, चन्द्र, सूर्य, इन्द्रेणी, भूकम्प जस्ता प्राकृतिक कुराहरूलाई गाउँ खाने कथामा व्यक्त गरिएको पाइन्छ ।

## ५.३ घरायसी प्रयोजनमा प्रयोग हुने वस्तुहरूका दृष्टिवाट विश्लेषण

हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथामा कतिपय घरायसी प्रयोजनमा आउने हुने वस्तुहरूलाई विषय बनाइ गाउँ खाने कथाको रचना भएको पाइन्छ । ग्रामीण भेगमा

प्रयोग भइरहने ससाना वस्तु गाउँ खाने कथामा प्रतीकका रूपमा प्रस्तुत गरिएका पाइन्छन् । यहाँ युगौंदेखि बसोबास गर्दै आएका लोक समुदायले आफ्नो लोक संस्कृतिलाई छोडेका छैनन् । गाउँघरका यिनै बस्तीमा गाउँ खाने कथाले निरन्तरता पाएको छ । लोक जीवनमा प्रचलित डोको, डालो, हलो, जुँवा, गाग्री, लोटा, चाल्नो, सियो, चर्खा, उइटो, हुक्का, सुल्पा, ठेकी, भाड र ओदान जस्ता वस्तुहरूलाई निम्न लिखित गाउँ खाने कथाले प्रतिनिधित्व गरेका छन्

- आफू नानो खान्छ मानो - सुल्पा
- तिनै भाइको साँझे पथेरो - अदान
- खाडल भित्त जून लागि सेतै - ठेकी
- लेक ध्वाँइच्वाँइ औल गड्याङ गुडुम - हुक्का
- हग्दो कि भट्काउ - चाल्नो (चाल्नी)
- रुदै खादै रुदै खादै - उइटो
- सगै तारा भुइ पथारा - चाल्नो (चाल्ली)
- काठका ताना बाना पसरका डोर, अगेर लाग्या राम चन्द्र पछेर लाग्या चोर
  - हलो, ज्वाँ (जुवाँ), जतेउरा, बल्द र हली

यस जिल्लामा प्रचलित गाउँ खाने कथाले यिनै परम्परागत प्रचलनमा रहेका वस्तुहरूलाई प्रतीकारात्मक अर्थ लाग्ने गरी गाउँ खाने कथामा समेटेका छन् । यहाँ प्रचलित गाउँ खाने कथाले हुम्ली जनताको सामाजिक, सांस्कृतिक र परम्परागत जीवनको चित्रण गरेका छन् ।

## ५.४ सांस्कृतिक-सामाजिक दृष्टिले विश्लेषण

हुम्ली बासी जनताहरू विभिन्न धर्म, संस्कृति, रीतिरिवाज र परम्परा मान्दै आएका छन् । सुख, दुःख, हर्ष, बिस्मातका क्षणमा यहाँको लोक जीवनले लोक संस्कारहरू मनाउँदै आएको पाइन्छ । वार्षिक रूपमै एकपछि अर्को गर्दै चाडपर्व र सांस्कृतिक

मेलापर्वहरू आइ नै रहेका हुन्छन् । दशैंमा टीका र जमरा लगाउने, आशीर्वाद लिने आदि क्रियाकलाप हुन्छन् । यसलाई पनि गाउँ खाने कथाले समेटेको पाइन्छ । जस्तै;

- घरभित्तै छऱ्यो, घरभित्त और्‍यो, क्या हो ? - जमरा
- अल्का भिडउदा भेडा गुरकिया, क्या हो ? - अछेता (टीका)

हुम्ली लोक जीवनमा महत्त्वसाथ मानिदै आएको अर्को चाड तिहार हो । हुम्लामा यस चाडलाई भाइटीका विशेष मानिन्छ । मादलुको घिन्ताङसँगै देउसी भैलो खेलिन्छ । दिदी बहिनीको हातबाट टीका र माला लगाउने चलन छ । साथै भाइहरूलाई बहिनीले जाँड-रक्सी दही दुध खुवाउने र भाइहरूले गच्छे अनुसार दक्षिणा दिने चलन छ । यसै सम्बन्धमा पनि गाउँ खाने कथा भन्ने गरिएको पाइन्छ । जस्तै;

- ढङ्ढङ्या बड्डीका आङ भरी नसा, क्या हो ? - मादल
- खाउ कर्कली पेट फर्कली, नखाउ कर्कली सासू तर्कली, क्या हो ? रक्सी
- गैला खपिल्डा जुन लाग्या, क्या हो ? - ठेकीभरि दही
- डाडैडाडा नौ खापिल्टा, क्या हो ? - बासुल्ली

हुम्ली लोक समाज अझै पनि रुढिवादी अन्धविश्वासमा अडेको छ । त्यसले धामी झाँक्रीमा अझै विश्वास मान्ने गरिएको पाइन्छ । बिरामी भएपछि अस्पताल जानुको साटो गाउँका धामी/झाँक्रीकहाँ गएर उसैबाट उपचार गराउने चलन छ । उनीहरू कामेको दृश्य पनि गाउँ खाने कथामा भनेको पाइन्छ । जस्तै;

- बल्द मऱ्यो कैल उप्री ठोक्न्या ऐल, क्या हो ? - ढ्याङ्ग्रो

हुम्ली लोक जीवनका आफ्नै संस्कृति छन् । मान्छेको जीवनमा देखा पर्ने जन्म, विवाह, मृत्यु आदिमा दमाहा लगायत अन्य बाजा बजाउने चलन छ । बिबाहमा दुलाहा, दुलहीहरूलाई भकारी, डोको, लिउ, पाखी र हसिँया र कोदाली जस्ता सरसामान दिने चलन छ । यस जिल्लामा साउने पूर्णिमालाई धेरै महत्त्वका साथ मनाउने गर्दछन् ।

घरबाट टाटे, चिउला, खिर र आलु पकाएर मेलामा गइ आफन्त संगसंगै बसेर खाने गर्दछन् । यिनीहरूका बारेमा पनि गाउँ खाने कथाले यसरी समेटेको पाइन्छ :

- गनगने बद्दीको आङभरि नसा, क्या हो ? - दमा
- धर्तीमुनि गान्ट्या बल्द, क्या हो ? - आलु
- मुख नगऱ्या बोल्दो, क्या हो ? - दमायो
- बुनै काटी बुनै कुटी बुनै छाजाबाजा पान सय घुगुरा बाज्या उठ्ठै न क्या राजा ?
  - मुर्दा

हुम्ला जिल्लाको उत्तरमा भोटे बस्ती छन् । भोटेको संस्कार अनुसार जुनसुकै देवताको पूजा गर्दा जाँडरक्सी हुनु पर्ने, नत्र देवताको पूजा गर्न नहुने संस्कार छ । जन्म, विवाह र मृत्यु हरेक सस्कारमा रक्सी नभई हुँदैन । त्यसैको प्रभावले गर्दा हुम्लाका अरू क्षेत्रहरूमा पनि भोटे संस्कार प्रचलनमा आएको देखिन्छ । साँझको समयमा पाहुना आउँदा स्वागतको रूपमा जाँडरक्सी नै दिने चलन छ । क्षेत्रीका देउतालाई भने रक्सीजाँडले पूजा गरेको पाइँदैन । भोटे सस्कृतिको प्रभाव अन्य जात जातिमा परेको पाइन्छ तापनि बाहुन क्षेत्रीको घरमा भने पाहुनालाइ मह दही दिएर स्वागत गर्ने चलन छ । मह, जाड रक्सीकै सम्बन्धमा पनि केही गाउँ खाने कथा प्रचलनमा छन् । महत्त्व

- म हगुला गलो पहार, क्या हो ? - मह
- सर्गमा पानी गर्भमा नाली, क्या हो ? - रक्सी पारेको

हुम्ली लोक समाजमा विभिन्न समयमा बनमा गई कन्दकुल र सागपात ल्याएर खाने गरिन्छ । यिनीहरूलाई यहाँका गाउँ खाने कथामा व्यक्त गरेको पाइन्छ :

- खोलैखोला मथेडो बेड्या, क्या हो ? - निगुरो
- जुगा भुइमा छोड्दो आफू रुख चड्दो, क्या हो ? - मगायो
- उठ्यो तिथ्थो झगमग बस्यो तिथ्थो माल
- त्यै तिथ्थो खायो भन्या पाऱ्यो झम्मजाल, क्या हो ? बाँको

हुम्ली लोक जीवनमा रहनसहन, बेशभूषा र खानपान सम्बन्धी गाउँ खाने कथाहरू पनि प्रशस्त मात्रामा पाइन्छन् । गाउँमा हुने न्वारन, पास्नी, बिहे आदिमा गाउँ खाने कथा भन्ने गरेको पाईन्छ । चाडपर्वमा टपरी लगाउने, चामल कुट्ने, पिठो पिस्ने अन्य सामूहिक काम गर्ने सन्दर्भमा यहाँका महिलाहरूले लत्ताकपडा, गरगहना,जुत्ता, चप्पल, भाँडाकुडा र अन्य यस्तै सरसामानलाई प्रतीकात्मक रूपमा अर्थ लाग्ने गरी गाउँ खाने कथा भन्ने गरेको पाइन्छ ।

- कालो खाँदो सेतो फाल्दो, क्या हो ? - कोदो पिसेको
- सेती गाई पानी खान गइ, राती गाई फर्केर आइ, क्या हो ? - चिउला पकाएको
- कोठा उदो मुखै, उबो मुखै, क्या हो ? - घाग्रो (महिलाले लगाउने कपडा गुन्यु)
- कालो लायापन कालै, रातो लायापन कालै, क्या हो ? - छाइल (छायाँ)
- कालो सहरमा एउटा चोर आयो, कानपुरमा पक्डियो,
  हस्तनपुरमा छलफल भइ, नङ्पुरमा मारियो, त्यो क्या हो ? - जुडा (जुम्रा)
- काट्दा सुख हुदो, तान्दा दुख्दो, क्या हो ? - रौं (कपाल)
- कालो पाल्त कुकुर भुक्दो, पुच्छर मेरा हात, क्या हो ? - बन्दुक
- काठ खादो कोइला छेर्दो, क्या हो ? - आगो चुलो
- काठको तुनामुना फलामको स्वर, अघि लाग्या रामचन्द्र पछि लाग्दो चोर, क्या हो
  -गोरु (बल्द) र हली

हुम्ला जिल्लाका विभिन्न धार्मिक क्रियाकलापमा धार्मिक रूपले पवित्र मानिने भोजपत्रको प्रयोग गरिन्छ । त्यस्तै विभिन्न पर्वहरूमा मठ मन्दिरमा लुगो ठड्याउने काम गरिन्छ । यिनीहरूलाई गाँउ खाने कथाको विषय वस्तु बनाएको पाइन्छ । जस्तै ;

- बनै बाटी बनै कुटी बनै खाजाबाजा बजाइ गजाइ घर ल्याउदा अष्टमानका राजा,
  क्या हो ? - लुगो

यसरी हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथाले यस जिल्लाको समाजिक सास्कृतिक पक्षलाई झल्काएको पाइन्छ ।

## ५.५ भाषिक दृष्टिले विश्लेषण

भाषा विचार विनिमयमको माध्यम हो । आफ्ना विचार अरू समक्ष पुऱ्याउन र अरूका विचार थाहा पाउन भरपर्दो माध्यम भाषा हो । गाउँ खाने कथाको प्रश्न र उत्तर भाषाकै माध्यमबाट व्यक्त गरिन्छ । हुम्ला जिल्लामा बढी जसो नेपाली भाषाको माझाली भाषिकाको हुम्ली उपभाषिकाका बक्ताहरू रहेका छन् । यस जिल्लाको उत्तरी भेक तिर भोटबर्मेली भाषा परिवारका बक्ताहरू रहेका छन् । यस उपभाषिकाका शब्दहरूलाई यिनले फरक किसिमले उच्चारण गरेको पाइन्छ । यस भाषिकाका बक्ताहरूमा पनि गाउँ र जातजाति अनुसार एउटै शब्दलाई पनि फरक उच्चारण गरेको पाइन्छ । यस जिल्लामा बोलिने हुम्ली उपभाषिकामा माझाली भाषिकाका अन्य उपभाषिकाहरूको र सुदूर पश्चिमतिर बोलिने भाषिकाहरूको प्रभाव रहेको पाइन्छ । स्तरीय नेपाली भाषाका शब्द र हुम्ली उपभाषिकाका शब्दहरूको उच्चारण निम्नानुसार रहेका छन :

**क**) स्तरीय नेपालीमा हुने समापिका क्रियाको 'छ' हुम्ली उपभाषिकामा प्रयोग नभई 'दो/दा' बाट नै क्रिया टुङ्गिएको पाइन्छ । जस्तै; चर्छ – चर्दो, समाउँछ – समाउँदो आदि ।

- रात चर्दो दिउँस मर्दो – गलिँउ
- भुस लयाउँदा गेडा फालि आउँदा – टिमर
- नाकमा टेक्दो कान समाउँदो – चस्मा

**ख**) स्तरीय नेपाली भाषाको क्रिया 'छैन' लाइ हुम्ली उपभाषिकामा 'नाइ' भनेर उच्चारण गरेको पाइन्छ । जस्तै;

- थुपुक्क थाइ थुपुक्क थाइ हातखुट्टा छन् पुच्छर नाइ – भ्याक्तो
- आगो नाइ मुगो नाइ छापरीभरि रोटा – मौरीका पोला
- मोल छ तौल नाइ – टोपी
- हाँगाको लेखै नाइ पातको एकै नाइ – सिउँड

**ग)** स्तरीय नेपाली भाषामा 'ह' ध्वनिको लोप पछि अघिल्ला द, ब ध्वनिहरू हुम्ली उपभाषिकामा क्रमशः ध, भ मा परिवर्तन हुन्छन् । जस्तै; बाहिर – भाइर, दहिलो – धेलो आदि । तलका गाउँ खाने कथाहरूमा यिनको प्रयोगलाई देख्न सकिन्छ :

- भित्त रानाकोटी भाइर भोटाभोटी – मौरा
- भित्त सुन भाइर चाँदी – अण्डा
- धुक्कु ध्वाँ धेलो काँ – दामहा
- एक खुट्या जोगी धेला नऔडी – छाता

**घ)** नेपाली भाषामा प्रयोग हुने म, तँ , तिमी र तपाई जस्ता सर्वनाम हुम्ली उपभाषिकामा मु, मै, तु, तमी उच्चारण गरिन्छ ।

- मै काटिदो मै मारिदो तमी केलाई रुदाँ –प्याज
- मु भन्ना बन्द हुन्या तु भन्ना आँ हुन्या – मुख

**ङ)** नेपाली स्तरीय भाषामा शब्द मध्य र शब्दान्तमा रहेका 'ए' र 'के' ध्वनि हुम्ली उपभाषिकामा 'या' र 'क्या' उच्चारण गरिन्छन् । जस्तै; नहुने – नहुन्या

- बटुलो चौकी बस्न नहुन्या बस्यो भन्या ज्यानै नरन्या – कुवा
- न खाँदो न पिँदो त्यसै चान्या बल लाउँदो – खाँमो
- च) हुम्ली उपभाषिकाका शब्दहरूमा विर्पयासको प्रवृति पाइन्छ । जस्तै; पातल – पाल्त, बादल – बाल्द र पाल्तो – पातलो आदि ।
- कालो पाल्त कुकुर भुक्दो पुच्छर मेरा हात – बन्दुक
- आफू नाँगो पाल्तो डाँगो – गुनी

## ५.६ मौलिकताका दृष्टिले विश्लेषण

हुम्ला जिल्लामा लोक साहित्यका अनेक विधा प्रचलनमा रहेका स्पष्ट देख्न सकिन्छ । यहाँ लोक साहित्यका सैद्धान्तिक पक्षको ज्ञान कम छ तर व्यावहारिक पक्षमा लोक

साहित्यको ज्ञान बढी नै छ । लोक साहित्यका धेरैजसो अनुरागीहरू यहाँका महिला तथा बुढाबुढीहरू नै हुन् । महिलाहरू प्रायः गरी घरको काम, वनजङ्गल मेलापात, खेतीपातीको काममा फुर्सद भएको बेलामा जमघटलाई मनोरञ्जनपूर्ण बनाई रहेका हुन्छन् । यसरी घरायसी काम गर्दै महिला दिदी बहिनीहरूले भन्ने गाउँ खाने कथा मौलिकताले भरिपूर्ण हुन्छ । त्यस्तै बुढाबुढीहरू जम्मा भएर हुक्का र सुल्पामा तम्बाखु खाँदै सिल्लक भनि रहेका भेटिन्छन् ।

- अध सर्ग नौ रङ्गे माडु, क्या हो ?

  -भाड (चुलोमाथि अन्न सुकाउने ठाँउ)

- अल्का भिड पानीका नाउँला, क्या हो ?

  -आँखा

- आकाश रुख पातल जरा, क्या हो ?

  -भुइँचालो

- आफू राजा खादो खाजा छेर्दा जुत्तालिरी पिठो, क्या हो ?

  -आगो, कोइला, खरानी, दाउरा

- आफू  नानो त्यसमा कानो त्यसकै भरमा घर छोडी जानो, क्या हो ?

  -थारिम (ताल्चा)

- आफू नागो, पाल्दो डाँगो, क्या हो ?

  -गुनी, पाँगर

- आफू त पानी पिन जाँदो, दह उचाई ल्याउदो ?

  -थोल्या

- इन्छु भिन्छु भाइ भिन्छु त्यही छिन्चु छोप्या पछि, पाँच रुपियाँ दिन्छु, क्या हो ?

  -छाइलो (छाया)

- उही डाँडा वारि उही डाँडा पोरि, सिउदिने कोणी, क्या हो ?

  -बाँदे (बोको, खसी) र कोणी (भारी)

- उठ्यो खम्ब खैरी बस्यो कोइऱ्या लाप्चो, क्या हो ?

  -थैलो

- एक सिँगे बल्दको लादी, खान्या कि नखान्या, क्या हो ?

  -जोतारो (जाँतो)

- एक रोटो पन्ध भाइलाई आधा आधा कान्छा भाइलाई एक रोटी, क्या हो ?

  -जुन (चन्द्रमा)

- एकलाई ठिक्क, दुईलाई ठिक्क तिनलाई तानातान चारलाई फालाफाल, क्या हो ?

  -सुल्पा

- एक खुट्टे जोगी फनफन घुम्दो, क्या हो ?

  -लट्टायो

- काठका तानामाना पसरका डोर अघेर लाग्या रामचन्द्र पछेर लाग्या चोर, क्या हो?

  - हलो, जु (जुवाँ) जतेउरा (डोरी), बल्द र हली

- खाया अमृत थुक्या कवास, क्या हो ?

  -उखु

- खाया स्याप्प नखाया हुप्प, क्या हो ?

  -कपाल (कोरे नकोरेको)

- गहना बनाउन नमिल्या सुन, क्या हो ?

  - लसुन

- गाईले हाँड पायो, हाडले बाच्छो पायो, क्या हो ?

  - माउ र अण्डा

हुम्ला जिल्लामा भेडा पालन व्यवसाय बढी मात्रामा हुन्छ । हुम्लीहरु जाडो समयमा भेडाहरू एक वनबाट अर्को बन हुँदै धेरै ठाउँमा चरणको खोजी गर्दै भेडा चराउँदै हुम्ला, बाजुरा, अछाम, दार्चुला तथा बैतडीसम्म पनि पुगेको देखिन्छ । अनि जब गर्मी सुरु हुन्छ, त्यसपछि फेरि आफ्नै घर हुम्लामा पुग्ने गरेको देखिन्छ । यो क्रम

वर्षौंदेखि चल्दै आएको पाइन्छ । यस्तो भेडा पालनमा पुरुषसँगै महिला पनि सँगै गएको देखिन्छ । अहिलेको आधुनिक युगमा पनि प्राकृतिक अवस्था देख्दा कति रमाइलो देखिन्छ । भेडा पालन गर्नेहरूलाई कुन ठाउँको जङ्गलमा के पाइन्छ वा कस्तो घाँस कहाँ पाइन्छ सबै थाहा हुन्छ । जस्तै;

- डाडैडाडा भेडी चर्न्या, क्या हो ? - कौद्याली
- नै बहिनीको एल्कै डौठो, क्या हो ?  - चुक
- मै राम्री मै रुप्स्या मै आया डा मान्नी, क्या हो ? - हिउँ

हुम्ला जिल्लाको ग्रामीण इलाकामा पाहुना आउँदा चिया खुवाएर स्वागत गर्ने चलन छैन, बरु जाँड र रक्सी दिएर स्वागत गर्ने चलन छ । पाहुनालाई दही मह दिएर पनि स्वागत गरिन्छ । घरमा बढी मात्रामा महिला बस्ने हुँदा पाहुनाको सत्कारमा उनीहरू नै बढी हुन्छन् । ग्रामीण इलाकामा बस्ने हुम्ली नारीहरू अल्लो, पुवा, भाग्राको धागो कात्ने र त्यसबाट बनेका अनेक किसिमका सामान बनाउने अनि त्यसको व्यापार गर्ने गर्दछन् । भेडाको उनबाट आकर्षक कम्मल बुन्ने काम गर्दछन् । त्यसैले उनीहरूले यी कुराका वर्णन यहाँका मौलिक गाउँ खाने कथाहरूमा व्यक्त गरेको पाइन्छ ।

## ५.७ आर्थिक दृष्टिले विश्लेषण

हुम्ला जिल्ला क्षेत्रफलका आधारमा कर्णाली अञ्चलको दोस्रो ठुलो जिल्ला र नेपालको पनि  दोस्रो ठुलो जिल्ला हो । यहाँ भूगोल ठुलो भए पनि आबादी कम छ । उच्च पहाड खेती योग्य जमिन कम र उर्वरा शक्ति न्यून भएका कारण यहाँका बासिन्दा लाई जीवन यापन गर्न धौ धौ परेको हुन्छ, तर पनि यहाँको जनताको मुख्य पेसा कृषि नै हो । दिन रात खेतीपाती गाईवस्तु र बनजङ्गलमा गई जडीबुटी खोजी त्यसबाट आर्जित धन पैसाले खाद्यवस्तु खरिद गरी जीवन गुजारा गर्दै आएका छन् । यहाँका जनता भारत मा गई श्रम गरेर लुगाफाटो लिएर आउँछन् र यहाँको आर्थिक अवस्था दयनीय छ । समानहरू महंगो मूल्यमा खरिद गर्नु पर्ने र त्यो पनि पर्याप्त मात्रामा नपाइने भएकाले अन्न बालीको अभावका कारण यहाँका बाल बालिकाहरू कुपोषणका सिकार भएका

हुन्छन् । उच्च पहाडी भूभाग भएको र पर्याप्त ओढ्ने ओछ्याउने कपडा नभएको कारण आगाको वरिपरि बसी जीवनका दुःखपिडा, हाँसोखुसी र आर्थिक अवस्थालाई गाउँ खाने कथाका माध्यमबाट अभिव्यक्त गर्ने गर्दछन् । यहाँका बासिन्दाहरूले सागपातका रूपमा उपभोग गर्ने आलु, पिडाँलु, सिस्नो र बाँकु जस्ता वस्तुहरूलाई गाउँ खाने कथामा समेटेको पाइन्छ । जस्तै;

- वरपर खोर माझ सतुवा बोट, क्या हो ? - आगो
- माटाभित्त ठोसे आँगुला, क्या हो ? - भट्टिउला
- नाननानो रुख उल्कन दुःख, क्या हो ? - सिस्नो

यस जिल्लामा कृषिपछि दोस्रो व्यावसायको रूपमा भेडा पालन अपनाएको देखिन्छ । यो व्यावसायले यहँको आर्थिक अवस्थालाई टेवा दिएको छ । हुम्लीहरू भेडाबाख्राबाट स्थानीय उत्पादित वस्तु बेच्न तथा धानगहुसँग नुन सिमी साट्न टाढासम्म पुगेका हुन्छन् । त्यस्तै भेडाबाख्राको उनबाट राडीपाखी बनाएर बेच्ने गर्दछन् । यिनै वस्तुलाई आधार मानी गाउँ खाने कथाको निर्माण यसरी गरिएका छन् :

- पकाउदा नपाक्दो पोल्या पोलिदो - उन
- रुदै खादै धुदै खादै क्या हो ?- उइटो

उइ डाडा वरि उइ डाडा पोरि भिमल साइको लिउ लाप्चो ओडी - लुकाल

यस जिल्लामा उद्योग धन्दा तथा कलकारखाना नभएकाले आर्थिक अवस्था राम्रो छैन तथापि गुजारा चलाउन भेडाबाख्राको उनबाट निर्मित सामानको बिक्री, जडीबुटीको बिक्री स्थानीय सिमी, ओखरले पनि बिस्तारै बजारसम्म पहुँच बढाउँदैछ । यहाँको ग्रामीण भेकमा आर्थिक कारोबार कम हुने भएकाले आर्थिक सम्बन्धी गाउँ खाने कथा कमै प्रचलनमा छन् । यहाँ प्रचलनमा रहेका गाउँ खाने कथाका नमुना निम्नानुसार छन् :

- नाक मेरा नथनीय पिठ्यु मेरा घाउ,
  यै सिलक नराया पइ कुकुर काटी खाउ, क्या हो ? - तुलो
- अठन्नी चवन्नी नौ तिन रुपयो पुऱ्याउ लौ - छ चवन्नी तिन अठन्नी

) हिलो लाग्या कुइजा पानी पऱ्या पखालिजा,

झैपड्या झगडा पड्या कचहरी तोइ जा -रुपयो पैसो

## ५.८ संरचनाका दृष्टिले विश्लेषण

हुम्ली समाजमा प्रचलित रहेका गाउँ खाने कथालाई वाक्य संरचनाका दृष्टिबाट विश्लेषण गर्दा बढी बैज्ञानिक र व्यवहारिक हुन्छ । ग्रामीण लोक जीवनमा बसोबास गर्ने मान्छेहरू आफ्ना भावना अरु समक्ष पुऱ्याउन विचार विनिमयको माध्यम भाषा नै हो । अशिक्षित मानिसले प्रयोग गर्ने भाषा र शिक्षित मानिसहरूले प्रयोग गर्ने भाषामा फरक देखिन्छ । वाक्य कसरी निर्माण हुन्छ भन्ने बारेमा अशिक्षित ग्रामीण मानिसहरूलाई थाहा नभए पनि भाषा आदान प्रदान गरिरहँदा उसले बालक कालदेखि दैनिक व्यवहारमा प्रयोग गरेर नै वाक्य संरचनाका स्तरमा बोलिरहेको देखिन्छ । वाक्यको बनावट वा संरचना तिन प्रकारका हुन्छन् । ती हुन सरल वाक्य, संयुक्त वाक्य र मिश्र वाक्य । यी वाक्यहरूका आधारमा हुम्लामा चलन चल्तीमा देखापरेका गाउँ खाने कथाको विश्लेषण गरिन्छ ।

### क) सरल वाक्यात्मक गाउँ खाने कथा

हुम्ला जिल्लामा बसोबास गर्ने अधिकांश जनताहरूले ग्रामीण भूभागमा बसोबास गरेको पाइन्छ । ग्रामीण भागमा बसेका मानिसहरूले सरल वाक्यमा गाउँ खाने कथा भन्ने गरेको पाइन्छ । सरल वाक्य धेरै साधारण वाक्य हो । सरल वाक्यलाई आधारभूत वाक्यका रूपमा लिन सकिन्छ । यसको संरचनामा उद्देश्य र विधेय हुन आवश्यक हुन्छ । यस्ता वाक्यहरूमा देखा परेको उद्देश्य र विधेय कतै पूरै देखापर्छ त कतै आंशिक रूपमा देखा पर्छ । कतै आंशिक रूपमा देखा नपरे पनि लुकेको हुन्छ । सरल वाक्यमा रहेका गाउँ खाने कथाहरूमा केही उदाहरण हेरौं ।

लुथुड्के पोइ धम्काउने जोइ  - धेलो र डुसो

बिन पानी अर्सा हाल्दो - डाडु

यी गाउँ खाने कथा सरल वाक्यमा छन् । एउटा मात्र उपवाक्य छ । उद्देश्य र विधेय हुँदैनन् र अर्थ बोध भने भइराखेको हुन्छ ।

हुम्ली लोक जीवनमा प्रचलनमा रहेका गाउँ खाने कथाहरूमा तीनवटा उपवाक्य भएका गाउँ खाने कथाहरू पनि छन् । यस्ता वाक्यमा रहेका गाउँ खाने कथाहरू परस्पर स्वतन्त्र हुन्छ ।

- मै काटिदो, मै मारिदो, तमी क्यालाई रुदाँ - प्याज

माथिका सरल वाक्यका उदाहरणमा उद्देश्य र विधेय नदेखिए पनि अर्थ भने स्पष्ट देखिन्छ ।

**ख) संयुक्त वाक्यात्मक गाउँ खाने कथा**

हुम्ला जिल्लामा चलन चल्तीमा रहेका गाउँ खाने कथाहरूमा संयुक्त वाक्यात्मक गाउँ खाने कथाहरू पनि रहेका छन् । सरल वाक्यात्मक गाउँ खाने कथा भन्दा संयुक्त वाक्यात्मक गाउँ खाने कथा अलि जटिल प्रकारको हुन्छ । यसको संरचनामा परस्पर स्वतन्त्र उपवाक्य रहेका हुन्छन् । यस्तो उपवाक्याहरूलाई कि, किन, भने, किनकि र तर, तापनि जस्ता निरपेक्ष संयोजकले जोडेको हुन्छ । यस्ता संयोजक नआएमा दुई वाक्यलाई यस्ता सरल वाक्यका केही उदाहरण अल्पविरामले जोड्ने काम गर्दछ । हुम्ला जिल्लामा प्रचलित संयुक्त वाक्यात्मक गाउँ खाने कथाका केही उदाहरण प्रस्तुत छन् :

- म भन्दा बन्द हुन्या तर तँ भन्दा आँ हुन्या, क्या हो ? - मुख
- काठका तुनामुना फलामको स्वर,
  अघि लागे राम चन्द्र पछि लाग्दो चोर, क्या हो ? - गोरु र हली

**ग) मिश्र वाक्यात्मक गाउँ खाने कथा**

मिश्र वाक्यात्मक ढाँचाका गाउँ खाने कथामा एउटा स्वतन्त्र उपवाक्य हुन्छ भने अरु उपवाक्यहरू त्यसकै आश्रित भएर आएका हुन्छन् । मिश्र वाक्यात्मक गाउँ खाने कथालाई जोड्ने सापेक्ष संयोजकहरूमा जहाँ, त्यही, जुन, यही, भनी, भन्दै, कि, किनभने आदि हुन् । मिश्र वाक्यात्मक गाउँ खाने कथाका केही उदाहरण तल प्रस्तुत छन् :

- नाक मेरा नथनिया पिठ्यु मेरा घाउ,
  त्यही सिलक नराया कुकुर काटि खाउ, क्या हो ? – तुलो
- भाइर फेरे वही भित्त हेऱ्या,
  त्यही भित्त रौतेलो त्यही भित्त कौतेलो, क्या हो ? – ढँटेलो

# छैटौ खण्ड

## निष्कर्ष

लोक साहित्यका विभिन्न विधाहरू मध्ये गाउँ खाने कथा पनि एउटा महत्त्वपूर्ण विधा हो । यस विधाको जन्म र विकास मानव सभ्यताको विकाससँगै भएको मान्न सकिन्छ । संस्कृत साहित्यमा प्रहेलीका रूपमा प्रयोग हुँदै आएको गाउँ खाने कथाको प्रयोग प्राचीनकाल देखि भएको पाइन्छ । मानिसले आफूले भन्न चाहेको कुरा सिधै भन्न नसकेर घुमाउरो पारामा कुनै चीजको उपमा प्रयोग गर्दै भन्दै जाँदा गाउँ खाने कथा प्रचलनमा आएको देखिन्छ । गाउँ खाने कथाले लोक समुदायको दुःखसुख, पीर व्यथा, हर्ष आदिलाई राम्ररी झल्काउँदै मनोरञ्जनका साथै बौद्धिकताको पनि परीक्षण गर्दछ । अशिक्षित लोक समुदायलाई बौद्धिक चातुर्यता प्रदान गर्दै बोधो मस्तिष्कलाई तिखार्ने काममा गाउँ खाने कथा सहयोगी बनेको देखिन्छ । गाउँ खाने कथामा सकेसम्म आफ्नै बुद्धिको प्रयोग गरी उत्तर दिने र नसकेमा नाम मात्राको गाउँ दिएर पनि उत्तर पाउन सकिन्छ, त्यसैले यो लोक समुदायको हाजिरी जवाफ प्रतियोगिता हो । जतिपटक सुने पनि दिक्क नलाग्ने वरु झन आनन्द थपिने यो अत्यन्तै लोकप्रिय विधा हो ।

गाउँ खाने कथालाई विभिन्न ठाउँ र भाषा अनुसार फरक-फरक नामबाट चिने गरिन्छ । क्षेत्र बिशेष कतै अड्को, भ्याँगा, झिट्टा वा गौडे गीत, घाउटा, कुटपद्य वा कुटसिलोक आदि नामले चिन्ने गरिए तापनि हुम्ला जिल्लामा सिलक/गौड्यासाका रूपमा यसलाई चिन्ने गरिन्छ । वास्तवमा गाउँ खाने कथा लोकोक्ति हो । हाम्रा पूर्खाहरूको खारिएका अनुभव, तिखारिएका भावनाहरू र माझ्झीएका अनुभूतिहरू समेटिएका हुन्छन् । लोकले अनुभव गरेको अनुभूतिहरूलाई मीठो र रसिलो भाषामा मिलाएर प्रतीकात्मक शैलीमा बौद्धिकतालाई प्रयोग गरेको हुन्छ ।

हुम्ला नेपाल अधिराज्यको मध्य पश्चिमाञ्चल विकास क्षेत्र र कर्णाली अञ्चलको एक हिमाली जिल्ला हो । यो जिल्ला प्राचीन कालदेखि राजनैतिक, धार्मिक तथा लोक साहित्यको हिसावबाट पनि चर्चित छ । यहाँका अधिकांश जनता कृषिमा निर्भर छन् । यो जिल्ला सत्ताइस गाउँ विकास समिति, नौ इलाका र एउटा निर्वाचन क्षेत्रमा विभाजन

भएको छ । यस जिल्ला भित्र क्षेत्री, बाहुन, तामाङ, भोटे र दलितको बस्ती रहेको छ । यहाँ नेपाली भाषाको माझाली भाषिका अन्तर्गत हुम्ली उपभाषिकाका वक्ताहरू र चिनिया-तिब्बती भाषा परिवार अन्तर्गत पर्ने भोटे भाषाका वक्ताहरू पनि रहेका छन् । हुम्ली उपभाषिका र भोटे भाषामा प्रत्येक ठाउँ अनुसार  फरक रहेको पाइन्छ । यिनै जातजाति र भाषाभाषीहरूको साझा फूलबारीको रूपमा रहेको यो जिल्लाको सम्पत्तिको रूपमा यहाँ प्रयोग हुने गाउँ खाने कथालाई लिन सकिन्छ । लोक जीवनको अनुहारको विवशता र वास्तविकतालाई खोतलेर व्यक्त हुने यस्ता गाउँ खाने कथाले यहाँको आर्थिक, सामाजिक र सास्कृतिक चित्रलाई राम्ररी प्रतिबिम्ब गरेको छ । फुर्सदको क्षणमा बनमा गाई बाख्रा, भेडा चराउँदै शितलमा बसेर गोठालाहरू एक ठाउँमा जम्मा भएर गाउँ खाने कथा भनेर समय बिताउँछन् । साँझमा केटाकेटी, युवायुवती, बुढाबुढी जम्मा भएर गाउँ खाने कथा भन्ने चलन अझै पनि छ । यहाँका मेला पर्व र उत्सवहरुमा युवायुवतीहरु त हाजिरी जवाफको रूपमा कविता तथा गीतको लयमा भाका हालेर गाउने गरेको पाइन्छ ।

हुम्ला जिल्लामा प्रचलित गाउँ खाने कथालाई विषयवस्तु, संरचना र विशेषताका आधारमा वर्गीकरण गरेर हेरिएको छ । यी आधारहरू मध्ये सबैभन्दा वैज्ञानिक र व्यवहारिक आधार विषयवस्तुको आधारमा गरिएको वर्गीकरणलाई लिन सकिन्छ । यस आधारमा घरेलुजीवन, शरीरका अंग, कृषि व्यवसाय, प्रकृति, जीव, उब्जनी र कार्यव्यापार आदिलाई प्रतीकात्मक रूपमा छर्लङ्ग पारिएको छ । यसरी कुनै पनि गाउँ खाने कथा एउटा न एउटा विषयसँग सम्बन्धित भएको हुँदा विषयगत वर्गीकरण नै बढी व्यवहारिक भएको छ । यी गाउँ खाने कथाहरूमा हुम्लीहरूको व्यक्तिगत स्थिति, मानवीय संवेदना, आर्थिक स्थिति, सांस्कृतिक सामाजिक, मौलिक, भाषिक अवस्थालाई उजागर गरिएको छ ।


# परिशिष्ट

१ सङ्कलित गाउँ खाने कथामा प्रयोग भएका हुम्ली उपभाषिकाका केही मौलिक शब्द र तिनको अर्थ ।

| **मौलिक शब्द** | **नेपाली अर्थ** |
|---|---|
| सर्ग | आकाश |
| माडु | मन्दिर |
| नाउला | कुवा |
| अल्का | अग्ला |
| छकालै | बिहानै |
| थारिम | ताल्चा |
| कोणी | भारी |
| बादे | खसी |
| धेला | ढोका |
| नाइतो | नाच्छ |
| गाँछे | अरिङ्गाल |
| कुड्मिलो | छेस्किनी |
| डौठो | काण्ड |
| अथन्जालो | माकुरो |
| मच्चा | खुर्सानी |
| हण | शरीर |
| छिया | थिए |
| चिउला | रोटी, पुरी |
| हुण्डो | हिड्छ |
| छोड | छेउ |

| | |
|---|---|
| भाउ | सानालाई माया गरी बोलाउने शब्द |
| भैसल्लु | भैसीहरू |
| चिनु | एक प्रकारको अन्न |

# २. हुम्ला जिल्लाको नक्शा



## ३ सहयोगी सूची

| क्र.सं. | नाम | पेशा |
|---|---|---|
| १. | कविराज ढकाल | शिक्षक |
| २. | गगन बहादुर रोकाया | शिक्षक |
| ३. | देवी बहादुर बैजी | शिक्षक |
| ४. | सुमन आर. सि. | शिक्षक |
| ५. | मान सिंह बैजी | समाजसेवी |
| ६. | सन्तोष बुढा | विद्यार्थी |
| ७. | परि सिंह | कृषक |
| ८. | हर्के रावत | समाजसेवी |
| ९. | मान सिंह रोकाय | समाजसेवी |
| १०. | रघे सार्की | कृषक |
| ११. | कले आर्बे | कृषक |
| १२. | बिमा शाही | राजनैतिक कार्यकर्ता |
| १३. | असौजे दमाइ | सुचीकार |
| १४. | रामु बुढाथोकी | कृषक |
| १५. | कर्ण स्यांकु | समाजसेवी |
| १६. | कर्ण  प्रसाद जैसी | राजनैतिक कार्यकर्ता |
| १७. | सविता पौड्याल | समाजसेवी |

# सन्दर्भग्रन्थ सूची


गिरी, जीवेन्द्र देव र पराजुली, मोतिलाल (२०६८) **नेपाली लोक साहित्यको रूपरेखा,** काठमाण्डौं : साझा प्रकाशन ।

गिरी, जीवेन्द्र देव (२०५७ ) **लोक साहित्यको अवलोकन,** काठमाण्डौं : एकता प्रकाशन ।

थापा, धर्मराज (२०६२) **मेरो नेपाल भ्रमण,** काठमाण्डौं : साझा प्रकाशन ।

दिवस, तुलसी (२०३२) **नेपाली लोक संस्कृति,** काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

देवकोटा, रत्नाकर (२०२७) **जुम्लेली शब्द र उखान संग्रह, जुम्ला** ।

नेपाल, 'यात्री' पूर्ण प्रकाश (२०४१) **भेरी लोक साहित्य,** काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पराजुली, कृष्ण प्रसाद (२०३९) **नेपाली उखान र गाउँ खाने कथा,** काठमाण्डौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, हुमाकान्त (२०५८) **हुम्लाको लोक साहित्य,** पोखरा : सुदिप अफसेट प्रेस ।

पोखरेल, बालकृष्ण (२०२०) **पाँच सय वर्ष**, ललितपुर : जगदम्बा प्रकासन ।

बन्धु, चूडामणी (२०२८) **कर्णाली लोक संस्कृति भाषा,** काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

रिमाल, प्रदिप (२०२८) **कर्णाली लोक संस्कृति खण्ड ५,** काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

लामिछाने, कपिलदेव (२०६६) **गाउँ खाने कथाको सङ्कलन र विश्लेषण,** पिएच्.डी , शोधपत्र ।

सिंह, स्थिर जंग बहादुर (२०२८) **कर्णाली लोक संस्कृति खण्ड -२,** काठमाण्डौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।